३७ औं

# वार्षिक प्रगति प्रतिवेदन

२०८०/८१



## नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

## NAWAKANTIPUR

**Saving and Credit Co-operative Society Ltd.**

“सहकारीको विकाससँगै सामाजिक विकासमा समर्पित”

# सञ्चालक समिति



शिव प्रसाद सिटौला
अध्यक्ष



मुकुन्द राज पाण्डे
उपाध्यक्ष



खिलानाथ घिमिरे
सचिव



सविना ढकाल
कोषाध्यक्ष



बद्री सेढाईं
सदस्य



जानुका कँडेल
सदस्य



निर्मला सेढाईं
सदस्य

# लेखा सुपरिवेक्षण समिति



साईमन महर्जन
संयोजक



निर्मला खरेल
सदस्य



निहारिका पौडेल
सदस्य

# कानुनी सल्लाहकार



राजेन्द्र प्रसाद सेंढाई
कानुनी सल्लाहकार

# ऋण उप-समिति



विमला देवी सिटौला (पाण्डे)
संयोजक



देवेन्द्र भण्डारी
सदस्य



सरस्वती तामाङ
सदस्य

# परिचय



नेपाल सरकारले जनसमक्ष ल्याएको सहकारी अभियानलाई मुर्त रूप दिन र सदस्यहरूलाई बचत गर्ने बानी बसाली संकलित पूँजिबाट नेपाल सरकारको उदार र खुला आर्थिक नीतिका कारण बढ्दै गएको औद्योगिक विकासमा सहकारी क्षेत्रको सहभागिता मार्फत टेवा पुऱ्याउने उद्देश्यबाट अभिप्रेरित भई यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. तत्कालिन सहकारी ऐन, २०४८ बमोजिम २०५४ साल भाद्र २४ गते सहकारी विभाग, डिभिजन सहकारी कार्यालय काठमाडौ (हाल वागमति प्रदेश, भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हेटौडा), नेपालमा दर्ता नम्बर २५९/०५४ मा दर्ता भई कार्य गरिरहेको छ । वि. सं २०५४ साल आश्विन ७ गते देखि सदस्य महानुभावहरू माझ सेवा पुऱ्याउँदै आएको यस संस्थाले हाल काठमाडौ, भक्तपुर, ललितपुर जिल्ला भर र काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालीका क्षेत्रभर कार्यक्षेत्र कायम गरेको छ । संस्थाबाट सदस्यहरूलाई बचत तथा ऋणका अतिरिक्त विभिन्न विप्रेषण कम्पनीहरूसँगको सहकार्यमा आन्तरिक तथा बाह्य रेमिटेन्स सेवा, विभिन्न जीवन तथा निर्जीवन बीमा कम्पनीको अभिकर्ता सेवा, संस्थाको आफ्नै मोवाइल एप्स Nawakantipur Smart App मार्फत मोवाइल Top-up, ई-सेवा लोड, विभिन्न मर्चेन्ट पेमेन्ट सुविधा, एअरलाइन्स टिकेटिङ्ग सुविधा, फन्ड ट्रान्सफर सुविधा लगायतका सुविधा प्रदान गर्नुका साथै संस्थाका सदस्यहरूलाई जुनसुकै समयमा रकम झिक्ने सुविधाको लागि SCT Network सँगको सहकार्यमा Nawakantipur Debit Card को समेत व्यवस्था गरिएको छ ।



# विषय सूची





| | |
|---|---|
| साधारण सभा सम्बन्धी सूचना | २ |
| सञ्चालक समितिको प्रतिवेदन | ३ |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | २५ |
| लेखापरिक्षकको प्रतिवेदन | २७ |
| वित्तीय अवस्थाको विवरण | ३१ |
| नाफा नोक्सान विवरण | ३२ |
| नगद प्रवाह विवरण | ३४ |
| ईक्वीटीमा भएको परिवर्तनको विवरण | ३५ |
| वित्तिय विवरणसँग सम्बन्धित अनुसूचिहरू | ३६ |
| वित्तीय विवरणको मिलान | ६० |
| नाफा नोक्सान विवरणको मिलान | ६२ |
| नगद प्रवाह विवरणको मिलान | ६३ |
| इक्वीटिमा भएको परिवर्तनको विवरणको मिलान | ६३ |
| प्रमुख लेखा निति तथा लेखा टिप्पणीहरू | ६४ |
| ५ आ.व.को विवरण | ७८ |
| संस्थाका आर्थिक झलकहरू | ८१ |

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
NAWAKANTIPUR
Saving and Credit Co-operative Society Ltd.
प्रधान कार्यालय: बत्तिसपुतली, काठमाडौं, फोन: ४५९८८०१, ४५६२०५८
शाखा कार्यालय: इन्द्रचोक, काठमाडौं, फोन: ५३२३१४१, ५३४८९०६
www.nawakantipur.com.np info@nawakantipur.com.np

# २७औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/१०

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यस संस्थाको मिति २०८१/०८/०९ गते आईतबार बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको २७औं वार्षिक साधारणसभा तपसीलमा उल्लेखित प्रस्तावहरुमा छलफल गरि निर्णय पारित गर्नका लागि निम्न मिति, स्थान र समयमा आयोजना हुने भएकोले संस्थाका सम्पूर्ण सदस्य महानुभावहरुलाई सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभामा छलफलका विषयहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.व. २०८०/०८१ को लेखापरिक्षकबाट प्रस्तुत हुने वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. संचालक समितिबाट आ.व. २०८०/०८१ को बिभिन्न मितिमा भएका निर्णयहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. आ.व. २०८०/०८१ को मुनाफाबाट सञ्चालक समितिबाट प्रस्तावित शेयर लाभांश वितरण सम्बन्धमा ।
७. आ.व. २०८०/०८१ को संरक्षित पूँजि फिर्ता कोष वितरण सम्बन्धमा ।
८. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम एवं बजेट उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा प्रमुख कार्यकारी अधिकृत को भत्ता, सेवा सुविधा तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
१०. संस्थाको आन्तरिक निती तथा कार्यविधी पारित गर्ने सम्बन्धमा ।
११. साधारण सभाको एकाई बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधीहरुको चयन गर्ने एवं एकाई प्रतिनिधीहरुको सभामा निर्णय प्रमाणित गर्ने प्रतिनिधीहरुको चयन गर्ने सम्बन्धमा ।
१२. संस्था एकिकरण सम्बन्धमा ।
१३. संस्थाको भवन निर्माण सम्बन्धमा ।
१४. विविध ।

**सभा हुने मिति, स्थान र समय :**

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०८१/०९/१० | १ | भक्तपुर र ललितपुर जिल्लाभर, काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, र ३२ तथा नागार्जुन, चन्द्रागिरी, किर्तिपुर, दक्षिणकालि नगरपालिका क्षेत्रभरका सदस्यहरु | दिउँसो ३:०० बजे | न्हूजा पार्टी भेन्यु, बागबजार, काठमाण्डौ |
| २०८१/०९/१३ | २ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं २, ३, ४, ५, ६, ७, ८, ९,तथा तारकेश्वर, टोखा, बुढानिलकण्ठ, शंखरापुर, गोकर्णेश्वर, कागेश्वरी मनहरा नगरपालिका क्षेत्रभरका सदस्यहरु | दिउँसो ३:०० बजे | स्मार्ट दरबार पार्टि प्यालेस, महाराजगञ्ज, शंखपार्क, काठमाण्डौ |

**द्रष्टव्य:** साथै साधारण सभा सम्बन्धि सूचना कार्यालयको सूचना पाटी, संस्थाको आधिकारीक फेसबुक पेज तथा वेभसाईटमा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**२७औं वार्षिक साधारणसभा सम्बन्धि अन्य जानकारी**

१. संस्थाको डिजिटल वार्षिक प्रगती प्रतिवेदन सदस्य महानुभावहरुको आधिकारीक मोवाईल नं. मा एस एम एस मार्फत पठाईनेछ । साथै ईकाई बैठकमा रहनुहुने सदस्यहरुलाई साधारण सभा अगावै एस एम एस मार्फत समेत सूचना प्रदान गरिनेछ ।
२. साधारणसभाको प्रत्यक्ष प्रसारण संस्थाको आधिकारीक सामाजिक सञ्जाल फेसबुक पेज (www.facebook.com/NawakantipurLTD) मार्फत गरिनेछ ।
३. साधारणसभाको कार्यसूची एवं आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन संस्थाको वेभसाईट www.nawakantipur.com.np मा हेर्न तथा Download गर्न तथा संस्थाको कार्यालय वा आधिकारीक प्रतिनिधी मार्फत प्राप्त गर्न सकिने व्यवस्था गरिनेछ ।
४. साधारणसभाको एकाई बैठकका प्रतिनिधीहरुको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय) २०८१ पौष २० गते शनिबार दिउँसो ३:०० बजे धुम्बराह पार्टी भेन्यु, धुम्बाराही, काठमाण्डौमा हुनेछ ।

संचालक समितिको आज्ञाले
सिलानाथ घिमिरे
सचिव



# २७औं बार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०८०/८१

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले प्रथमपटक एकाईगत रूपमा आयोजना गरेको २७औं बार्षिक साधारणसभामा संस्थाको निमन्त्रणा लाई सहर्ष स्विकार गर्दै पाल्नुभएका प्रमुख अतिथीज्यू, विशेष अतिथीज्यूहरू, अतिथीज्यूहरू, नियमनकारी निकायबाट पाल्नुभएका प्रतिनिधीज्यूहरू तथा पर्यवेक्षकज्यूहरू, सञ्चारकर्मी महानुभावहरू, आदरणीय शेयरसदस्य महानुभावहरू, संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य ज्यूहरू, ऋण उपसमितिका संयोजक तथा सदस्य ज्यूहरू, कानूनी सल्लाहकार ज्यू, संस्थामा आबद्ध सबै तहका कर्मचारीहरू साथै संस्थाको आधिकारिक फेसबुक पेजमार्फत यस गरीमामय सभामा जोडिनुभएका सम्पूर्ण महानुभावहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दै यस गरीमामय सभामा संस्थाको सञ्चालक समितिको अध्यक्षको हैसियतमा संस्थाको २७औं बार्षिक प्रगती प्रतिवेदन २०८०/८१ यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित् र गौरवान्वित भएको छु ।

हामी सबै सदस्यहरू मिलेर आफ्नो वित्तीय आवश्यकतालाई पुरा गर्ने सामुहिक उद्धेश्यले आजभन्दा २७ बर्ष अघि अर्थात् २०५४ साल भाद्र २४ गते विधिवत् दर्ता भई २०५४ साल आश्विन ७ गते देखि आफ्नो औपचारिक कारोवार आरम्भ गरेको यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले यस अवधिमा विभिन्न आरोह अबरोह र विभिन्न चुनौतिपूर्ण परिस्थितिहरूको सामना गर्दै अघि बढिरहेको ब्यहोरा यहाँहरू सबैलाई विदितै छ । विभिन्न प्रतिकुलताहरूको बाबजुद पनि यस संस्थाले सबै सरोकारवालाहरूको चासोलाई सम्बोधन गर्दै आफ्ना सदस्यहरूलाई उत्कृष्ट सेवा प्रदान गर्दै आईरहेको कुरा यहाँहरू सबैले आत्मसाथ गरिरहनुभएको छ भन्ने हामीलाई लागेको छ । संघीय व्यवस्था अनुसार हाल वागमति प्रदेशको भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वागमति प्रदेश सहकारी विभाग, हेटौंडा, नेपालमा दर्ता कायम रहेको यस संस्थाको कार्यक्षेत्र हाल काठमाण्डौं, भक्तपुर, ललितपुर जिल्लाभर र काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका क्षेत्रभर रहेको छ । संस्थाले हाल केन्द्रिय कार्यालय बत्तिसपुतली र शाखा कार्यालय ईन्द्रचोक, काठमाण्डौ बाट सदस्यहरूलाई सेवा प्रदान गर्दै आईरहेको छ । साथै ललितपुर जिल्लाको ईमाडोल तथा भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका मा सदस्य सूविधा केन्द्र स्थापनाको लागि स्विकृत प्राप्त भएकोमा परिस्थितिको अनुकुलतामा उक्त योजना कार्यान्वयन तर्फ अघि बढाईने व्यहोरा यस सम्मानित सभासमक्ष जानकारी गराउँन चाहन्छु । सदस्यहरूको वित्तीय आवश्यकता अनुसार सर्वसुलभ, स्तरीय र आधुनिक प्रविधी मार्फत सहकारी अभियानमा सामेल गराई दिगो विकास मार्फत आफ्ना सदस्यहरूलाई सबल बनाउँन क्रियाशील रहेको यस संस्थाले विभिन्न चुनौतिपूर्ण परिस्थितिहरूमा पनि अविचलित रूपमा यहाँहरूमाफ सेवा प्रदान गरिरहेको व्यहोरा यहाँहरू सबैमा विदितै छ । नियामक निकायबाट समय समयमा भएका सघन अनुगमनबाट प्राप्त निर्देशनहरूको परिपालना गर्दै सहकारीका स्थापित मूल्य, मान्यता तथा सिद्धान्तलाई अबलम्बन गरि सदस्यमैत्री तथा विश्वसनीय सेवा मार्फत संस्थालाई सम्पूर्ण सदस्यहरूको साझा चौतारीको रूपमा विकास गर्न सञ्चालक समितिमा रहनुभएका सवै सदस्यहरू, लेखा सूपरिवेक्षण समिति, ऋण उपसमिति तथा संस्थामा आबद्ध कर्मचारीहरू अहोरात्र खटिईरहनुभएको ब्यहोरा समेत म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु । **"सबैका लागि एक र एकका लागि सबै"** भन्ने दर्शन बाट ओतप्रोत भई सामुहिकतामा आधारित भई समुहमा आबद्ध सदस्यहरूको हितको निमित्त गुठी, पर्म, पैँचो बाट विकशित हुँदै विकास भएको सहकारीता सन् १८४४ मा बेलायत को म्यानचेष्टरबाट शुरू भई नेपालमा भने सन् १९५६ (वि.सं. २०१३) मा चितवनमा बखानसिंह ऋण सहकारी संस्थाको स्थापना भएपश्चात विधिवत शुरूवात भएको मानिन्छ । नेपालको संविधान २०७२ मा अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा सहकारी क्षेत्रलाई स्विकार गरिएको र सहकारी क्षेत्रले पनि समग्र अर्थव्यवस्थामा आफ्नो अतुलनीय योगदान गरिरहेको वर्तमान परिप्रेक्षमा यस क्षेत्रको महत्व थप उजागर भएको महसुस भएको छ । करीव ६८ बर्ष लामो ईतिहास बोकेको नेपालको सहकारी क्षेत्रले धेरै उतारचढावहरू को सामना गर्दै अघि बढिरहेको छ । राज्यले अंगीकार गरेको समाजवाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य पुरा गर्नको लागि सहकारी एउटा निर्विकल्प माध्यम हो भन्ने हामीलाई लागेको छ । सहकारी विभागबाट प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार देशभर सहकारी संस्थाहरूको कुल संख्या २९ हजार ८ सय ८६ रहेको छ जसमा कुल ७३ लाख ७ हजार ४६२ सदस्यहरूको आवद्धता रहेको छ । यस क्षेत्रमा करीव ९४अर्व १० करोड शेयर पुँजी, ४ खर्व ७७ अर्व ९६ करोड बचत, ४ खर्व २६ अर्व २६ करोड कर्जा परिचालन भएको तथ्यांक रहेको छ । प्रारम्भिक सहकारी मध्ये अधिकांश सहकारीहरूले बचत तथा ऋणको कारोवार गरिरहेका छन् । करीब ९५ हजार जनशक्तिले प्रत्यक्ष रोजगारी पाएको अनुमान गरिएको यस क्षेत्र मार्फत अप्रत्यक्ष रूपमा विभिन्न पेशा, उद्योग, व्यापार, सेवा तथा व्यवसाय मार्फत लाखौं व्यक्तिहरूलाई रोजगारी प्रदान गरि समाजको सामाजिक, आर्थिक, सांस्कृतिक,

शैक्षिक क्षेत्रको विकाशमा महत्वपूर्ण योगदान पुर्याई सामाजिक चेतना अभिवृद्धि गर्नमा समेत योगदान पुर्याएको छ । यसरी हेर्दा नेपालमा पनि सहकारी आन्दोलन ले निकै गति लिईसकेको पुष्टि हुन्छ ।

राष्ट्रिय प्राथमिकतामा परेको कारण सहकारी क्षेत्रले आगामी दिनमा अर्थतन्त्रको बलियो खम्बाको रूपमा स्थापित हुने हामीले अपेक्षा गरेका छौं । यस संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को साथै वागमती प्रदेश सहकारी ऐन २०७६, वागमती प्रदेश सहकारी नियमावली २०७६ तथा यस अन्तर्गतका सहकारी सञ्चालन मापदण्ड र निर्देशिकाको साथै संस्थाको विनियम तथा आन्तरिक कार्यविधिका आधारमा संस्थामा आबद्ध सदस्यहरूको वृहत्तर हितमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरि उत्पादन मुलक अर्थव्यवस्था, रोजगारिको सिर्जना, सामाजिक न्याय, सामुदायिक हित र वातावरण संरक्षण लगायतका कार्यमा संस्थाले महत्वपूर्ण योगदान गरेको छ भन्ने हामीलाई लागेको छ ।

### आदरणीय सदस्य महानुभावहरू,

यहाँहरूको अपार विश्वास तथा रचनात्मक भूमिकाको फलस्वरूप विगत २७ बर्षदेखि यस संस्थाले गुणस्तरीय सेवा प्रवाह गर्दै आएको कुरा यहाँहरूलाई विदितै छ । यस अवधिमा संस्थाको सदस्यको भूमिकामा यहाँहरूको बहुमूल्य सुझावहरूलाई सञ्चालक समितिले निरन्तर आत्मसाथ गर्दै आईरहेको छ । सहकारी विभागको सघन अनुगमनपश्चात् प्राप्त निर्देशनहरूको परिपालनामा यस संस्था सधै कटिबद्ध रहदै आएको छ । संस्थाले आफ्नो सीमित श्रोत साधनका बाबजुद पनि सदस्य केन्द्रित क्रियाकलापहरूलाई समेट्दै अघि बढिरहेको ब्यहोरा अनुरोध गर्दै सहकारीको विद्यमान अवस्थाको विश्लेषण गर्दै संस्थालाई थप प्रगती उन्मुख गराउन आवश्यक निती तथा रणनितीहरू लगायतका बहुमुल्य सुझावहरू यस सभामा प्रस्तुत हुने अपेक्षाका साथ आ.ब. ०८०/८१ को देशको समग्र आर्थिक अवस्थाको चित्रण गर्दै उक्त आ.ब.मा संस्थाले हासिल गरेका उपलब्धि सम्बन्धि प्रतिवेदन यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### देशको समग्र आर्थिक अवस्थाः

#### कुल गार्हस्थ्य उत्पादनः

- नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार आर्थिक बर्ष २०८०/८१ मा देशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभुत मूल्यमा ३.८७ प्रतिशत रहेको छ जुन




अघिल्लो बर्ष १.९५ प्रतिशत थियो ।

- समिक्षा अवधिमा कृषि क्षेत्रको वृद्धिदर ३.०५ प्रतिशत, उद्योग क्षेत्रको १.२५ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धिदर ४.५० प्रतिशत रहेको अनुमान गरिएको छ ।
- आर्थिक वर्ष २०८०/८१ को बार्षिक तथ्यांक अनुसार कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.०१ प्रतिशत, १३.०० प्रतिशत र ६२.९० प्रतिशत रहेको छ ।

### मुद्रास्फीति

- आर्थिक बर्ष २०८०/८१ मा बार्षिक औसत उपभोक्ता समग्र मुद्रास्फिति ५.४४ प्रतिशत रहेको छ जुन अघिल्लो आर्थिक बर्षमा ७.७४ प्रतिशत रहेको थियो ।
- आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ६.४७ प्रतिशत तथा गैर-खाद्य तथा सेवा समूहको मूल्यवृद्धि ४.६४ प्रतिशत रह्यो ।
- आर्थिक वर्ष २०८०/८१ मा बर्षिक औषत उपभोक्ता मुद्रास्फीति काठमाण्डौ उपत्यकामा ५.९९ प्रतिशत, तराईमा ४.८२ प्रतिशत, पहाडमा ५.७८ प्रतिशत र हिमालमा ६.८६ प्रतिशत रहेको छ ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कः-

- आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत तलव तथा ज्यालादर सूचकाङ्क ५.०९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष उक्त सूचकाङ्क ९.९० प्रतिशतले वृद्धि भएको थियो । यस्तै २०८१ असारमा बार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ३.५६ प्रतिशतले वृद्धि भएको छ जुन अघिल्लो बर्ष ८.७१ प्रतिशत रहेको थियो ।

### वैदेशिक व्यापारः-

- आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३ प्रतिशतले कमी आई रू.१५२ अर्ब ३८ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो । गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ३.३ प्रतिशतले घटेको छ भने अन्य मुलुकतर्फ भएको निर्यात ४.३ ले घटेको छ । चीन तर्फको निर्यात भने यस अवधिमा ४६.६ प्रतिशत्ले वृद्धि भएको छ । समिक्षा अवधिमा वस्तुगत आधारमा जिंक शिट, पार्टिकल बोर्ड, जुस, पोलिष्टर धागो, पिना लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, पाम तेल, ऊनी गलैंचा, ब्रान्स, जुटका सामान लगायतका वस्तुहरूको निर्यात घटेको छ ।
- आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु आयात १.२ प्रतिशतले कमी आई रू.१५९२ अर्ब ९९ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३.० प्रतिशत, १७.६ प्रतिशतले घटेको छ भने चीन तर्फबाट भएको आयात ३४.२ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा यातायात उपकरण, सवारी साधन तथा स्पेयस पार्टपुर्जा, तयारी पोशाक, हवाईजहाजको स्पेयस पार्टपुर्जा, विद्युतीय उपकरण, अन्य मेसिनरी तथा पार्टस् लगायतका

वस्तुहरूको आयात बढेको छ भने कच्चा सोयाविन तेल, सुन, धान तथा चामल, कच्चा पाम तेल, हट रोल सिट ईन क्वाईल लगायतका वस्तुहरूको आयात घटेको छ ।

- समिक्षा बर्षमा कुल वस्तु व्यापार घाटा १ प्रतिशतले कमी आई रू. १४४० अर्ब ६० करोड कायम भएको छ जुन अघिल्लो बर्ष यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सो अनुपात ९.७ प्रतिशत रहेको थियो ।

### शोधनान्तर स्थिति, विदेशी विनिमय सञ्चिति, विनिमय दर, वैदेशिक रोजगारी तथा विप्रेषण आप्रवाह :-

- आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रू. २२१ अर्ब ३४ करोडले बचतमा रहेको छ जुन अघिल्लो वर्ष रू. ७२ अर्ब १६ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष ३६ करोड ६ लाखले घाटामा रहेको चालुखाता समीक्षा वर्षमा १ अर्ब ६६ करोडले बचतमा रहेको छ ।
- समिक्षा बर्षमा शोधनान्तर स्थिति रू.५०२ अर्ब ४९ करोडले बचतमा रहेको छ जुन अघिल्लो वर्ष २८५ अर्ब ७२ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो बर्ष २ अर्ब १७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समिक्षा बर्षमा ३ अर्ब ७७ करोडले बचतमा रहेको छ ।
- २०८० असार मसान्तमा रू. १५३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिती २०८१ असार मसान्तमा ३२.६ प्रतिशतले बृद्धि भई रू. २०४१ अर्ब १० करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा ३०.४ प्रतिशत वृद्धि भई २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड कायम भएको छ ।
- आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।
- २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ १.६४ प्रतिशतले अवमूल्यन भएको छ जुन अघिल्लो वर्ष २.७९ प्रतिशतले अवमूल्यन भएको थियो । २०८१ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रू.१३३.३६ पुगेको छ जुन अघिल्लो असार मसान्तमा रू. १३१.१७ रहेको थियो ।
- समीक्षा बर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४,६०,१०३ र पुनः श्रम स्विकृति लिनेको संख्या २,८१,१९९ पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या क्रमशः ४,९७,७०४ र २,७७,२७२ रहेको थियो ।
- आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रू.१४४५ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने विप्रेषण आप्रवाह १४.५ प्रतिशतले बृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ जुन अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो ।

### समग्र ब्याजदर, अन्तर बैंक कारोवार तथा तरलता अवस्थाः-

- २०८० असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ६.३५ प्रतिशत रहेकोमा २०८१ असारमा ३ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्था बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०८० असारमा ३.१४ प्रतिशत रहेकोमा २०८१ असारमा २.९९ प्रतिशत रहेको नेपाल राष्ट्रबैंकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
- वाणिज्य बैंकहरूको औसत आधार दर २०८० असारमा १०.०३ प्रतिशत, विकास बैंकहरूको १२.१५ प्रतिशत र वित्त कम्पनीहरूको १३.४१ प्रतिशत रहेकोमा २०८१ असारमा यस्तो दर क्रमशः ८.०० प्रतिशत, ९.७१ प्रतिशत र ११.२१ प्रतिशत कायम भएको छ ।
- २०८१ असारमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ५.७७ प्रतिशत, विकास बैंकहरूको ६.६३ प्रतिशत र वित्त कम्पनीहरूको ७.९३ प्रतिशत कायम भएको छ भने कर्जाको भारित औसत ब्याजदर क्रमशः ९.९३ प्रतिशत, ११.३४ प्रतिशत र १२.५५ प्रतिशत कायम भएको छ ।
- आर्थिक वर्ष २०८०/८१ मा वाणिज्य बैंकहरूले रू.३८६३ अर्ब ४८ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रू.३६३ अर्ब गरि कुल ४२२६ अर्ब ४८ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रू. ३९४२ अर्ब १५ करोड र ३५२ अर्ब ७ करोड गरि कुल ४२९४ अर्ब २२ करोडको अन्तरबैंक कारोबार भएको थियो ।

### पूँजी बजारः-

- २०८० असार मसान्तमा २०९७.१० विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८१ असार मसान्तमा २२४०.४१ विन्दु कायम भएको छ ।
- २०८१ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रू.३५५३ अर्ब ६८ करोड कायम भएको छ जुन २०८० असार मसान्तमा ३०८२ अर्ब ५२ करोड रहेको थियो ।
- २०८१ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २७० पुगेको छ । सूचीकृत कम्पनीहरु मध्ये १३२ वटा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ वटा जलविद्युत् कम्पनी २२ वटा उत्पादन र प्रशोधन उद्योग, ७ वटा होटल, ७ वटा लगानी कम्पनी, ४ व्यापारिक संस्था र ७ वटा अन्य समूहका रहेका छन् ।

### वित्तीय पहुँचः-

- नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २०८१ असार मसान्तमा १०७ रहेको छ । जसमध्ये २० बाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनि, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन् ।
- बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या २०८० असार मसान्तमा ११५८९ रहेकोमा २०८१ असार मसान्तमा ११५३० पुगेको छ । २०८० असार मसान्तमा प्रतिशाखा जनसंख्या २५१७ रहेकोमा २०८१ असार मसान्तमा २५२९ कायम भएको तथ्यांकमा उल्लेख गरिएको छ ।

- विद्युतीय भुक्तानी पुर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोवारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो आकर्षणका कारण समिक्षा बर्षमा विद्युतीय भुक्तानी कारोवारमा उल्लेख्य वृद्धि भएको केन्द्रीय बैंकले जनाएको छ । जसमा एटिएम, मोवाईल बैंकिङ्ग, ईन्टरनेट बैंकिङ्ग, डेविट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, आर.टि.जि.एस., ईसिसि, आईपिएस, कनेक्ट आईपिएस, वालेट जस्ता भुक्तानी उपकरणहरू रहेका छन् । पछिल्लो समयमा सहकारी संस्थाका सदस्यहरूले समेत विद्युतीय माध्यमबाट उल्लेख्य कारोवार गरिरहेको पाईन्छ ।

निक्षेप परिचालन र कर्जा प्रवाहः-

- समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १३.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप १२.३ प्रतिशतले बढेको थियो ।
- २०८१ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.७ प्रतिशत, २६.६ प्रतिशत र ५८.९ प्रतिशत रहेको थियो ।
- २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.२ प्रतिशत रहेको छ जुन २०८० असार ३६.६ प्रतिशत रहेको थियो ।
- समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ३.८ प्रतिशतले बढेको थियो ।
- निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये समिक्षा बर्षमा वाणिज्य बैंकहरूको कर्जा प्रवाह ५.८ प्रतिशतले, विकास बैंकहरूको कर्जा प्रवाह ५.० प्रतिशतले र वित्त कम्पनीहरूको कर्जा प्रवाह ७.७ प्रतिशतले बढेको छ ।
- २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६६.५ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३.२ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०८० असार मसान्तमा यस्तो अनुपात क्रमशः ६८ प्रतिशत र ११.६ प्रतिशत रहेको थियो ।
- समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा २२.२ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ९.६ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा १८.१ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा १२.६ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा २२ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ४६.३ प्रतिशतले र डिमान्ड तथा चालु पूँजी कर्जा १७.६ प्रतिशतले घटेको छ ।

आदरणीय सदस्य महानुभावहरू,

आर्थिक बर्ष २०८०/८१ समग्र वित्तीय क्षेत्रको साथै सहकारी क्षेत्रको लागि चुनौतिपूर्ण रहेको बिषय यहाँहरू सबैलाई विदितै छ । आर्थिक संकुचन र ब्याजदर बृद्धिको कारण कर्जा उपयोग गर्ने व्यक्तिहरूको कर्जा भुक्तानी गर्ने क्षमतामा आएको ह्रासले गर्दा ब्याज असूलीमा अपेक्षीत उपलब्धी हासिल हुन सकेन । केहि सिमीत सहकारी संस्थाहरूमा भएको बेथिती र विसंगतीपूर्ण क्रियाकलापको कारण सदस्यहरूको सहकारी क्षेत्रप्रति पलाउँदै गएको विश्वासको वातावरण विथोलीने अवस्था सिर्जना भई समग्र सहकारी क्षेत्रले प्रतिकुल परिस्थितिको सामना गर्नुपरिरहेको छ । अघिल्लो बर्ष सन्दर्भ ब्याजदरको सीमाको कारण निक्षेप तथा कर्जाको ब्याजदरमा असन्तुलन हुन गई सहकारी क्षेत्रले आर्थिक रूपमा क्षती व्यहोर्नुपर्ने अवस्थाको सिर्जना भएता पनि समिक्षा बर्षमा बजार ब्याजदरमा क्रमशः सुधार हुँदै गएकोले संस्थाको आयव्यय सुधारोन्मुख हुँदै गएको छ भन्ने हाम्रो विश्लेषण रहेको छ । यस संस्थाको आर्थिक परिसूचकहरू अघिल्लो बर्षको तुलनामा केहि सुधार भएको कुरा प्रस्तुत प्रतिवेदनबाट स्पष्ट हुन्छ । यसको सकारात्मक प्रभाव आगामी दिनमा अझ स्पष्ट हुने व्यहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । समिक्षा बर्षमा संस्थाको ब्याज खर्चमा सुधार भएको, कर्जा जोखिम व्यवस्थामा सुधार, अन्य आम्दानीमा वृद्धि, कार्यालय सञ्चालन खर्चमा कमी, कर्मचारी खर्चमा कमी, मर्मत खर्चमा कमी लगायतका कारण समग्र आयव्यय सुधारोन्मुख भए तापनि समिक्षा बर्षमा नेपाल सरकारले आयकरको दर अघिल्लो बर्षको तुलनामा दोब्बरले वृद्धि गरेको कारण सञ्चालन मुनाफामा ३३.३७ प्रतिशतको वृद्धि भएतापनि खुद मुनाफामा १६.८५ प्रतिशतले मात्र वृद्धि भएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउँदछौं । कर्जाको गुणस्तर मा सुधार आएको कारण समिक्षा बर्षमा कर्जानोक्सानी व्यवस्था थप गर्नु परेन । सहकारी मापदण्ड अनुसार कर्जा नोक्सानी व्यवस्था गर्दा २०८१ असार मसान्तमा रू. ६ लाख ९४ हजार ७५३ पहिलेको व्यवस्थाबाट फिर्ता भई उक्त रकम बराबर मुनाफा वृद्धि भएको व्यहोरा समेत यस सम्मानित सभासमक्ष जानकारी गराउँन चाहन्छु ।

समिक्षा बर्षमा यस संस्थामा लगानीयोग्य रकम उल्लेख्य भएतापनि कर्जाको माग तर्फ आएको संकुचनको कारण बचत तथा कर्जाको ब्याजदर कम गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना भयो । अधिक तरलताको कारण बैंक तथा वित्तीय संस्थाहरूले ब्याजदर घटाउँदा यस संस्थाको पनि बैंक तर्फबाट प्राप्त हुने ब्याजमा २२.१८ प्रतिशत अर्थात् २ करोड १९ लाख ५१ हजार ९ सय ७४ ले गीरावट भयो । बजार ब्याजदरमा कमी भई संस्थाका सदस्यहरूको कर्जा फाईलहरू बैंक तर्फ मोडिदा यस संस्थाको कर्जा लगानी रकममा समेत ६.९१ प्रतिशत्ले गीरावट आएको छ भने कर्जातर्फबाट हुने ब्याज आम्दानीमा समेत १४.९४ प्रतिशत्ले कमी आएको छ । विभिन्न प्रतिकुलताको कारण समिक्षा बर्षमा यहाँहरूको संस्थाको कुल वासलातमा ६.६७ प्रतिशत्ले गीरावट आएको छ । आर्थिक क्षेत्रमा देखिएका विभिन्न प्रतिकुल परिस्थितिको बाबजुद पनि यस संस्थाले सदस्यमहानुभावहरूलाई प्रदान गर्ने गुणस्तरीय सेवालाई निरन्तरता दिई सदस्यहरूको विश्वास लाई थप उजागर गर्ने प्रयत्न गरिरहेको व्यहोरा उल्लेख गर्न चाहन्छौं । संस्थामा रहेको वित्तीय श्रोत लाई सदस्य महानुभावहरूको चौतर्फि हितमा व्यवस्थित तवरबाट लगानी गरि अधिकतम लाभ हासील गर्ने प्रयत्नशील रहेको व्यहोरा अनुरोध गर्दै यहाँहरूको साथ र सहयोगले आगामी दिनमा अझ नयाँ योजना र उच्च प्रविधीको अनुकरण गर्दै यहाँहरूको सेवामा निरन्तर समर्पित रहने व्यहोरा समेत म यहाँहरूमाझ अनुरोध गर्न चाहन्छु ।

आदरणीय सदस्य महानुभावहरू,

अब म यहाँहरूको संस्थाले आर्थिक बर्ष ०८०/८१ मा हासिल गरेका उपलब्धिहरूको सोहि आर्थिक बर्षको आषाढ मसान्त सम्मको तथ्यांकको आधारमा तयार गरिएको रिपोर्टमा आधारित भएर विवेचना गर्ने अनुमति चाहन्छु ।

आ.ब. २०८०/८१ मा बजार ब्याजदरमा क्रमशः कमी हुँदै गएको कारण कर्जा उपयोग गर्ने सदस्यहरूलाई केहि राहतको अनुभूती भएको छ जसले गर्दा आर्थिक गतिविधीमा वृद्धि हुने अपेक्षा गरिएको छ । समिक्षा बर्षमा यस संस्थाले ऋण लगानीतर्फ दबाबको अवस्थाको सामना गर्नुपर्‍यो । अघिल्लो बर्ष वित्तीय तरलतामा आएको कमीका कारण कर्जा लगानीमा कसीलो निती लिएको भएतापनि समिक्षा अवधिमा सो निती लाई क्रमशः खुकुलो बनाउँदै लगिएको भएतापनि कर्जा लगानीमा अपेक्षा गरिएअनुसार वृद्धि हुन सकेन । देशको समग्र आर्थिक अवस्था र नितीहरूमा भएको परिवर्तन अनुरूप नै यस संस्थाले समेत आफ्ना नितीहरू परिवर्तन गर्दै लगेको कारण हाल संस्थाका आर्थिक परिसूचकहरू सकारात्मक बन्दै गईरहेको ब्यहोरा म यस सभासमक्ष अनुरोध गर्न चाहन्छु ।

पूँजीकोषः-

- आ.ब. २०८०/८१ मा संस्थाको कुल पूँजिकोष रकममा अघिल्लो आ.ब. को तुलनामा २.९२ प्रतिशत अर्थात् रू. ९६ लाख ४१ हजार ८०७ ले वृद्धि भई कुल ३३ करोड ९७ लाख १२ हजार २१ पुगेको छ ।
- आ.व २०८०/८१ को आषाढ मसान्तमा संस्थाको कुल पूँजीकोष मध्ये रू ९ करोड ३४ लाख ३ हजार ५ सय चुक्ता पूँजी रहेको छ भने रू २४ करोड ६३ लाख ८ हजार ५२१ जगेडा तथा अन्य कोषहरू रहेको छ ।
- समिक्षा बर्षमा संस्थाको चुक्ता पूँजि रू ४३ लाख ११ हजार ८ सय ले कमी भएको छ भने जगेडा तथा अन्य कोषमा रू. १ करोड ३९ लाख ५३ हजार ६०७ बृद्धि भएको छ ।
- समिक्षा बर्षमा कर्जा असूली प्रयोजनको निमित्त केहि सदस्यहरूको शेयर रकम बाट नै ऋण असूल गरिएको कारण शेयर रकममा कमी भएको व्यहोरा म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।
- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा संस्थाको पूँजीकोष निक्षेप अनुपात १५.१२ प्रतिशत कायम भएको छ जुन २०८० श्रावण १ मा १३.५२ प्रतिशत रहेको थियो । समिक्षा बर्षमा संस्थाको कुल निक्षेपमा ७.९६ प्रतिशतले कमी भएको र पूँजीकोषमा २.९२ प्रतिशतको बृद्धिको कारण यस्तो अनुपात बृद्धि भएको हो । विभागीय मापदण्ड अनुसार पूँजीकोष निक्षेप अनुपात ६.६७ प्रतिशत हुनुपर्ने भएतापनि यस संस्थामा कायम रहेको उक्त अनुपातले संस्थाको पूँजी पर्याप्तताको आधार सुदृढ भएको व्यहोरा सबै सदस्यहरूमाझ अनुरोध गर्दै यस संस्थाको गुणस्तरीय बचत वृद्धिको बाटो फराकिलो रहेको व्यहोरा उल्लेख गर्न चाहन्छु ।
- संस्थाले समिक्षा बर्षमा रू. ५७ लाख ७१ हजार शेयर लाभांश कोषमा र रू. २५ लाख ८३ हजार संरक्षित पूँजी फिर्ता कोषमा रकम व्यवस्था गरेको छ । समिक्षा बर्षमा कुल बाँडफाँड योग्य मुनाफा (बचत) को २५ प्रतिशत रकम जगेडा कोषमा व्यवस्था गरि बाँकी रहेको रकमलाई १०० प्रतिशत मानि सो को २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ताकोषमा व्यवस्था गरेको व्यहोरा अनुरोध गर्दछु । साथै संरक्षित पूँजी फिर्ताकोष र सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याई बाँकी रहेको रकमको ७५ प्रतिशत रकम शेयर लाभांश कोषमा व्यवस्था गरेको र अन्य रकमहरू सहकारी ऐन नियममावली बमोजिम विभिन्न कोषहरूमा छुट्ट्याईएको छ । चालु आ.ब. मा शेयर लाभांश कोषबाट सदस्यहरूलाई चुक्ता पूँजीको ६ प्रतिशतको दरले लाभांश वितरणको लागि यस सभा समक्ष प्रस्ताव गरिएको छ । जसमा सम्पूर्ण सदस्यमहानुभावहरूले समर्थन जनाउनुहुनेछ भन्ने विश्वास लिएको छु । त्यसैगरि संरक्षित पूँजी फिर्ताकोषको रकम सदस्यहरूले यस संस्थासंग आर्थिक बर्ष २०८०/८१ मा गर्नुभएको कारोवारको आधारमा वितरण गर्नुपर्ने भएकोले चालु आ.ब. मा उक्त रकम वितरण गर्नको निमित्त यस सभाले प्रस्ताव पारित गर्नेछ भन्ने विश्वास लिएको छु ।
- संस्थाले समिक्षा बर्षमा संरक्षित पूँजि फिर्ता कोषबाट सदस्यहरूलाई रू. १८,४६,३०१.०० वितरण गरेको छ । यसरी वितरण गर्दा शेयर सदस्यहरूलाई उक्त रकमको ४० प्रतिशत आ.ब. २०७९/८० मा बचतमा भुक्तान भएको ब्याजको आधारमा र ६० प्रतिशत रकम सदस्यले सो आर्थिक बर्षमा ऋणमा तिरेको ब्याजको आधारमा बाँडफाँड गरि वितरण गरिएको छ ।
- समिक्षा बर्षमा अघिल्लो आ.ब.को लाभांश कोषमा छुट्याईएको रकमबाट २६औं बार्षिक साधारणसभाको निर्णय बमोजिम २०८० आषाढ मसान्तको शेयर पुँजीको आधार तथा संस्थामा शेयर रकम प्राप्त भएको अवधिको आधारमा ४.७५% ले हुन आउने रकम रू. ४३,५४,५१४.०० शेयर लाभांश वितरण गरिएको छ । लाभांस वितरण पछिको बाँकी रू. ३०,९७१.०० लाई जगेडा कोषमा सारिएको छ ।
- संस्थामा निष्कृय सदस्यहरूको संख्या धेरै देखिएकोले संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम विगत लामो समयदेखि संस्थाको सम्पर्कमा नरहनुभएका तथा संस्थाले पटक पटक सदस्यता अद्यावधिक गरि कारोबार सुचारू गर्नको लागी सूचना प्रकाशित गर्दा समेत वेवास्ता गरि निस्कृय रहनुभएका सदस्यहरूको सदस्यता खारेज गरि शेयरमा लाभांश हिसाब नहुने र संस्थामा रहेको बचतमा ब्याज हिसाब नहुने गरि निष्कृय गरिएको व्यहोरा समेत म यस सम्मानित सभासमक्ष जानकारी गराउँन चाहन्छु । सञ्चालक समितिले गरेको यस निर्णयमा सम्पूर्ण सक्रिय सदस्यज्यूहरूको समर्थन रहने विश्वास लिएको छु ।
- संस्थाले समिक्षा बर्षमा सदस्य शिक्षा कोषबाट खर्च गरि मिति २०८१ वैशाख २८ गते, जेठ २५ गते र असार २१ गते गरि तीन चरणको विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । जसमा कुल रू. २ लाख ८० हजार ४५७ खर्च भएको ब्यहोरा समेत म यस सभा समक्ष जानकारी गराउँन चाहन्छु । यसको अलावा चालु आर्थिक बर्षको कार्तिक ३० गते चौथो चरणको विस्तारित मञ्च तथा सहकारी शिक्षा कार्यक्रम समेत सम्पन्न भएको व्यहोरा उल्लेख गर्न चाहन्छु । जसमा सम्बन्धित क्षेत्रका सदस्य महानुभावहरूको

उत्साहजनक सहभागीता रहेको व्यहोरा समेत उल्लेख गर्न चाहन्छु ।

- संस्थाले समिक्षा बर्षमा सामुदायिक विकास कोषबाट संस्थाका जेष्ठ सदस्य सम्मान, उत्कृष्ट सदस्य सम्मान र एस.ई.ई. (SEE) परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने सदस्यका सन्ततीहरूलाई सम्मानमा खर्च गरेको छ । साथै चालु आर्थिक बर्षको आश्विन ११ र १२ गते आएको भिषण बर्षाको कारण उत्पन्न बाढी पहिरोबाट प्रभावित क्षेत्रमा राहत वितरणमा समेत खर्च गरिएको व्यहोरा समेत म यस सभा समक्ष जानकारी गराउँन चाहन्छु ।
- संस्थाले समिक्षा बर्षमा संचालक समितिको निर्णय अनुसार अन्य कोष बाट खर्च हुन नसकी बाँकी रहेको रकम मध्ये सहकारी विकास कोषबाट रू. २,९३,०००, घाटा पूर्तिकोषबाट रू. २,९३,०००, अन्य जोखिम व्यवस्थापन कोषबाट रू. २,९३,००० र शेयर लाभांश कोषबाट १९,०३९।६९ गरी कुल रू. ८,९८,०३९।६९ जगेडा कोषमा रकमान्तर गरिएको व्यहोरा समेत सभासमक्ष अवगत गराउँन चाहन्छु । सञ्चालक समितिले गरेको यस निर्णयमा यहाँ उपस्थित सम्पूर्ण सदस्य महानुभावहरूको समर्थन रहने विश्वास लिएको छु ।

### बचत विवरणः-

- संस्थाको कुल बचतमा आ.ब. ०७९/८० को आषाढ मसान्तको तुलनामा ७.९६ प्रतिशतले कमी आई आ.ब. २०८०/८१ को आषाढ मसान्तमा रू २ अर्ब २४ करोड ६६ लाख ४२ हजार ६० कायम भएको छ ।
- आ.ब. ०८०/८१ को आषाढ मसान्तमा संस्थामा कायम रहेको कुल बचत मध्ये ५७.०८ प्रतिशत अर्थात रू. १ अर्ब २८ करोड २४ लाख ६८ हजार ६१९ आवधिक बचत रहेको छ भने ४२.९२ प्रतिशत अर्थात रू ९६ करोड ४१ लाख ७३ हजार ४४१ ऐच्छिक बचत रहेको छ । जुन अघिल्लो आषाढ मसान्तमा क्रमशः ६५.७३ प्रतिशत र ३४.२७ प्रतिशत रहेको थियो ।
- संघीय सहकारी ऐन २०७४ र वागमति प्रदेश सहकारी ऐन २०७६, बमोजिम संस्थाले पूँजीकोषको १५ गुणा सम्म बचत परिचालन गर्न सकिने व्यवस्था रहेकोमा यस संस्थाको आ.ब. २०८०/८१ को आषाढ मसान्तमा पूँजीकोषको ६.६१ गुणा बचत अनुपात कायम भएको छ जुन अघिल्लो आषाढ मसान्तमा ७.९८ गुणा रहेको थियो । एकातर्फ संस्थाको जगेडा तथा कोषहरूमा बृद्धि हुँदै जाने र अर्को तर्फ कुल निक्षेप घट्ने अवस्थाको दोहोरो असरको कारण यस्तो अनुपात घटेको व्यहोरा अनुरोध गर्दै संस्थाको पूँजिकोषको आधारमा सदस्य महानुभावहरूले आफ्नो बचत कारोवार लाई नियामकीय दायरामा रहि बढावा दिन सकिने व्यहोरा अनुरोध गर्न चाहन्छु ।
- संस्थाले बचत परिचालन आन्तरिक कार्यविधी बमोजिम अधिकतम् प्रतिसदस्य बचत सीमा कुल बचतको ०.५ प्रतिशत् कायम गरि सोही सीमा भित्र रही बचत स्विकार गर्ने व्यवस्था गरेको ब्यहोरा समेत म यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

### नगद तथा नगद समानः-

- संस्थाले विगत बर्षदेखि नै डिजिटल भुक्तानी कारोवारलाई प्राथमिकता दिदै आएको र संस्थामा भएको तरल सम्पत्ति लाई निश्चित अवधिको मुद्धतीमा प्राथमिकताका साथ लगानी गरेको कारण आ.ब. २०८०/८१ को आषाढ मसान्तमा अघिल्लो आ.ब. को आषाढ मसान्तको तुलनामा २८.४९ प्रतिशतले कमी भई रू. ५४ करोड ४५ लाख ३३ हजार १४ नगद तथा नगद समान (बैंक तथा वित्तीय संस्थामा रहेको चल्ती तथा कल खाता र अल्पकालिन मुद्धती लगानी) मौज्दात कायम भएको छ ।
- संस्थाले नगद रहित कारोवार गर्ने सूविधा प्रदान गर्न मोवाईल एप्लिकेशन प्रणालीबाट मोवाईल भुक्तानी सेवा सूचारू गर्नुको साथै नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले सञ्चालनमा ल्याएको Connect IPS-Corporate Pay सेवा मार्फत सोझै सम्बन्धित व्यक्ति वा संस्थाको खातामा नै जम्मा गर्ने गरि अनलाईन भुक्तानी सेवा प्रदान गर्दै आएको र नगद बीमाको शुल्कमा अत्याधिक बृद्धि भएको कारण संस्थामा न्यूनतम् नगद मौज्दात कायम गर्ने संस्थाको नितीको कारण संस्थाको भल्टमा न्यूनतम् मौज्दात कायम हुने गरेको व्यहोरा समेत सदस्यमहानुभावहरूलाई जानकारी गराउँन चाहन्छु ।
- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा संस्थाको कुल निक्षेपको तुलनामा २४.२४ प्रतिशत तरल सम्पत्ति अनुपात (तरलता) कायम हुन पुगेको छ । जुन अघिल्लो बर्षको आषाढ मसान्तमा ३१.२० प्रतिशत रहेको थियो ।
- २०८१ आषाढ मसान्तमा संस्थाको कुल तरल सम्पत्तिको २.३० प्रतिशत नगद मौज्दात रहेको छ भने 'क' वर्गका बैंकहरूमा १७.७० प्रतिशत, 'ख' वर्गका विकास बैंकहरूमा ६.७७ प्रतिशत, 'ग' वर्गका वित्तीय संस्थाहरूमा १.२२ प्रतिशत, सहकारी बैंक र सहकारी संघ संस्थामा ४९.८१ प्रतिशत र विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा ३ महिना सम्ममा परिपक्व हुने मुद्धतीमा २२.२० प्रतिशत मौज्दात कायम भएको छ जुन अघिल्लो आषाढ मसान्तमा क्रमशः १.५६ प्रतिशत ,१७.५४ प्रतिशत, ४.५३ प्रतिशत, १.५१ प्रतिशत, ४६.३० प्रतिशत र २८.५६ प्रतिशत मौज्दात कायम कायम रहेको थियो । जुन यसै आर्थिक प्रतिवेदनको अनुसूची ४.१ र ४.१.१ मा उल्लेख गरिएको छ ।

### ऋण तथा लगानीः-

- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा संस्थाको कुल ऋण अघिल्लो बर्षको आषाढ मसान्तको तुलनामा ६.९१ प्रतिशतले कमी भई रू. १ अर्ब ३२ करोड ४१ लाख १६ हजार ७४५ कायम भएको छ । जुन अघिल्लो आषाढ मसान्तमा रू. १ अर्ब ४२ करोड २३ लाख ८४ हजार २७१ कायम भएको थियो ।
- आर्थिक वर्ष २०८०/८१ को आषाढ मसान्तमा संस्थाको कर्जा र बचत निक्षेपको अनुपात ५८.९४ प्रतिशत कायम हुन पुगेको छ जुन अघिल्लो आषाढ मसान्तमा ५८.२७ प्रतिशत रहेको थियो । समिक्षा बर्षमा बजारमा तरलता अवस्थामा सुधार आई बजार ब्याजदरमा कमी भएको र बैंक तथा वित्तीय संस्थाहरूले ऋण लगानीमा खुकुलो निती अपनाई सस्तो ब्याजदरमा कर्जा प्रवाह गरेको कारण संस्थामा रहेका ऋण फाईलहरू बैंक तर्फ मोडिदा संस्थाको ऋण असूलीमा वृद्धि भई यस्तो अनुपातमा सीमान्त दरले मात्र वृद्धि भएको व्यहोरा अनुरोध गर्दछु ।

रकम रू. हजारमा

| विवरण | आषाढ मसान्त | | वृद्धि/(कमी) | |
|---|---|---|---|---|
| | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | रकम | प्रतिशत |
| **पुँजी तथा दायित्व** | | | | |
| चुक्ता पूँजी | ९७,७१५.०० | ९३,४०४.०० | (४,३११.००) | -४.४१% |
| जगेडा तथा अन्य कोषहरू कोष | २३२,३५५.०० | २४६,३०९.०० | १३,९५४.०० | ६.०१% |
| निक्षेप | २,४४०,९०१.०० | २,२४६,६४२.०० | (१९४,२५९.००) | -७.९६% |
| कर्मचारी लाभ व्यवस्था | ३२,६७८.०० | ३१,३४६.०० | (१,३३२.००) | -४.०८% |
| लिज दायित्व व्यवस्था | १३,७६५.०० | ९,८०१.०० | (३,९६४.००) | -२८.८०% |
| अन्य दायित्व | ६,९०१.०० | ८,४०२.०० | १,५०१.०० | २१.७५% |
| **जम्मा पूँजी तथा दायित्व** | २,८२४,३१४.०० | २,६३५,९०३.०० | (१८८,४११.००) | -६.६७% |
| **सम्पत्ति तथा जायदात हिसाब** | | | | |
| नगद तथा नगद समान | ७६१,५१०.०० | ५४४,५३३.०० | (२१६,९७७.००) | -२८.४९% |
| सदस्यलाई ऋण लगानी | १,४२२,३८४.०० | १,३२४,११७.०० | (९८,२६७.००) | -६.९१% |
| आयकर सम्पत्ति | ५१,०९१.०० | ५७,३२२.०० | ६,२३१.०० | १२.२०% |
| मुद्धती लगानी | ३२३,०००.०० | ४४४,०००.०० | १२१,०००.०० | ३७.४६% |
| शेयर धितोपत्रमा लगानी | १,१२५.०० | १,१२५.०० | - | ०.००% |
| लगानी सम्पत्तिहरू | १६८,८२५.०० | १६८,८२५.०० | - | ०.००% |
| उपयोगको अधिकार सम्पत्ति (ROU Assets) | १२,७९०.०० | ८,६०७.०० | (४,१८३.००) | -३२.७१% |
| सम्पत्ति तथा उपकरण | १३,९९७.०० | १२,९८५.०० | (१,०१२.००) | -७.२३% |
| अमुर्त सम्पत्ति | ९५५.०० | ८५५.०० | (१००.००) | -१०.४७% |
| स्थगन कर सम्पत्ति | १,२९४.०० | १,४४९.०० | १५५.०० | ११.९८% |
| अन्य सम्पत्ति हिसाब | ६७,३४४.०० | ७२,०८४.०० | ४,७४०.०० | ७.०४% |
| **जम्मा सम्पत्ति** | २,८२४,३१४.०० | २,६३५,९०३.०० | (१८८,४११.००) | -६.६७% |
| **आम्दानी** | | | | |
| ऋण लगानीमा ब्याज आम्दानी | २५३,७८०.०० | २१५,८६१.०० | (३७,९१९.००) | -१४.९४% |
| बैंक खातामा ब्याज आम्दानी | ९८,९६१.०० | ७७,००९.०० | (२१,९५२.००) | -२२.१८% |
| निक्षेपमा ब्याज खर्च | (२९७,४१४.००) | (२३५,३०१.००) | ६२,११३.०० | -२०.८८% |
| **खुद ब्याज आम्दानी** | ५५,३२७.०० | ५७,५६९.०० | २,२४२.०० | ४.०५% |
| ऋण जोखिम व्यवस्था/(फिर्ता तथा थप) | (३,३९६.००) | (६९५.००) | २,७०१.०० | -७९.५३% |
| **ऋणको घाटा पछिको खुद ब्याज आम्दानी** | ५८,७२३.०० | ५८,२६४.०० | (४५९.००) | -०.७८% |
| अन्य आम्दानी | २०,२८४.०० | २३,१३६.०० | २,८५२.०० | १४.०६% |
| **कुल सञ्चालन आम्दानी** (क) | ७९,००७.०० | ८१,३९९.०० | २,३९२.०० | ३.०३% |
| **खर्चहरु** | | | | |
| कर्मचारी खर्च | ३४,८००.०० | ३४,६६४.०० | (१३६.००) | -०.३९% |
| ह्रास कट्टी र परिषोधन | ५,१६९.०० | ५,९१५.०० | ७४६.०० | १४.४३% |
| सञ्चालन खर्च | २१,७०६.०० | १८,४३६.०० | (३,२७०.००) | -१५.०६% |
| मर्मत तथा संम्भार खर्च | ८५९.०० | ४१५.०० | (४४४.००) | -५१.६९% |
| **जम्मा खर्च** (ख) | ६२,५३४.०० | ५९,४३०.०० | (३,१०४.००) | -४.९६% |
| आयकर अघिको नाफा वा (नोक्सान) | १६,४७३.०० | २१,९७०.०० | ५,४९७.०० | ३३.३७% |
| कर खर्च | (१,४५४.००) | (४,४१९.००) | (२,९६५.००) | २०३.९२% |
| **आयकर पछिको खुद नाफा वा (नोक्सान)** | १५,०१९.०० | १७,५५०.०० | २,५३१.०० | १६.८५% |

- धितो सुरक्षणको आधारमा ऋण लगानीको विश्लेषण गर्दा आ.ब. २०८०/८१ को आषाढ मसान्तमा कुल ऋण लगानीको ९६.१३ प्रतिशत ऋण चल/अचल सम्पतीको धितोमा, १.८८ प्रतिशत आवधिक निक्षेपको धितामा र १.९९ प्रतिशत ऋण व्यक्तिगत जमानतमा प्रवाह भएको छ जुन अघिल्लो आषाढ मसान्तमा क्रमशः ९३.४८, ४.५५ र १.९७ प्रतिशत् रहेको थियो ।
- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा संस्थाले बैंक तथा वित्तीय संस्थाहरूमा गरेको मुद्धती लगानीमा अघिल्लो बर्षको तुलनामा ३७.४६ प्रतिशतले वृद्धि भई रू. ४४ करोड ४० लाख जुन अघिल्लो आषाढ मसान्तमा रू. ३२ करोड ३० लाख कायम भएको थियो ।
- समिक्षा बर्षमा बैंक तथा वित्तीय संस्थाहरूमा गरेको कुल मुद्धती लगानीको ४०.२७ प्रतिशत् 'क'वर्गका वाणिज्य बैंकहरूमा, ३०.५२ प्रतिशत् 'ख' वर्गका विकास बैंकहरूमा, २९.२१ प्रतिशत् सहकारी बैंक तथा संघहरूमा लगानी रहेको छ जुन अघिल्लो वर्षको आषाढ मसान्तमा १२.५८ प्रतिशत् 'क' वर्गका वाणिज्य बैंकहरूमा, २९.६० प्रतिशत् 'ख' वर्गका विकास बैंकहरूमा, ५.०९ प्रतिशत् 'ग' वर्गका फाईनान्स कम्पनीहरूमा र ५२.७३ प्रतिशत् सहकारी बैंक तथा संघहरूमा लगानीमा रहेको थियो ।
- आर्थिक वर्ष २०८०/८१ को पुर्नपरिभाषित् रकममा संस्थाको कर्जा लगानीतर्फबाट पाउनुपर्ने व्याज रकम कुल कर्जाको २.४२ प्रतिशत अर्थात रू. ३ करोड ३२ लाख ५१ हजार

६८३ कायम हुन पुगेको छ । जुन अघिल्लो आषाढ मसान्तमा २.२९ प्रतिशत अर्थात रू. ३ करोड ३६ लाख १७ हजार ८९७ कायम भएको थियो । समिक्षा अवधिमा समग्र बजार मन्दीको अवस्थाबाट गुज्रन गई संस्थाका सदस्यहरूको आर्थिक क्रियाकलापमा कमी भई ब्याज असूलीमा सुस्तता आएको कारण यस्तो अनुपातमा वृद्धि भएको व्यहोरा सभासमक्ष जानकारी गराउँन चाहन्छु ।

- सहकारी विभागको निर्देशन बमोजिम संस्थाले २०८१ आषाढ मसान्तमा पाकेको ब्याज २०८१ साउन १५ गते सम्ममा प्राप्त भएको रू. ४५ लाख ५१ हजार ६७६ रकम लाई वितरणयोग्य नाफामा समावेस गरि वित्तीय प्रतिवेदन तयार गरिएको व्यहोरा समेत म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

### लगानी सम्पत्तीहरू र अन्य सम्पत्ती तथा उपकरणहरू:-

- संस्थाले का.म.न.पा. ९, गौशाला मा अवस्थित कित्ता नं. ६३, ६४ र ३२२ मा रहेको २ रोपनी जग्गा र का.म.न.पा. ८, जयवागेश्वरीमा रहेको जग्गा लाई लगानी सम्पत्तीहरूमा वर्गीकरण गरि वासलातमा उल्लेख गरेको छ । जुन सम्पत्तीमध्ये गौशाला तर्फको जग्गा २०७५ आषाढ १ गतेदेखि भाडा लागु हुने गरि करार तथा पुरक करारद्वारा २० बर्ष अवधिको लागि दीर्घकालिन लिजमा दिईएको व्यहोरा सदस्य महानुभावहरूलाई जानकारी गराउँन चाहन्छु ।
- संस्थाले का.म.न.पा, वडा नं. ८, जयवागेश्वरी स्थित जग्गामा भवन निर्माणको प्रक्रिया अन्तर्गत भवन निर्माण नक्सा स्विकृति प्राप्त भएको व्यहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउँदै अनुकुल वातावरण सिर्जना भएपश्चात् निर्माण कार्यको थालनी गर्ने योजना रहेको ब्यहोरा समेत जानकारी गराउँन चाहन्छु ।
- आर्थिक वर्ष २०८०/८१ को आषाढ मसान्तमा संस्थाको उपकरण लगायतका सम्पत्तीमा ७.२३ प्रतिशतले कमी भई १ करोड २९ लाख ८५ हजार २१५ पुगेको छ भने अन्य सम्पत्तीमा ७.०४ प्रतिशत्ले वृद्धि भई रू. ७ करोड २० लाख ८४ हजार ७५४ कायम भएको छ । अन्य सम्पत्तीमा संस्थाले पाउनुपर्ने ब्याज रू. ३ करोड ३२ लाख ५१ हजार ६८३ रहेको छ भने पाउनुपर्ने जग्गा बहाल रू. २ करोड ८१ लख ८२ हजार ७३३ रहेको छ जुन यसै आर्थिक प्रतिवेदनको अनुसूची ४.११ मा उल्लेख गरिएको छ ।
- असूलउपर गर्न बाँकी ब्याज असूलीको लागि संस्थाले नियमानुसारको असूली प्रक्रिया लाई थप प्रभावकारी ढंगले अघि बढाईरहेको र जग्गा बहाल तर्फ समिक्षा वर्षको अशोज महिना बाट आंशिक बहाल प्राप्त भई यस अवधिमा रू. ८७ लाख ८४ हजार ६ सय आम्दानी हुनुपर्नेमा रू. ४७ लाख १६ हजार ४६ नगद आम्दानी भएको व्यहोरा उल्लेख गर्न चाहन्छु ।

### ब्याज आम्दानी तथा अन्य आम्दानी:-

- आ.ब. २०८०/८१ मा ऋण लगानी तर्फको ब्याज आम्दानीमा अघिल्लो आर्थिक वर्षको तुलनामा १४.९४ प्रतिशतले कमी भई रू. २१ करोड ५८ लाख २१ हजार ५३ कायम भएको छ जुन अघिल्लो आ.ब. मा रू. २५ करोड ३७ लाख ७९ हजार ७७२ कायम कायम भएको थियो । त्यसैगरि बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त हुने ब्याजमा पनि अघिल्लो आ.ब. को तुलनामा समिक्षा बर्षमा २२.१८ प्रतिशतले कमी भई रू. ७ करोड ७० लाख ९ हजार १७७ कायम भएको छ जुन अघिल्लो बर्ष रू. ९ करोड ८९ लाख ६१ हजार १५२ रहेको थियो । समिक्षा बर्षमा बजार ब्याजदरमा कमी भई संस्थाको कर्जा लगानी तर्फको ब्याजदर तथा बैंक ब्याजदरमा समेत कमी भएको कारण यस तर्फको आम्दानीमा कमी हुन गएको व्यहोरा अनुरोध गर्दछु ।
- समिक्षा वर्षमा कर्जा लगानी तर्फको लगानी रकम र ब्याजदर दुबैमा गीरावट आएको तथा बैंक मौज्दात र बैंक ब्याजदर दुबैमा गीरावट भएको कारण समग्र ब्याज आम्दानीमा कमी भएको ब्यहोरा यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।
- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा संस्थाको कुल कर्जाको तुलनामा १६.३० प्रतिशत ब्याज आम्दानी कायम हुन पुगेको छ जुन अघिल्लो बर्ष १७.८४ प्रतिशत कायम हुन पुगेको थियो । समिक्षा बर्षमा संस्थाको कर्जा लगानी तर्फको ब्याजदरमा कमी भई यस्तो अनुपात घट्न गएको व्यहोरा जानकारी गराउन चाहन्छु । साथै चालु आर्थिक वर्षमा समेत ऋण लगानी तर्फको ब्याजदर क्रमशः घट्दै गएकोले आगामी दिनमा यस्तो अनुपान अझ घट्ने प्रक्षेपण गरिएको छ ।
- आर्थिक वर्ष २०८०/८१ मा संस्थाको अन्य सञ्चालन आम्दानी तर्फ १४.०६ प्रतिशत्ले वृद्धि भई रू २ करोड ३१ लाख ३५ हजार ८९९ कायम भएको छ जुन अघिल्लो आ.ब. मा रू. २ करोड २ लाख ८३ हजार ८२५ कायम भएको थियो । समिक्षा अवधिमा ऋणको ब्याजदरमा कमी भएसंगै कर्जा परिचालन वृद्धि भएको कारण प्रक्रियागत शुल्क तर्फको आम्दानीमा वृद्धि हुनुका साथै जग्गा बहाल आम्दानीमा वृद्धि भई यसतर्फको आय वृद्धि भएको व्यहोरा सदस्य महानुभावहरू समक्ष अनुरोध गर्न चाहन्छु ।

### ब्याज खर्च:-

- आर्थिक वर्ष २०८०/८१ मा संस्थाको ब्याज खर्चमा अघिल्लो आ.ब. को तुलनामा २०.८८ प्रतिशतले कमी आई रू. २३ करोड ५३ लाख १ हजार ४३० खर्च भएको छ जुन अघिल्लो बर्षको यसै अवधिमा रू. २९ करोड ७४ लाख १३ हजार ५३५ खर्च भएको थियो । यस अवधिमा खास गरि बजार ब्याजदरमा अस्वाभाविक रूपमा गीरावट आएको कारण संस्थाले पनि सो अनुरूप हुने गरि समय सापेक्ष ब्याजदर घटाएको र संस्थाको कुल बचत रकममा समेत कमी भएकोले यस्तो खर्च कम भएको ब्यहोरा अनुरोध छ ।
- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा संस्थामा रहेको कुल निक्षेपको तुलनामा उक्त आ.ब. को ब्याज खर्च १०.४७ प्रतिशत् कायम भएको छ जुन अघिल्लो आ.ब. मा १२.१८ प्रतिशत् कायम भएको थियो ।
- आ.ब. २०८०/८१ मा संस्थाको कुल ब्याज आम्दानी को तुलनामा व्याज खर्च अनुपात ८०.३४ प्रतिशत कायम हुन पुगेको छ जुन अघिल्लो बर्ष ८४.२५ प्रतिशत कायम भएको थियो । समिक्षा बर्षमा बचत तथा आवधिक वचतको ब्याजदरमा कमी आएसंगै कुल बचतमा आवधिक बचतको

मात्रामा समेत कमी आई समग्र ब्याज खर्चमा कमी आएको कारण यस्तो अनुपातमा सुधार भएको व्यहोरा अनुरोध गर्दछु ।

कर्मचारी खर्चः-

- आर्थिक वर्ष २०८०/८१ मा संस्थाको कर्मचारी खर्चमा अघिल्लो आ.ब. को तुलनामा ०.३९ प्रतिशतको सीमान्त दरले कमी भई रू ३ करोड ४६ लाख ६३ हजार ८०३ कायम भएको छ जुन अघिल्लो बर्ष रू. ३ करोड ४७ लाख ९९ हजार ८१० कायम भएको थियो ।
- आर्थिक वर्ष २०८०/८१ मा संस्थाले कर्मचारी प्रोत्साहन खर्च लगायतका खर्चमा समय सापेक्ष पुनरावलोकन गरेको र सार्वजानिक बिदाको दिनमा कार्यालय बिदा गरि ओभरटाईम खर्चमा कटौती गरिएको तथा कर्मचारी बोनस रकममा समेत कमी भएकोले यस तर्फको खर्चमा कमी भएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

कार्यालय सञ्चालन तथा अन्य खर्चः-

- संस्थाको कार्यालय सञ्चालन खर्चमा अघिल्लो आ.ब. को तुलनामा १५.०६ प्रतिशतले कमी भई आर्थिक वर्ष २०८०/८१ मा रू. १ करोड ८४ लाख ३५ हजार ९३० खर्च भएको छ जुन अघिल्लो बर्ष रू. २ करोड १७ लाख ६ हजार ३५५ खर्च भएको थियो ।
- समिक्षा बर्षमा संस्थाको ईन्धन खर्च, सुरक्षा खर्च, सहकारी कार्यक्रम खर्च, भत्ता खर्च, टेलिफोन तथा सञ्चार महसूल खर्च, विद्युत तथा पानी महसूल खर्च, मसलन्द छपाई तथा पत्रपत्रीका खर्च, अतिथी सत्कार तथा खाजा खर्च, मोवाईल एप्स खर्च जस्ता खर्चहरूमा उल्लेख्य मात्रामा कमी भएको छ भने बार्षिक सफ्टवेयर खर्च, परामर्स खर्च, पार्कीङ्ग शुल्क, घरबहाल खर्च, तालिम खर्च जस्ता खर्चमा वृद्धि भएको व्यहोरा जानकारी गराउँछु ।
- समिक्षा अवधिमा ह्रासकट्टी तथा परिषोधन खर्चमा अघिल्लो बर्षको तुलनामा १४.४३ प्रतिशतले वृद्धि भई रू. ५९ लाख १५ हजार ३८१ खर्च भएको छ जुन अघिल्लो बर्ष रू. ५१ लाख ६९ हजार १०० खर्च भएको थियो ।
- यसरी समग्र प्रशासनिक तथा सहकारी कार्यक्रम खर्च अघिल्लो बर्षको तुलनामा ४.९६ प्रतिशतले कम भएको व्यहोरा म यस सम्मानित सभा समक्ष जानकारी गराउँन चाहन्छु । समिक्षा बर्षमा संस्थाले लिएको समय सापेक्ष खर्च निती तथा मितव्ययी भई कार्यालय सञ्चालनमा जोड दिएको कारण समग्र खर्चमा कमी भएको व्यहोरा उल्लेख गर्न चाहन्छु ।

ऋण जोखिम व्यहोर्ने कोष :-

- आ.ब. २०८०/८१ को आषाढ मसान्तमा कायम रहेको कर्जाको विवरण अनुसार संस्थाबाट लगानी भएका कर्जाहरूमा सहकारी विभागको मापदण्ड अनुसार ऋण जोखिम व्यहोर्ने कोषमा व्यवस्था गर्दा रू. ६ लाख ९४ हजार ७५३ उक्त कोष व्यवस्था बाट फिर्ता भएको छ जुन अघिल्लो आ.ब. मा रू. ३३ लाख ९५ हजार ७०५उक्त कोष व्यवस्था बाट फिर्ता भएको थियो ।
- संस्थाले आ.ब. २०८०/८१ को अन्त्य सम्ममा कुल रू ४ करोड ७१ लाख ७५ हजार ६३७ कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ । उक्त रकम कुल कर्जाको ३.४४ प्रतिशत भएकोले आयकर ऐन २०५८ को दफा ५९ को १(ख) को व्यवस्था बमोजिम ५ प्रतिशतको सीमा भित्रै रहेको व्यहोरा म सदस्य महानुभावहरू लगायत सरोकारवाला निकायहरूको जानकारीको लागि यहाँ उल्लेख गर्न चाहन्छु । यस्तो अनुपात अघिल्लो आ.ब. मा ३.२६ प्रतिशत रहेको ब्यहोरा समेत उल्लेख गर्दछु ।

खुद बचत (मुनाफा):-

- आ.ब. ०८०/८१ मा संस्थाको खुद सञ्चालन मुनाफा गत आ.ब. को तुलनामा ३३.३७ प्रतिशतले वृद्धि भई रू. २ करोड १९ लाख ६९ हजार ५२४ कायम भएको छ जुन अघिल्लो बर्ष रू. १ करोड ६४ लाख ७२ हजार ५५५ कायम भएको थियो । यसैगरि कर पछिको नाफामा भने अघिल्लो बर्षको तुलनामा १६.८५ प्रतिशत्ले वृद्धि भई रू. १ करोड ७५ लाख ५० हजार १४२ कायम भएको छ ।
- समिक्षा बर्षमा नेपाल सरकारले सहकारी संघ संस्थाको आयकरको दरमा दोब्बर वृद्धि गरेको कारण कर खर्चमा बृद्धि भई करपछिको मुनाफामा कमी भएको ब्यहोरा अनुरोध गर्न चाहन्छु ।
- आर्थिक बर्ष २०८०/८१ मा संस्थाले शेयर सदस्यको कुल जायजेथामा ५.१७ प्रतिशतको दरले प्रतिफल आर्जन गरेको छ, जुन अघिल्लो आ.ब. मा ४.५५ प्रतिशत थियो ।
- आ.ब. २०८०/८१ मा संस्थाले रू. १८.७९ प्रतिशेयर आम्दानी कायम गर्न सफल भएको छ, जुन अघिल्लो आ.ब. मा रू. १५.३७ थियो । यसरी हेर्दा संस्थाको शेयर सदस्यहरूको प्रतिफल दर सुधारोन्मुख हुँदै गएको व्यहोरा म यस सम्मानित सभासमक्ष अनुरोध गर्न चाहन्छु ।

बचत (मुनाफा) को बाँडफाँडः-

- आ.ब. २०८०/८१ मा संस्थाले आर्जन गरेको खुद सञ्चालन मुनाफा बाट आयकर ऐन २०५८ को अनुसूची १ को दफा २ को उपदफा ३ बमोजिम करयोग्य आयको २० प्रतिशत अर्थात रू. ४४ लाख १९ हजार ३८२ आयकर व्यवस्था कायम गरि बाँकी रकमबाट सहकारी ऐन २०७४ को दफा ६८, ६९, ७०, ७१, संस्थाको पुनर्लिखित विनियम २०७६ को दफा ४४(३)अ तथा संचालक समितिको निर्णयानुसार सो को २५ प्रतिशत अर्थात रू. ३४ लाख ४३ हजार ५६१ जगेडा कोषमा छुट्याई बाँकी रकम लाई १०० प्रतिशत मानि सो मध्ये विनियमको दफा ४४(३)आ बमोजिम संरक्षित पूँजी कोषमा २५ प्रतिशत अर्थात रू. २५ लाख ८३ हजार र ०.५ प्रतिशत अर्थात रू. ५२ हजार सहकारी प्रवर्द्धन कोषमा छुट्याइ बाँकी रकम लाई १०० प्रतिशत मानि दफा ४४(३)इ बमोजिम शेयर लाभांश कोषमा सो को ७५ प्रतिशत अर्थात रू. ५७ लाख ७१ हजार तथा सहकारी विकास कोष, घाटा पूर्तिकोष, सामुदायिक विकास कोष, अन्य जोखिम व्यवस्था कोष, सहकारी शिक्षा कोष हरेकमा ५ प्रतिशत अर्थात ३ लाख ८५ हजार को दरले व्यवस्था गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । साथै यस सम्बन्धी विस्तृत विवरण यसै आर्थिक प्रतिवेदनको अनुसूची ४.१७ मा उल्लेख गरिएको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

### लाभांश वितरणको प्रस्तावः-

- आ.ब. २०८०/८१ मा शेयर लाभांश कोषमा छुट्ट्याईएको रकम मध्ये चालु आ.व. मा शेयर लाभांश कोषबाट शेयर सदस्यहरूलाई २०८१ आषाढ मसान्तमा संस्थामा कायम रहेको चुक्ता पूँजि र संस्थामा शेयर कायम भएको मितिको आधारमा ६ प्रतिशत (कर सहित) का दरले लाभांश वितरण गर्ने प्रस्ताव गरिएको छ । जुन अघिल्लो आ.ब. मा ४.७५ प्रतिशत रहेको थियो । समिक्षा बर्षमा संस्थाको शेयर लाभांश कोषमा छुट्ट्याएको रकम २०८१ असार मसान्तमा कायम भएको चुक्ता पूँजीको ६.१७ प्रतिशत भएकोले उक्त रकम लाभांश वितरणको लागि पर्याप्त रहने व्यहोरा अनुरोध गर्दछु । संस्थाको संचालक समितिले निर्णय गरि यस सभा समक्ष पेश गरेको यस प्रस्तावको यहाँ उपस्थित सम्पूर्ण सदस्यहरूले पूर्ण समर्थनका साथ पारित गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु ।

### संस्थाले प्रदान गर्ने सेवाहरूः

- बचत तथा ऋणः
  - संस्थाले सहकारी ऐन नियम तथा संस्थाको विनियम र बचत परिचालन आन्तरिक कार्यविधीको अधिनमा रहि आफ्ना सदस्यहरूको बचत स्विकार गर्ने र सदस्यहरूलाई ऋण प्रवाह गर्दै आएको छ ।
- रेमिटेन्स
  - संस्थाले विभिन्न रेमिटेन्स कम्पनीहरूको एजेण्ट लिई आफ्ना सदस्य तथा अन्य सेवाग्राहीहरूलाई आन्तरिक तथा अन्तरदेशीय विप्रेषण सेवा समेत प्रदान गर्दै आएको छ । जसमा हाल IME, City Express, Western Union, Nabil Remit, Himal Remit, Best Remit, Boom Remit, Prabhu Remit, जस्ता रेमिटेन्स सेवा प्रदायक कम्पनिहरूसंग सम्झौता गरि सेवा प्रदान गर्दै आएको छ ।
- अन्तरबैंक भुक्तानी सेवा (Connect-IPS, Corporate Pay)
  - संस्थाले नेपाल क्लियरिङ्ग हाउस लिमिटेड बाट सञ्चालित अन्तरबैंक भुक्तानी सेवा (Interbank Payment System-Corporate Pay) बाट आफ्ना सदस्यहरूले चाहेको बैंक खातामा रकम ट्रान्सफर गर्न सकिने गरि सेवा प्रदान गर्दै आएको छ जसबाट सदस्यहरूले नगर रहित कारोवार लाई अंगाल्दै भुक्तानी प्राप्त गर्ने व्यक्ति वा संस्थाको खातामा पठाउन सक्नुहुनेछ । नगद कारोवारको सीमाभन्दा बढीको कारोवार तथा नगद रहित कारोवारको लागि यो सेवा अत्यन्तै प्रभावकारी भएको हाम्रो अनुभव रहेको छ ।
- मोवाईल वालेट (Nawakantipur Smart App)
  - संस्थाले सदस्यमहानुभावहरूको चाहना लाई प्रविधी मैत्री बनाउँदै Nawakantipur Smart नामक मोवाईल एप्लिकेशनको माध्यमबाट सदस्यहरूलाई सूविधा प्रदान गरिरहेको छ । जसबाट सदस्य महानुभावहरूले आफ्नो खाताको कारोवारको सम्पूर्ण विवरण आफ्नो मोवाईल मार्फत जानकारी राख्न सक्नुहुनेछ । यसका अलावा मोवाईल टपअप, टेलिफोन तथा विद्युत महशूल भुक्तानी, एयरलाईन्स टिकेटिङ्ग, टि.भी. तथा ईन्टरनेट महसूल भुक्तानी, Fonepay Direct, अन्तरबैंक रकम ट्रान्सफर, QR भुक्तानी, स्कुल कलेजको शुल्क भुक्तानी, सरकारी कर भुक्तानी, लगायतका विभिन्न सेवा यस App बाट प्राप्त गर्न सक्नुहुनेछ ।
- ATM सूविधा
  - संस्थाले विगत बर्षदेखि नै Smart Choice Technology (SCT) संगको सहकार्यमा आफ्ना सदस्यहरूलाई ATM सेवा प्रदान गर्दै आएको छ । यसबाट सदस्यहरूले २४ सै घण्टा Cash तथा POS सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको र यस सेवा मार्फत सदस्यहरूले SCT नेटवर्कमा आवद्ध विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको ATM बाट रकम भुक्तानी लिन सकिनुका सार्थ स्मार्ट QR मार्फत भुक्तानी गर्न सकिने व्यवस्था समेत रहेको व्यहोरा अनुरोध छ ।
- QR भुक्तानी तथा संकलन सेवाः
  - संस्थाले आफ्ना सदस्यहरूको आर्थिक कारोवारलाई डिजिटल प्रविधीबाट सञ्चालन गर्नको लागि नेपाल राष्ट्र बैंकबाट स्विकृति प्राप्त भुक्तानी सेवा प्रदायक संस्था Fonepay संगको सहकार्यमा QR भुक्तानी तथा संकलन सेवाको पनि शुरूवात गरेको छ । यस मार्फत सदस्य महानुभावहरूले आफ्नो बचत जम्मा तथा ऋण भुक्तानी डिजिटल माध्यमबाट गर्न सक्नुहुनेछ । नगद रहित भुक्तानी प्रणाली लाई प्रोत्साहन गर्ने सरकारी निती अनुरूप यहाँहरूको संस्थाले पनि यस प्रविधी लाई अंगीकार गरेको छ । हाल QR कारोवारको रकम सदस्यहरूको खातामा Live Settlement कार्यको थालनी समेत भईसकेको व्यहोरा सदस्य महानुभावहरूलाई जानकारी गराउँन चाहन्छु ।

  युवा पुस्तामाझ लोकप्रिय डिजिटल भुक्तानी सेवा जस्ता अनलाईन प्रणालीले नगद रहित कारोवार लाई प्रोत्साहन गर्ने सरकारी निती लाई समेत टेवा पुग्नेछ भन्ने हामीलाई लागेको छ । "तपाईंको खाता तपाईंकै हातमा, नवकान्तिपुर स्मार्ट एप तपाईंको साथमा" भन्ने नाराका साथ संस्थाले हाल सञ्चालनमा रहेको मोवाईल एपलाई BankXP Version मा अपग्रेड गर्ने प्रक्रिया समेत आरम्भ गरिसकेको व्यहोरा म सदस्य महानुभावहरूलाई जानकारी गराउँन चाहन्छु ।

### सम्पत्ति शुद्धिकरण निवारण ऐनको पालनाः

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐनमा भएका व्यवस्थाहरूलाई पालना गर्दै लगेको छ । सम्पत्ति शुद्धिकरण निवारण ऐन, नियमावली तथा वित्तीय जानकारी ईकाईले समय समयमा दिएको निर्देशन तथा सहकारी विभागले मिति २०७४/१०/१५ तथा २०८०/०४/२२ मा सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन बमोजिम संस्थाले कार्यान्वयन अधिकृत र अन्य अधिकृतहरूको व्यवस्था गरि GoAML Reporting System मार्फत सीमा भन्दा बढीको नगद कारोवार लाई रिपोटिङ्ग गरिरहेको छ । संस्थाले सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधी २०७६ लागु गरि कार्यान्वयन गरेको छ । अनलाईन कारोवार गर्ने सम्पूर्ण सदस्यहरूको सदस्य पहिचान विवरण तथा सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सदस्यता अद्यावधिक गर्ने गरिएको छ । खासगरि संगठीत अपराध तथा राजश्व छलीबाट आर्जित सम्पत्तिको व्यवस्थापन तथा शंकास्पद कारोवारमा संस्थालाई प्रयोग हुन नदिन आवश्यक सावधानीहरू अपनाईएको छ । संस्थाले ऋण लगानी गर्दा सदस्यहरूबाट आवश्यक धितो

# कर्जा मिश्रण (पोर्टफोलियो)

| ऋण शिर्षक | ०८० आषाढ मसान्त | | ०८१ आषाढ मसान्त | |
|---|---|---|---|---|
| | रकम | कुल कर्जामा % | ब्यापारिक ऋण | कुल कर्जामा % |
| ब्यापारिक ऋण | ४३२,०२८,२३२.५४ | २९.३७% | ३९५,४८२,५२०.६० | २८.८३% |
| सामुहिक जमानी ऋण | २८,९४१,०३२.२५ | १.९७% | २७,२७६,७४५.९२ | १.९९% |
| हायर पर्चेज ऋण | ९०,५४१,२१८.९२ | ६.१६% | ७४,७२१,३०७.९२ | ५.४५% |
| आवधिक बचत धितो ऋण | ६६,९१४,८४८.२० | ४.५५% | २५,७३४,८१३.८१ | १.८८% |
| घर निर्माण तथा जग्गा खरीद ऋण | ४३५,९६३,३८८.५७ | २९.६४% | ३८०,५०८,५९६.१२ | २७.७४% |
| शैक्षिक ऋण | ९,४४०,६२८.३१ | ०.६४% | ५,५७७,१८१.३१ | ०.४१% |
| कृषि ऋण | २,४९१,५७९.०७ | ०.१७% | २०,९१३,८२५.६६ | १.५२% |
| कर्मचारी व्यक्तीगत, सवारी साधन तथा घर ऋण | ९१,४३३,७५६.०२ | ६.२२% | ८५,३४२,२९९.२९ | ६.२२% |
| अल्पकालीन व्यवसायिक ऋण | १,९९७,८८२.३७ | ०.१४% | १,६०७,४१६.११ | ०.१२% |
| व्यक्तिगत ऋण | ११९,५८०,६६२.०० | ८.१३% | १३१,७९७,९११.४९ | ९.६१% |
| एन.एम.सि. सजिलो ऋण | १९१,५३५,५४१.०१ | १३.०२% | २२२,९२३,८७५.२५ | १६.२५% |
| **जम्मा** | १,४७०,८६८,७६९.२६ | १००.००% | १,३७१,८८६,४९३.४८ | १००.००% |

# निक्षेप मिश्रण (पोर्टफोलियो)

| निक्षेप शिर्षक | ०८० आषाढ मसान्त | | ०८१ आषाढ मसान्त | |
|---|---|---|---|---|
| | रकम | कुल निक्षेपमा % | रकम | कुल निक्षेपमा % |
| वचत खाता : | ८२७,४२७,०२८.९५ | ३३.९०% | ९५५,९१३,५७४.६३ | ४२.५५% |
| आवधिक बचत | १,६०४,३०१,१०५.७७ | ६५.७३% | १,२८२,४६८,६१९.०० | ५७.०८% |
| कर्मचारी खाता | ९,१७२,६४१.९७ | ०.३८% | ८,२५९,८६६.७८ | ०.३७% |
| जम्मा | २,४४०,९००,७७६.६९ | १००.००% | २,२४६,६४२,०६०.४१ | १००.००% |



लिई ऋण उपभोग गर्नुको प्रयोजन समेत स्पष्ट खुलाई कानूनी कारोवार गर्ने सदस्यहरूलाई मात्र कर्जा प्रदान गर्दै आएको छ । तोकिएको सीमा भन्दा बढीको भुक्तानी तथा कम्पनिको नाममा जारि भएको भुक्तानी पूर्जालाई अनिवार्य एकाउण्ट पेयी चेकमार्फत वा Corporate Pay मार्फत् अनलाईन भुक्तानी गर्ने गरिएको छ । बीलहरूको भुक्तानी गर्दा सम्बन्धित कम्पनिको नाममा IPS वा चेक मार्फत भुक्तानी गर्ने गरिएको छ । रू. १ लाख भन्दा बढी नगद जम्मा गर्ने सदस्यहरू लाई रकमको श्रोत स्पष्ट रूपमा खुलाई बचत लिने गरिएको छ । नगद जम्मा गर्दा र नगद भुक्तानी गर्दा सम्बन्धित व्यक्तिको आधिकारिक परिचयपत्रको प्रतिलिपी राख्ने व्यवस्था गर्नुको साथै संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको एकिन गरि बसोबासस्थल र पेशा सम्बन्धि पूर्ण जानकारी लिई सञ्चालक समितिको स्विकृतीमा मात्र सदस्यता प्रदान गर्ने व्यवस्था गरिएको छ । संस्थाको CBS (Core Banking System) लाई अद्यावधिक गरि सम्बन्धित सदस्यको आधिकारीक मोवाईलमा कारोवारको SMS जाने व्यवस्था गरिएको छ । संस्थामा गरेको कारोवार र पेशागत आधारमा सदस्यहरूको जोखिमको वर्गिकरण गर्ने गरिएको छ । संस्थाले कारोवारमा हुनसक्ने जोखिमहरू लाई आंकलन गर्दै कार्यरत कर्मचारीहरूलाई उक्त विषयमा समय समयमा विभिन्न तालिम तथा गोष्ठीहरूमा सहभागि गराउँदै आएको छ । संस्थाले आफ्नो वेभसाईट www.nawakantipur.com.np तथा संस्थाको आधिकारिक फेसबुक पेज मार्फत सूचना प्रकाशित गरि सदस्यहरूलाई आफ्नो विस्तृत सदस्यता पहिचान सम्बन्धि विवरणहरू अद्यावधिक गर्न अनुरोध गर्दै क्रमशः कार्यान्वयन गर्दै लगिएको छ । साथै आगामी दिनहरूमा यस्ता कार्य लाई थप प्रभावकारी ढंगले व्यवस्थित गर्दै संघीय सहकारी विभागले यस संस्थाको सघन अनुगमन पश्चात् दिएका निर्देशनहरूको परिपालनामा जोड दिँदै लगिनेछ ।

### प्रविधी

देशको अधिकांश क्षेत्रमा स्मार्टफोन र ईन्टरनेटको पहुँचमा वृद्धि हुँदै गएको र नेपाल राष्ट्रबैंकले समेत डिजिटल पूर्वाधारलाई प्राथमिकता दिएको कारण डिजिटल कारोवारमा वृद्धि हुँदै गएको छ । वर्तमान समयमा समयसापेक्ष प्रविधीको अबलम्बन गरि सदस्य महानुभावहरूमा सर्वसुलभ तथा भरपर्दो सेवा प्रदान गर्नु संस्थाको पहिलो प्राथमिकतामा रहेको छ । सदस्य महानुभावहरूको समय एवं लगानीको अधिकतम् प्रतिफल प्रदान गर्न सकियोस् भन्ने कुरामा संचालक समिति तथा कर्मचारी वर्गको ध्यान केन्द्रित छ । संस्थामा हाल प्रयोग

भईरहेको Pumori Plus IV सफ्टवेयरको नयाँ पछिल्लो भर्सन अद्यावधिक, QR भुक्तानी प्रणालीको Live Settlement, प्रविधीमैत्री मोवाईल एप्लिकेशन प्रणाली "नवकान्तिपुर स्मार्ट एप" सञ्चालन जस्ता बिषयहरूले संस्थाको समग्र सञ्चालन खर्चमा मितव्ययीता सिर्जना गरि सदस्यहरूको समयको समेत बचत भएको छ भन्ने हामीलाई लागेको छ । जसले गर्दा सदस्यहरूले संस्थामा रहेको आफ्नो खाताको सम्पूर्ण विवरण सुरक्षित ढंगबाट आफ्नो मोवाईल मार्फत नै लिन सक्नुहुनेछ । यसका अतिरिक्त मोवाईलमा ब्यालेन्स रिचार्ज, बील भुक्तानी, आफ्नो संस्थामा तथा अन्य बैंक तथा वित्तीय संस्थामा रकम ट्रान्सफर गर्ने, QR भुक्तानी, पे अर्डर स्लिप अनुरोध गर्ने, स्टेटमेन्टको लागि अनुरोध गर्ने, संस्थालाई आफूले दिन चाहेको सल्लाह सुझावहरू तत्काल दिन सक्ने व्यवस्था गरिएको छ । संस्थाले Smart Choice Technology (SCT) र हिमालयन बैंक लिमिटेड संगको सहकार्यमा ATM सेवा समेत प्रदान गरिरहेको छ । यसका अलावा संस्थाको QR संकलन सेवाले सदस्यहरूको संस्थामा रहेको खातामा डिजिटल माध्यमबाटै बचत रकम जम्मा हुने व्यवस्था गरिएको छ । यसका साथै आगामी दिनमा कारोवारको ईमेल अलर्ट सूविधा जस्ता सुविधाहरू उपलब्ध गराउँदै जाने बाचा गर्दै बजारमा उपलब्ध नविनतम प्रविधिलाई उपयोगमा ल्याउदै जाने प्रतिबद्धता समेत म यहाँहरू समक्ष व्यक्त गर्न चाहन्छु ।

## मानव संशाधन

संस्थाको सफल व्यवस्थापन गर्न र प्रतिश्पर्धात्मक बजारमा समय सापेक्ष प्रविधीको अनुसरण गरि कार्य गर्न योग्य, क्षमतावान, कर्तव्यनिष्ट एवं उत्साही कर्मचारीको भुमिका महत्वपूर्ण हुन्छ । सहकारी सम्बन्धि प्रचलित कानून तथा निती नियमहरूको परिपालना गर्दै संस्था सञ्चालन गर्न, सहकारीका विभिन्न मुल्य मान्यताहरूलाई व्यवहारमा लागु गरि संस्थागत जोखिमलाई न्यूनिकरण गर्दै कार्य संचालन गर्न, सदस्यहरूलाई भरपर्दो सेवा प्रदान गरि संस्थाप्रति विश्वस्त तुल्याउन, सदस्यहरूको अधिकतम् हितको निमित्त संस्थाको श्रोत साधनहरूको परिचालन गर्न संस्थामा कार्यरत कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहन्छ । क्षमतावान् कर्मचारीहरूले मात्र संस्थामा प्रभावकारी कार्य सम्पादन गर्न सक्छन् र संस्थाको लागत प्रभावकारितामा वृद्धि भई उत्पादकत्वमा वृद्धि हुन्छ भन्ने मान्यताका साथ "उचित पदमा उचित कर्मचारी" को अवधारणा लाई आत्मसाथ गरिएको छ । संस्थाले विगत देखि नै संस्थामा अविच्छिन्न रूपमा १५ बर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरूलाई शिल्ड तथा प्रमाणपत्र र रू. ७५००१/- नगद सहितको दीर्घ सेवा पदक द्धारा सम्मान गर्ने गरिएको छ । साथै कर्मचारीहरूको दीर्घकालिन हितलाई ध्यानमा राख्दै श्रम ऐन तथा नियम बमोजिम सामाजिक सूरक्षा कोषमा आबद्ध गराईएको छ ।

### Interest Income & Exp. Analysis




### Deposit Mix




### Credit Deposit Ratio




### Position of Deposit & Loan



सामाजिक सूरक्षाकोष व्यवस्था लागु हुनुभन्दा अघिदेखि संस्थामा कार्य गरिरहनुभएका कर्मचारीहरूको सेवा निवृत्त जिवन सुखमय बनाउन संस्थाको कर्मचारी प्रशासन आन्तरिक कार्यविधी बमोजिम संस्थामा योगदान गरेको अवधिको आधारमा प्रतिबर्ष अधिकतम् २ महिनासम्मको तलब बराबरको रकम उपदान प्रदान गर्ने व्यवस्था गरिएको छ । संस्थाका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम कार्यक्रमहरूमा सहभागी गराउने व्यवस्था गरिएको छ । संस्थाले समिक्षा बर्षमा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार कर्मचारीहरूको सेवा निवृत्त अवस्थाको सूविधा मूल्यांकन प्रतिवेदन (Actuary Valuation) समेत तयार गरि सो को लागि आवश्यक व्यवस्था गरिएको ब्यहोरा समेत उल्लेख गर्न चाहन्छु ।

## सदस्यहरूको दिगो विकास तथा सामाजिक उत्तरदायित्व

"एकका लागि सबै र सबैका लागि एक" भन्ने मूल मान्यताबाट अभिप्रेरित भएर नै सहकारी संगठन को विकास हुने भएकोले संस्थाले आफ्ना सदस्यहरू लगायत समाजमा छरिएर रहेका अन्य विभिन्न वर्गहरूको हितमा समेत कार्य गरि संस्थालाई समाज कै एक अभिन्न अङ्ग को रूपमा विकास गर्न सदा अग्रसर रहिआएको छ । संस्थागत सामजिक उत्तरदायित्वलाई सम्बोधन गर्न सहकारी ऐनमा नै सामुदायिक विकास कोषमा ५ प्रतिशत अनिवार्य छुट्ट्याउनु पर्ने व्यवस्था गरेको छ । यसका अलावा सहकारी विकास कोष, घाटा पूर्ति कोष, सहकारी शिक्षा कोष लगायतको व्यवस्थाले सहकारी संस्थालाई एउटा समाजवाद उन्मुख सामाजिक संस्थाको रूपमा अघि बढाउने कोसिस गरेको पाईन्छ । संस्थाको संचालन मुनाफाबाट शिक्षा, स्वास्थ्य, खेलकुद तथा वातावरणीय प्रदुषण नियन्त्रणको क्षेत्रमा खर्च गरि संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गरिरहेको छ । समिक्षा बर्षमा संस्थाले आकास भैरव भजन खलः लगायतका संस्थालाई आर्थिक सहयोग प्रदान गरेको छ । यसका अलावा संस्थाको सम्पर्कमा आएका विभिन्न असहाय र अनाथ व्यक्तिहरूलाई समेत आर्थिक सहयोग प्रदान गर्दै आएको छ । यसैगरि संस्थाले आर्थिक रूपले विपन्न व्यक्तिहरूको शिक्षा, स्वास्थ्य उपचार मा केहि आर्थिक सहयोग प्रदान गरेको र खेलकुद क्षेत्रमा आबद्ध संघ संस्था र क्लवहरूमार्फत खेलकुद क्षेत्रमा समेत आर्थिक सहयोग गरिरहेको व्यहोरा म सदस्यमहानुभावहरू समक्ष जानकारी गराउन चाहन्छु । समिक्षा बर्षमा संस्थाको सामुदायिक विकास कोषबाट खर्च गरि SEE परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने सदस्यका ११ जना सन्ततीहरू लाई जनही रू. १०,००१/– नगद सहित 'नवकान्तिपुर एस ई ई सम्मान २०८०' द्धारा सम्मान गरेको छ । संस्थाका २ जना जेष्ठ सदस्य (१ जना महिला र १ जना पुरूष) हरूलाई समेत रू. १०,००१/– सहित 'नवकान्तिपुर जेष्ठ सदस्य सम्मान २०८०' द्धारा सम्मान गर्नुको साथै बचत र ऋण तर्फ उत्कृष्ठ कारोवार गर्ने २/२ जना सदस्यहरूलाई 'नवकान्तिपुर उत्कृष्ट सदस्य सम्मान २०८०' प्रदान गरेको छ ।  संस्थाले गरेको यस पवित्र कार्यबाट संस्थामा आवद्ध सबै सदस्यहरू गौरवान्वित हुने र भविष्यका कर्णधारहरूलाई समेत हौसला प्राप्त भई संस्थाको दीर्घकालिन छवी उच्च हुने विश्वास गरिएको छ । संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरूको तर्फबाट सामाजिक भावनाबाट प्रेरित भएर गरेका यस्ता सामाजिक कार्यहरू बाट यस संस्था विभिन्न अवसरमा सम्मानित समेत भएको व्यहोरा अवगत गराउँदै संस्थाले पाएको उक्त सम्मान संस्थामा आबद्ध सबै सदस्यहरूको सम्मान हो भन्ने हामीले महसुस गरेका छौं ।

## संस्थागत सुसासन तथा जोखिम ब्यवस्थापन

संस्था सञ्चालनका प्रक्रिया, प्रणाली र अभ्यासलाई पारदर्शी, उत्तरदायी, सदस्यसहभागीतामुलक र प्रभावकारी ढंगले सञ्चालन गर्नको लागि संस्थामा कार्यरत जिम्मेवार निकायहरू सदा प्रतिबद्ध छन् । संस्थाले आफ्ना हरेक क्रियाकलापहरू सदस्य केन्द्रियतामा आधारित भई सञ्चालन गरेको र संस्थामा व्यवसायिक वातावरण निर्माण र जोखिम व्यवस्थापन लाई समानान्तर रूपले अगाडि बढाईरहेको कुरा म यहाँहरूमाफ अनुरोध गर्न चाहन्छु । संस्थाको नेतृत्वले गर्ने हरेक निर्णयले संस्थाको दीर्घजिवनमा असर पर्ने भएकोले त्यस्ता निर्णयको दीर्घकालिन प्रभाव आंकलन गर्दै उच्चतम् अनुभव एवं दक्षतापूर्ण निर्णयलाई सदैव आत्मसाथ गर्दै आएको छ । संस्थामा सबै सरोकारवालाहरूमाफ पर्याप्त छलफल गरि निर्णयहरू गर्ने गरिएको छ । सहकारी मूल्य, मान्यताहरूलाई व्यवहारिक रूपमा लागु गर्दै वित्तीय प्रणालीका नविनतम अभ्यासहरूलाई अनुसरण गर्न र संस्थागत सुसासन कायम राख्न आवश्यक निती, विधी तथा प्रविधीहरूको अनुशरण गरिएको छ । संस्थामा रहेको वित्तीय श्रोतलाई सदस्यहरूको चौतर्फी हितमा उपयोग गर्न आवश्यक पहल गरिएको छ ।

संस्थाले प्रवाह गर्ने सेवाहरूमा पारदर्शीता कायम गर्न कार्यालय परिसरमा सदस्य बडापत्रको व्यवस्था गरिएको छ । संस्थाले समय समयमा कर्मचारी भेला, समिति उपसमिति बैठक तथा भेलाहरू, विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरि 'सदस्यको कुरा सुन्ने र संस्थाका कुरा भन्ने' कार्य गरिरहको व्यहोरा उल्लेख गर्न चाहन्छु । संस्थाले कर्जा सम्बन्धि जोखिमलाई प्रमुख जोखिमको रूपमा पहिचान गरेको छ । ऋण प्रवाह गर्दा संस्थामा सूचिकृत धितो मुल्याङ्कनकर्ताद्धारा धितोको मूल्याङ्कन गरि संस्थाको कर्जा लगानी तथा असूली आन्तरिक कार्यविधीको अधिनमा सदस्यको आम्दानीको श्रोत र लगानीको प्रयोजनको विश्लेषण गरि कर्जा प्रवाह गर्ने गरिएको छ । उत्पादनमुलक र आयमुलक कर्जा लाई सहुलीयत दरमा प्राथमिकताका साथ लगानी गर्ने संस्थाको निती रहेको छ । कर्जा लगानीमा हुनसक्ने जोखिम पहिचान गर्न विभिन्न तहबाट सिफारिस प्राप्त भएपश्चात् ऋण उपसमिति तथा सञ्चालक समितिको सामुहिक निर्णयबाट ऋण प्रवाह गर्ने व्यवस्था गरिएको छ । ऋण उपसमितिले कर्जाको गुणस्तर परिक्षण गरि खराब कर्जा असूलीको लागि आवश्यक कानूनी कार्य गर्न सञ्चालक समिति समक्ष सिफारिस गर्ने काम समेत गर्दै आएको छ । संस्थाले सहकारी विभागद्धारा जारी गरिएको मापदण्ड अनुरूप कर्जालाई वर्गिकरण गरि कर्जाको जोखिम व्यवस्थापन कोषको व्यवस्था समेत गरेको छ ।

सञ्चालनमा देखिन सक्ने जोखिम न्यूनिकरणको लागि सदस्यहरूको कारोवार तथा पेशाको आधारमा जोखिम वर्गीकरण गरि सो अनुसार मूल्यांकन कार्यलाई अगाडि बढाईरहेको छ । नगद कारोवारमा हुने जोखिम न्यूनिकरण गर्न नगद रहित कारोवार लाई प्रोत्साहन गर्दै मोवाईल भुक्तानी सेवा तथा विद्युतीय भुक्तानी सेवा सञ्चालनमा ल्याएको छ । यसैगरि रू १० लाख भन्दा बढीको भुक्तानीहरू र कम्पनीको नामका भुक्तानीहरू IPS बाट गर्ने व्यवस्था गरिएको

छ । संस्थाको सम्पूर्ण कारोवार सिसि टिभि निगरानिमा भएकोले भिडभाड तथा जालसाजि प्रयास निरूत्साहित हुने अपेक्षा गरिएको छ । संस्थाले भल्ट र काउण्टरमा रहने नगदको बीमा गरेको छ । संस्थामा रहेका सवारीसाधनहरू तथा कार्यालय उपकरण र फर्निचर सामानहरूको समेत बीमा गरि यसमा अन्तर्निहित जोखिमहरूलाई न्यूनिकरण गर्ने प्रयत्न गरिएको छ ।

संस्थाको कारोवार व्यवस्थापन ठीक दुरूस्त भए नभएको जाँच गरि संचालक समिति लाई सुझाव तथा निर्देशन दिन लेखा सुपरिवेक्षण समितिले सक्रिय भुमिका निर्वाह गरिरहेको छ । संस्थाले आन्तरिक र बाह्य लेखापरिक्षण लाई प्रभावकारि गराई प्रारम्भिक प्रतिवेदन मार्फत प्राप्त सुझावहरू तथा नियामक निकायबाट भएको सघन अनुगमन बाट प्राप्त सुझावहरू लाई कार्यान्वयन गर्दै व्यहोरा अनुरोध गर्दै आगामी दिनहरूमा उक्त कार्यलाई थप प्रभावकारी बनाईनेछ । सहकारी ऐन तथा नियमावली र निर्देशनहरूको पालनाको निमित्त आवश्यक सांगठनिक संरचना निर्माण र कार्यप्रणालीको विकाश गर्नुपर्ने भएकोले सो को लागि आवश्यक निर्णयहरू लिईएको छ ।

संस्थाको कारोवार प्रविधी मैत्री बन्दै गएको परिप्रेक्षमा संस्थाले सूचना प्रविधि निती तयार गरि लागु गर्नुपर्ने नियामक निकायको निर्देशन बमोजिम संस्थाले उक्त नितीको मस्यौदा सञ्चालक समितिबाट स्विकृत गरि पारितको लागि यसै सभा समक्ष पेश गरिएको ब्यहोरा अनुरोध गर्दछु । यसका अलावा सदस्यहरूको धितो मूल्यांकनको लागि बाह्य मूल्यांकनकर्ता लाई सहज हुने हेतुले धितो मूल्यांकन निती तयार गरि पेश गरिएको ब्यहोरा समेत अनुरोध छ । संस्थाका कार्यक्रमहरू सदस्यमुखी गराउन र सदस्यहरूको सुझावलाई आत्मसाथ गर्दै अगाडि बढ्नको लागि संस्थाले विभिन्न माध्यमबाट सुझाव संकलन गर्दै सोहि अनुरूप आफ्ना निती तथा कार्यक्रमहरू लागु गर्दै अगाडि बढिरहेको छ । संस्थाले आफ्नो अन्तरविभागीय सुचना आदान प्रदानको लागि भरपर्दो र सजिलो सुचना प्रणाली स्थापीत गरेको छ । जसले गर्दा कर्मचारी हरूले एक अर्काको ज्ञान, सीप तथा अनुभवहरूलाई आदान प्रदान गर्न सजिलो भएको मैले महसूस गरेको छु ।

### संस्थाको भावि निती तथा कार्यक्रम र बजेटः

संस्थाको दीर्घकालिन सञ्चालनको लागि स्पष्ट मार्गनिर्देशनको अति आवश्यक हुने गर्दछ । यसको लागि संस्थाको स्पष्ट निती तय गरि निती लाई कार्यान्वयन गर्नको लागि ठोस कार्यक्रमहरूको आवश्यक हुन्छ । यस संस्थाले विगत २७ बर्षको दौरानमा गरेका कार्यहरू, भोगेका अनुभवहरू र सोको आधारमा प्राप्त उपलब्धिहरूको विश्लेषण गर्दा संस्थामा आवश्यक पर्ने निती तथा रणनितीहरूले संस्थालाई जिवन्त राख्न महत्वपूर्ण भूमिका खेलेको व्यहोरा उल्लेख गर्न चाहन्छु । संस्थाका सदस्यहरूको आडले जनमानसमा व्याप्त सहकारीप्रतिको नकारात्मक अवधारणालाई छिचोल्दै, विभिन्न प्रतिकुलताहरूलाई सामना गर्दै अगाडि बढीरहेको यस संस्थाले पछिल्लो अवधिमा मुनाफाको दृष्टिकोणबाट हेर्दा आशातित सफलता नपाएपनि असल व्यवस्थापकीय अभ्यास र सदस्यहरूलाई प्रदान गरेका उच्च गुणस्तरको सेवाले संस्थाप्रतिको विश्वसनीयतामा वृद्धि भएको महसुस भएको छ । संस्थामा कार्यरत दक्ष र अनुभवी कर्मचारीहरू, संस्थाप्रति प्रतिबद्ध सदस्यहरू र सहकारी ऐन नियम र संस्थाले तय गरेको विधी र पद्धती अनुरूप निर्णय गर्न प्रतिबद्ध सञ्चालकहरू, उपयुक्त सल्लाह प्रदान गर्ने सल्लाहकार, संस्थालाई विधी पद्धतीको लगाम लगाउने लेखा सूपरिवेक्षण समिति तथा ऋण उपसमिति नै संस्थाको महत्वपूर्ण सम्पत्ती हो भन्ने ब्यहोरा उल्लेख गर्दै आगामी आ.ब. २०८१/८२ को लागि संस्थाले निम्न निती तथा कार्यक्रमहरू तय गरेको व्यहोरा म यस सम्मानित सभा समक्ष उल्लेख गर्न चाहन्छु :

### शेयर सदस्यता सम्बन्धि निती तथा कार्यक्रम

- नयाँ सदस्यता प्रदान गर्दा सहकारी ऐन नियम र मापदण्ड तथा संस्थाको विनियम बमोजिम सदस्यताको लागि योग्य नेपाली नागरिक र संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाणको आधारमा संस्थाको कारोवारमा थप योगदान पुर्‍याई संस्थालाई जिवन्त राख्न योगदान पुर्‍याउन सक्ने व्यक्तिहरूलाई प्रदान गरिनेछ ।
- सदस्यताको लागि सम्बन्धित व्यक्तिले शेयर आवेदन फर्मका अतिरिक्त सम्पत्ती शुद्धिकरण निवारण ऐन र यसको अधिनमा रहि संघीय सहकारी विभागद्धारा जारी गरिएको निर्देशिकाको प्रावधान बमोजिम सदस्य पहिचान विवरण भरि तोकिएको आवश्यक कागजात पेश गरेपश्चात प्रदान गरिनेछ ।
- निक्षेपको तुलनामा शेयर रकम वृद्धि गर्दै लाने संस्थाको निती रहनेछ ।
- शेयर वितरण गर्दा प्रतिब्यक्ति शेयर सीमा संस्थाको कुल शेयर रकमको १ प्रतिशत कायम गरिनेछ । सो सीमा भन्दा बढी शेयर एकै सदस्यमा रहेको भए १ बर्ष भित्र सीमा कायम हुने गरि आवश्यक कार्य अघि बढाईनेछ ।
- आ.व. २०८०/८१ को मुनाफाबाट आ.व. २०८१/८२ मा वितरण गरिने संरक्षित पूँजी फिर्ता कोष वापतको रकम सदस्यहरूको बचत खातामा जम्मा गरिनेछ ।
- गत आ.व. को खुद वचतबाट शेयर सदस्यलाई नगद लाभांश वितरण गरिनेछ र सो वापतको रकम सदस्यहरूको बचत खातामा जम्मा गरिनेछ ।
- आ.व. २०८१/८२ मा संस्थामा निरन्तर वचत तथा ऋण कारोवार गरिरहेका संस्थाका शेयर सदस्यहरूलाई प्रतिव्यक्ति शेयर सीमा भन्दा बढीको शेयर वितरण गर्ने गरि आवश्यक कार्यक्रम तय गरिनेछ ।

### बचत परिचालन निती तथा कार्यक्रम

- निक्षेप परिचालन गर्दा कम लागत र जोखिम कम भएका निक्षेपलाई प्राथमिकता दिईनेछ ।
- ३ वर्ष भन्दा बढी अवधिको आवधिक निक्षेप स्वीकार गरिने छैन ।
- बचत परिचालन गर्दा सहकारी विभागको मापदण्डको अधिनमा रहि पूँजिकोषको १५ गुणाको सीमा भित्र बचत परिचालन गरिनेछ ।
- सहकारी ऐन नियमले तोकेको व्यवस्था बाहेकका कृतिम व्यक्तिको नाममा खाता संचालन गरिनेछैन ।
- निक्षेप परिचालनमा हुने जोखिमहरूको विश्लेषण गर्दै कुल निक्षेपको ०.५ प्रतिशत भन्दा बढि निक्षेप गरेका निक्षेपकर्ता सदस्यहरूको निक्षेपलाई निरूत्साहित गर्दै अनिवार्य नियमित बचत लाई प्राथमिकता दिईनेछ ।

- कुल निक्षेपको कम्तिमा २५ प्रतिशत रकम तरलताको रूपमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको कल तथा मुद्धती खाताहरूमा मौज्दात कायम गरिनेछ । सो भन्दा बढी वा घटी तरल सम्पत्ति कायम हुने अवस्था सिर्जना भएमा ब्याजदर पुनरावलोकन, कर्जा लगानी निती तथा कार्यक्रमहरूको पुनरावलोकन लगायतका रणनितीहरू अख्तियार गरिनेछ ।
- निक्षेपमा अल्पकालिन तथा दीर्घकालिन निक्षेपको अनुपात ५०:५० कायम गर्ने प्रयत्न गरिनेछ ।
- सदस्यहरूलाई Mobile Transaction, QR तथा Corporate Pay जस्ता डिजिटल कारोवार गर्न प्रोत्साहित गरिनेछ । यसो गर्दा बजारबाट रकम संकलन गर्दाको लागत तथा जोखिम दुबै कम हुन गई संस्थाले प्रतिस्पर्धात्मक लाभ हासिल गर्ने अपेक्षा गरिएको छ ।
- निक्षेपमा दैनिक मौज्दातमा ब्याज हिसाब गरिनेछ । ब्याज खर्च लाई प्रोदभावी आधार (Accrual Basis) मा हिसाब गरि मासिक, त्रैमासिक वा बार्षिक रूपमा सदस्यहरूको खातामा जम्मा गर्ने व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ । सम्पत्ति शुद्धिकरण निवारण ऐन बमोजिम निक्षेपकर्ता सदस्यहरूको कारोवार र बसोबास सम्बन्धि सम्पूर्ण विवरण अद्यावधिक गराएर मात्र निक्षेप परिचालन गर्नमा जोड दिईनेछ । सदस्यहरूको पेशागत कारोवारको आधारमा निक्षेपको जोखिमहरूको वर्गिकरण गरि उच्च जोखिमयुक्त कारोवारलाई निगरानि गरि निरूत्साहित गर्ने र कम जोखिम तथा कम लागतका निक्षेपलाई प्रोत्साहित गर्ने निती अपनाईनेछ ।
- रू. १ लाख भन्दा बढीको पे.अ. स्लिपको बचतकर्ता स्वयंले भुक्तानी लिने अवस्थाबाहेक अन्यलाई भुक्तानी प्रदान गर्दा भुक्तानी लिने व्यक्तिको परिचयपत्रको स्वयं प्रमाणित प्रतिलिपि राख्ने व्यवस्था गरिनेछ ।
- संस्थाले शेयर सदस्यता प्रदान गर्दा संस्थाको निक्षेप परिचालन आन्तरिक कार्यविधीको अधिनमा रहि मासिक नियमित अनिवार्य बचतमा आबद्धता लाई बन्धनकारी बनाईनेछ ।
- २०८० सालको SEE परीक्षामा उतिर्ण विद्यार्थीहरू यस संस्थामा सदस्य भएमा संस्थाको सहकारी विकास कोष बाट खर्च लेखि रू. २,५००/- प्रतिविद्यार्थी सदस्य प्रोत्साहन स्वरूप प्रदान गरिनेछ ।
- प्रतिसदस्य निक्षेप सीमा कुल बचतको अधिकतम् ०.५ प्रतिशत कायम रहने गरि निक्षेप स्विकार गरिनेछ ।
- प्रतिसदस्य रू. १ लाख सम्मको आवधिक बचतमा प्रकाशित ब्याजदरमा ०.२५ प्रतिशत थप ब्याज प्रदान गर्ने गरि आवश्यक निती तय गरिनेछ ।
- नियमित बचतमा आबद्ध सदस्यहरूको अधिकतम् रू. ५ लाख सम्मको आवधिक बचतमा ०.२५ प्रतिशत थप ब्याज प्रदान गरिनेछ ।

### कर्जा लगानी र असूलि निती तथा कार्यक्रमः

- कर्जा लगानी गर्दा कम जोखिमयुक्त तथा बढी प्रतिफल प्राप्त हुने उत्पादनमुलक क्षेत्रलाई प्राथमिकता दिईनेछ ।
- कर्जा लगानीमा हुनसक्ने जोखिम लाई कम गर्न कर्जाको विविधिकरणमा जोड दिईनेछ ।
- कर्जा लगानीमा अल्पकालिन तथा दिर्घकालिन कर्जाको अनुपात २५:७५ कायम गर्ने प्रयत्न गरिनेछ ।
- निष्कृय कर्जाको अनुपात लाई कुल कर्जाको २.५ प्रतिशत्मा सिमित गरिनेछ ।
- कर्जा प्रदान गर्दा संस्थाको कुल पुँजिकोषको १० प्रतिशतको सीमा भन्दा बढि एकै सदस्यलाई कर्जा प्रदान गरिनेछैन । घर निर्माण कर्जाको अधिकतम अवधि ७ बर्ष सम्मको रहनेछ र सजिलो कर्जा बाहेक अन्य कर्जाको अधिकतम अवधि ५ बर्षको हुनेछ ।
- सजिलो कर्जाको अधिकतम अवधि १ बर्ष सम्मको रहनेछ । यस्तो कर्जा लाई कुल कर्जाको १५ प्रतिशतको अधिकतम् सीमा कायम गरिनेछ ।
- कर्जाको धितो मूल्याङ्कन अनिवार्य रूपमा संस्थामा सूचिकृत धितो मूल्याङ्कनकर्ताबाट गरिनेछ ।
- कर्जाको धितो मूल्याङ्कन गर्दा सम्बन्धित मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्यलाई ४० प्रतिशत र व्यवसायिक मूल्यलाई ६० प्रतिशत भार कायम गरि Fair Market Value निकालिनेछ । Fair Market Value को ८० प्रतिशतले हुन आउने रकमलाई Distress Value मा गणना गरि सो को अधिकतम ८० प्रतिशत सम्म कर्जा प्रदान गरिनेछ ।
- संस्थाले धितो मूल्याङ्कन गर्दा गुठीको नाममा जग्गाधनी कायम भई ऋण मागकर्ता सदस्य मोही कायम जग्गाको ३३ प्रतिशत जग्गा मात्र धितो मूल्याङ्कन प्रयोजनको लागि गणना गरिनेछ र घर निर्माण भएको अवस्थामा भने निर्माण भएको घरको पूर्ण स्वामित्व मोही कायम भएको ऋण मागकर्ता सदस्यको रहने गरी मुल्याङ्कन गरिनेछ ।
- कर्जा लगानी गर्दा सदस्यहरूको पेशागत जोखिमहरूको विश्लेषण गर्दै वैकल्पिक आयश्रोत तथा वैदेशिक रोजगार आय भएका सदस्यहरूलाई प्राथमिकताका साथ कर्जा लगानी गर्ने निती अख्तियार गरिनेछ ।
- कर्जा लगानी गर्दा कर्जा उपयोग गर्ने प्रयोजन खुलाई जुन प्रयोजनको लागि कर्जा प्रदान गरिएको हो सो प्रयोजनमा कर्जा उपयोग भए नभएको बारे अनुगमन गर्ने व्यवस्था मिलाईने छ ।
- कर्जा लगानी गर्दा आवश्यक कानूनी कागजपत्रहरूको पुनरावलोकन गरि संस्थागत जोखिम न्यूनिकरण गरिनेछ ।
- कर्जा लगानी गर्दा तयार गरिने कानूनी कागजातहरू कम्प्यूटराईज्ड प्रविधी मार्फत गर्ने गरि आवश्यक प्रवन्ध गरिनेछ ।
- संस्थाको कर्जा असूली कार्यलाई चुस्त दुरूस्त बनाउँन दुवै शाखाका असूली विभागमा कार्यरत कर्मचारीको समन्वयमा मार्केटिङ्ग विभागमा कार्यरत कर्मचारी सहितको असूली टीम बनाई कर्जा असूली कार्य लाई प्रभावकारी बनाईनेछ ।
- लगानीमा रहेका कर्जाहरूको मासिक पुनरावलोकन गरि भाखा नाघेका, लिनबाँकी ब्याज धेरै भएका र लिनुपर्ने किस्ता रकम धेरै भएका कर्जावाला सदस्यहरूलाई विशेष ताकेता गरिनेछ ।

- कर्जा असूलि गर्दा कर्जावाला सदस्यहरूसँग समझदारी कायम गरि असूली गर्न अधिकतम प्रयत्न गरिनेछ । कर्जा असूली गर्दा तिर्नसक्ने क्षमता भएर नतिर्ने र क्षमता नभएर नतिर्ने कर्जावालाहरूलाई बेग्ला बेग्लै रणनिती अख्तियार गरि कर्जा असूली गर्ने संस्थाको निती रहनेछ ।
- कर्जाको भाखा नाघेर धेरै अवधि व्यतित भएका कर्जावाला सदस्यहरूको असूलिको लागि फाईलको पुनरावलोकन गरि कानूनी सबलता हेरि कानूनि प्रक्रिया अगाडि बढाईनेछ ।
- रू ५ लाख भन्दा बढीको कर्जा प्रदान गर्दा सदस्यको बचत खाता मार्फत कारोवार गर्न अनिवार्य गराईनेछ ।
- कर्जा कारोवार गर्ने शेयर सदस्यलाई मासिक अनिवार्य बचत योजनामा मासिक न्यूनतम रू ३००० वचत अनिवार्य गराईनेछ ।
- नियमित अनिवार्य बचत मा आबद्ध सदस्यहरूलाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत सम्मको सहुलीयत दरमा ऋण लगानी गरिनेछ ।

### मानव संसाधन निती तथा कार्यक्रम

- संस्थाका कर्मचारीहरूलाई सामाजिक भावनाको विकास गराई सदस्यमैत्री सेवा प्रदान गर्न प्रोत्साहित गरिनेछ ।
- संस्थामा कार्यरत मानव संसाधनको व्यक्तिगत तथा सामुहिक क्षमता अभिवृद्धि गर्दै पेशागत दक्षता अभिवृद्धि गर्न विशेष प्राथमिकता दिईनेछ ।
- कर्मचारीहरूमा सामुहिक भावनाको विकास गराउन सामुहिक क्रियाकलाप (Team Work) लाई प्राथमिकता र प्रोत्साहन गरिनेछ ।
- कर्मचारीको मूल्यांकन गर्दा सदस्य लाई प्रदान गरेको सेवाको गुणस्तर र सदस्य प्रतिक्रिया लाई मूख्य आधार बनाईनेछ ।
- संस्थामा रहेको मानव संसाधन लाई विभिन्न सामाजिक क्रियाकलापमा सहभागी गराई संस्थालाई समाजको अभिन्न अंगको रूपमा स्थापित गराउन पहल गरिनेछ ।
- कुशल र सक्षम मानव संशाधनको निर्माणको लागि हाल कार्यरत कर्मचारीहरूलाई विभिन्न तालिम तथा अन्तरक्रियाको व्यवस्था गरि सम्बन्धित कार्यमा दक्ष बनाउन संस्थाको तर्फबाट अधिकतम प्रयास गरिनेछ ।
- संस्थामा रहेको मानव संसाधन लाई अध्ययन, अनुसन्धान तथा विकाशको क्षेत्रमा क्रियाशील बनाई उत्कृष्ठताको आधारमा पुरष्कृत गरिनेछ ।
- संस्थामा रहेका सम्पूर्ण मानव संसाधनलाई संस्थागत आचरण तथा व्यवहार गर्न विशेष जोड दिई सदस्यहरूलाई अधिकतम सन्तुष्टि मिल्ने गरि सेवा प्रदान गर्न प्रोत्साहित गरिनेछ ।
- 'स्वस्थ्य कर्मचारी स्वस्थ्य सहकारी' को निती अनुरूप संस्थामा कार्यरत कर्मचारीहरूको व्यक्तिगत स्वास्थ्य सम्बन्धि चेतना जगाउन विभिन्न शारीरीक क्रियाकलापहरूमा सहभागी गराईनेछ । सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति गराउदै सामाजिक सूरक्षाकोषको आवद्धता लाई प्रभावकारी बनाउदै बर्षमा कम्तिमा १ पटक अनिवार्य स्वास्थ्य परिक्षण गराउन प्रोत्साहन गरिनेछ ।
- कर्मचारीहरूको वृत्ती विकाशको लागि आवश्यक निती नियम र नियमावली हरू लाई समय सापेक्ष संशोधन गरि प्रक्रिया अगाडि बढाईनेछ ।
- कर्मचारीहरूको बार्षिक कार्यसम्पादन मूल्याङ्कनको लागि व्यवस्थित र आधुनिक मूल्याङ्कन प्रणाली लागु गरिनेछ । बार्षिक कार्यसम्पादनमा उत्कृष्ट हुने कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप पुरस्कृत तथा बढुवा गर्दै लगिनेछ ।
- संस्थामा १५ वर्ष निरन्तर सेवा प्रदान गरेका कर्मचारीहरूलाई रू. ७५००१/- नगद पुरस्कार सहितको नवकान्तिपुर दीर्घ सेवा पदक प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- संस्थामा कम्तिमा १५ वर्ष सेवा अवधि पुरा गरिसकेका कर्मचारीलाई लक्षित गरि स्वेच्छिक अवकाश योजनाको व्यवस्था गरिनेछ ।
- संस्थामा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरूको दुर्घटना बीमा सहितको जीवन बीमा कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

### सम्पत्ति व्यवस्थापन निती तथा कार्यक्रम

- संस्थामा हाल कायम रहेको सम्पत्तिलाई लगानी र प्रतिफलको आधारमा कम लगानीमा अधिकतम प्रतिफल प्राप्त हुने क्षेत्रमा उपयोग गरिनेछ ।
- संस्थामा विद्यमान श्रोत तथा साधनहरूलाई संस्थागत हितमा अधिकतम उपयोग गर्ने संस्थाको निती हुनेछ ।
- संस्थाको स्वामित्वमा रहेका स्थिर सम्पत्तिहरूमा प्राकृतिक प्रकोपको कारण उत्पन्न हुनसक्ने जोखिम लाई न्यूनिकरण गर्न स्थिर सम्पत्तिहरूको बीमा गरिनेछ ।
- संस्थाको आफ्नै कार्यालय भवन निर्माणको लागि थप प्रक्रिया अघि बढाईनेछ ।
- संस्थाको नाममा गौशाला अवस्थित सम्पत्तिको लिजबहाल असूलिको लागि आवश्यक कानूनी प्रक्रिया अवलम्बन गरिनेछ ।
- संस्थागत सुसाशन निती तथा कार्यक्रम
- संस्थाको कारोवार लाई सहकारी ऐन, नियम र मापदण्ड अनुरूप संचालन गरिनेछ ।
- संस्थाको कारोवारलाई बढि भन्दा बढि पारदर्शी बनाउने संस्थाको निती रहनेछ ।
- संस्थामा आबद्ध सदस्य, पदाधिकारी तथा कर्मचारीहरूलाई आवश्यक तालीमको व्यवस्था गरि जिम्मेवार बनाउदै लगिनेछ ।
- संस्थालाई जिवन्त राख्न र संस्थालाई प्रणाली (System) मा संचालन गर्नको लागि आवश्यक पर्ने निती नियमहरू तयार गरि कार्यान्वयन गरिनेछ ।

- संस्थागत जोखिमलाई कम गर्न दोहोरो नियन्त्रण प्रणाली (Dual Control System) अपनाईनेछ ।
- संस्थामा सेवा लिन पाल्नुहुने सदस्य तथा सेवाग्राही लाई 'पहिला आउने लाई पहिला सेवा' (First Come First Serve) को निती अनुसार सेवा प्रदान गरिनेछ ।
- सदस्यहरूलाई संस्थाको कारोवार सम्बन्धमा बढि भन्दा बढि जानकारी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- संस्थाको आन्तरिक लेखापरिक्षण प्रणाली लाई थप प्रभावकारी बनाउदै लेखासमिति मार्फत नियमित रूपमा मासिक प्रतिवेदन तयार गरि संचालक समितिमा प्रस्तुत गर्ने व्यवस्था गरिनेछ । उक्त प्रतिवेदनमा औल्याईएका विषयहरूलाई विशेष गम्भिरताका साथ लिई संस्थागत जोखिम कम गर्न विशेष पहल गरिनेछ ।
- संस्थाको कारोवार लाई गुणस्तरीय बनाउनको लागि गठित संस्थाका उच्च पदाधिकारीहरू सम्मिलित Smart Team ले संस्थाको कारोवारको मासिक रूपमा समिक्षा गरि भविष्यको लागि तत्कालिन र दीर्घकालिन रणनिती तय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- संस्थामा सदस्यहरूले गर्ने कारोवारको Mobile alert को अलावा email alert पठाउने ब्यवस्था गरिनेछ ।
- निक्षेप तथा कर्जा कारोवारमा हुनसक्ने जोखिमलाई कम गर्न संस्थाले सम्पत्ती शुद्धिकरण निवारण निर्देशीका बमोजिमका प्रतिवेदन हरू तयार गरिनेछ । सीमा कारोवार भन्दा माथिका कारोवार र शंकास्पद कारोवारहरूलाई GoAML प्रणाली मार्फत रिपोर्टिङ्ग गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ ।
- संस्थामा रहेका बचत खाताहरूलाई सम्पत्ती शुद्धिकरण निवारण ऐन नियम मा रहेको प्रावधान बमोजिम जोखिमको आधारमा वर्गिकरण गरि अति जोखिम युक्त, मध्यम जोखिम र न्यून जोखिमयुक्त गरि तीन वर्गमा विभाजन गरि सोहि बमोजिम अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

## गैह्र वित्तीय योजना तथा कार्यक्रमः

### १. सदस्य तथा कर्मचारीहरूलाई प्रदान गरिने तालिम तथा सहकारी शिक्षाः

आर्थिक बर्ष २०८१/८२ मा संस्थाले आफ्नो कार्यक्षेत्र अन्तर्गत संस्थाका सदस्यहरूलाई पायक पर्ने गरि विभिन्न स्थान तय गरि क्षेत्रगत रूपमा सदस्यहरूको प्रतिनिधित्व रहने गरि सदस्यहरूलाई सहकारी शिक्षा तथा तालिम प्रदान गर्ने ब्यवस्था गरिनेछ । यसको लागि संस्थाको चालु आर्थिक बर्षको मुनाफाबाट सहकारी शिक्षा कोषमा छुट्ट्याईएको रकमबाट खर्च व्यवस्था गर्न प्रस्ताव गरेको छ । संस्थाले आगामी बर्षको लागि २०८१/०७/३० गते शुक्रबार, २०८१/०९/२६ (शुक्रबार-शाखा कार्यालयको स्थापनादिवस), २०८१/११/२८ (बुधबार-होली पूर्णीमाको पूर्वसन्ध्या), २०८१/१२/३१ (आईतबार-नयाँबर्षको पूर्वसन्ध्या) गरि कम्तिमा ४ वटा सदस्य अन्तरक्रिया कार्यक्रम तथा डिजिटल कारोवार जागरण अभियान सञ्चालन गर्ने योजना प्रस्ताव गरेको छु । यसका अलावा संस्थाका कर्मचारीहरूलाई विभिन्न विषय विज्ञ हरूबाट सहकारी शिक्षा तथा तालिममा सहभागी गराउदै लैजान सो शिर्षकमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

### २. समिति, उपसमिति बैठक, समिक्षा बैठक

आर्थिक बर्ष २०८१/८२ मा मासिक कम्तिमा ५ पटक सञ्चालक समिति बैठक र ऋण उपसमिति बैठक, हरेक त्रैमासमा कम्तिमा १ पटक लेखा सूपरिवेक्षण समितिको बैठक, कर्मचारी तथा सञ्चालक समिति सदस्य समेतको समिक्षा बैठक आयोजना गर्ने गरि योजना अनुसार आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

### ३. सम्मान तथा पुरस्कार

संस्थाले आफ्नो स्थापना दिबस तथा बार्षिक साधारण सभाको अवसर पारेर आफ्ना सदस्यहरूका छोराछोरी मध्येबाट SEE परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने छात्र तर्फबाट ५ जना र छात्रा तर्फबाट ५ गरी १० जना विद्यार्थीहरूलाई प्रत्येक बर्ष जनही रू. १०००१/– नगद सहितको नवकान्तिपुर SEE सम्मानद्धारा सम्मानित गर्ने योजना अनुरूप आगामी बर्षमा सदस्यहरूको छोराछोरीहरू मध्येबाट SEE मा उत्कृष्ठ हुने १० जना विद्यार्थीहरूलाई संस्थाको सामुदायिक विकास कोषबाट खर्च गर्ने व्यवस्था गरिएको छ । साथै संस्थामा कारोवार गर्ने सदस्यहरूमध्ये साधारण सभा गर्ने प्रयोजनको लागि छुट्टाइएको इकाइ बमोजिम प्रत्येक इकाइबाट जेष्ठ नागरिक मध्ये महिला १ जना र पुरूष १ जनालाई रू. १०,००१ नगद सहित नवकान्तिपुर जेष्ठ सदस्य सम्मान द्धारा सम्मानित गर्ने योजना प्रस्ताव गरिएको छ ।

### ४. कार्यबिधि निर्माण तथा संसोधन

संस्थाको आर्थिक प्रशासन आन्तरिक कार्यविधीमा समयानुकुल संशोधन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका अलावा संस्थाको अधिकांश कारोवार डिजिटल हुन थालेको कारण सूचना प्रविधी सम्बन्धि निती तथा कार्यविधी तय गर्नुपर्ने आवश्यकता देखिएको र संस्थामा सम्पादन हुने कार्यहरू गर्ने तरिका तथा विधी उल्लेख गरिएको संस्था सञ्चालन कार्यविधि (Operation Menual) को आवश्यकता महसूस गरिएकोले सो को मस्यौदा तय गर्न आवश्यक पहल गरिनेछ ।

### ५. सदस्यको तथ्यांक (KYM) अध्यावधिकः

संस्थामा सदस्यता लिएका सबै सदस्यहरूको तथ्यांक अद्यावधिक गर्नको लागि पहल गरिनेछ । नयाँ सदस्यता प्रदान गर्दा सोहि बखतमा KYM फर्म भरेपश्चात मात्र सदस्यता प्रदान गरिनेछ । पुराना सदस्यहरूलाई रू. १ लाख भन्दा बढीको नगद कारोवार गर्ने, डिजिटल कारोवार गर्ने, अनलाईन रकमान्तर गर्ने, मोवाईल एप्स दर्ता गर्ने, आवधिक बचत खोल्दा तथा नविकरण गर्दाका बखत, कर्जा कारोवारमा जोडिदाका बखत, धितो रोक्का फुकुवा गर्दा प्राथमिकताको आधारमा अनिवार्य अद्यावधिक गरिनेछ । KYM अद्यावधिक भए/नभएका सदस्यहरूको विवरण प्रत्येक महिनाको मासिक प्रतिवेदनमा अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था गरिनेछ ।

६. COPIMIS अध्यावधिक

संस्थामा सदस्यता लिएका सबै सदस्यहरूको तथ्यांक कोपोमिस प्रणालीमा अद्यावधिक गरिनेछ । नयाँ सदस्यहरूको अनिवार्य गर्ने र पुराना सदस्यहरूको तथ्यांक KYM अद्यावधिक गर्दाका बखत COPOMIS समेत अद्यावधिक गर्ने व्यवस्था गरिनेछ । कोपोमिसमा तथ्यांक अद्यावधिक गर्दा यथा सम्भव सदस्यहरूलाई राष्ट्रिय परिचयपत्र नम्बर समेत उल्लेख गर्न अनुरोध गरिनेछ । संस्थाको वित्तीय विवरण प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र कोपोमिस प्रणालीमा अद्यावधिक गरिनेछ । संस्थाको बार्षिक साधारण सभा सम्बन्धि जानकारी तथा सो को विवरण कोपोमिस प्रणालीमा अद्यावधिक गरिनेछ । संस्थाका कर्मचारी तथा सञ्चालक समिति, लेखा सूपरिवेक्षण समिति, ऋण उपसमिति तथा अन्य उपसमितिहरूको विवरण यसै प्रणालीमार्फत अद्यावधिक गर्ने व्यवस्था गरिनेछ ।

७. साधारण सभा, स्थापना दिवस लगागत अन्य कार्यक्रमहरू

संस्थाको बार्षिक साधारण सभा ऐनले तोकेको म्यादभित्रै गरि सक्ने गरि प्रस्ताव गरिएको छ । साधारण सभाको अवसर पारेर विभिन्न सामुदायिक कार्यक्रमहरू जस्तैः नवकान्तिपुर जेष्ठ सदस्य सम्मान, नवकान्तिपुर SEE सम्मान, निःशुल्क स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम, बृक्षारोपण कार्यक्रम, सरसफाई सचेतना कार्यक्रम, ट्राफिक सचेतना कार्यक्रम, सहकारी जागरण कार्यक्रम जस्ता कार्यक्रमहरू राखि सप्ताहब्यापी रूपमा स्थापना दिवस मनाउने योजना अनुरूप आवश्यक बजेट विनियोजन गरेको छु ।

८. प्रबिधिगत परिवर्तन

संस्थाले हाल सञ्चालनमा ल्याएको मोवाईल एप्लिकेशन प्रणाली लाई थप परिमार्जित गर्दै सदस्यहरूले मोवाईल एप्स बाट नै आफ्नो KYM अद्यावधिक गर्ने, आवधिक बचत खोल्ने जस्ता प्रणालीको विकास गरिनेछ । कारोवारको ईमेल अलर्ट सदस्यहरूको आधिकारीक ईमेलमा स्वचालित रूपमा जाने प्रणालीको विकास गरिनेछ ।

९. छपाई तथा प्रकाशन

संस्थाको लोगो अंकीत घडी तयार गरि सदस्यहरूलाई वितरण गर्ने, संस्थाको लोगो र कर्पोरेट कलर मा टि सर्ट तयार गर्ने, संस्थाको लोगो अंकित कप तयार गर्ने, सहकारी मूल्य, मान्यता र सिद्धान्तको बारेमा जानकारीमुलक नवकान्तिपुर डायरी प्रकाशन गर्ने, संस्थाको लोगो अंकित डट्पेन तयार गर्ने योजना अनुरूप आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१०. सम्पत्ति शुद्धिकरण निवारण

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि ऐन नियम तथा कानूनको परिपालनामा सदस्यहरूलाई सूसूचित गर्दै लगिनेछ । सीमा कारोवार र शंकास्पद कारोवारको सम्बन्धमा कारोवार सम्पन्न भएको १५ दिन भित्र वित्तीय जानकारी ईकाईमा GoAML प्रणाली मार्फत रिपोटिङ्ग गर्ने व्यवस्था गरिनेछ ।

वित्तीय योजना तथा आ.ब. ०८१/८२ को लागि अनुमानित आय व्यय विवरण (बजेट)

अध्यक्ष महोदय,

यस संस्थाको नियमित संचालन दीगो व्यवस्थापनको लागि संस्थालाई एउटा ठोस मार्गनिर्देशनको खाँचो पर्दछ । संस्थाको अल्पकालिन तथा दीर्घकालिन लक्ष्य र कार्ययोजना तय गरि उक्त कार्ययोजना अनुरूप आगामी आर्थिक बर्षको लागि आवश्यक बजेटको ब्यवस्थापन गर्नु अत्यावश्यक हुन्छ । यसको लागि आगामी आ.ब. भित्र हुने आम्दानी तथा खर्चको पुर्वानुमान गरि तिनीहरूलाई विभिन्न शीर्षकमा छुट्याउनु अत्यन्तै जरूरी हन्छ । संस्थागत क्रियाकलापलाई नियमित रूपले संचालन गर्न विभिन्न श्रोत तथा साधन मध्ये आर्थिक श्रोतलाई एक प्रमुख श्रोतको रूपमा लिईन्छ जसले संस्थाका अन्य श्रोत साधनलाई समुचित रूपले परिचालन गर्न महत्वपूर्ण भुमिका खेल्छ । यि र यस्ता बिषय लाई मध्यनजर गर्दै विगत २७ बर्षमा भएका कारोवारहरूको सुक्ष्म विश्लेषण गर्दै संस्थाको विकासमा संस्थाका सदस्य महानुभावहरूले प्रदान गर्नुभएको बहुमूल्य सूझावहरूलाई मध्येनजर गर्दै चालु आर्थिक बर्षको विभिन्न आर्थिक गतिविधीहरूलाई विश्लेषण गर्दै संस्थाको निती तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र संस्थाले लिएको लक्ष्य अनुरूपको ऋण लगानी तथा निक्षेप संकलन हुने विश्वासको साथ आगामी आ.ब. २०८१/८२ मा संस्थामा हुने अनुमानित आम्दानी र खर्चको बाँडफाँड विवरण पेश गर्नको लागि अनुमति चाहन्छु ।

# आ.ब. २०८१/८२ को लागि संस्थाको अनुमानित आय/व्यय (बजेट)

| विवरण | शिर्षक | गत वर्ष (२०७९/८०) को वास्तविक | चालु आ.व. २०८०/८१ को ११ महिनाको वास्तविक तथ्यांक | आ.व. २०८०/८१ असार मसान्त सम्मको संशोधित अनुमान | आ.व. २०८१/८२ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | जम्मा | जम्मा | जम्मा | प्रतिशत (चालु वर्षको संशोधित अनुमानको तुलनामा) |
| ***आय*** | | | | | | |
| कर्जा तथा सापटबाट प्राप्त ब्याज | | २५४,०१४,०९५.२६ | ८२,०३२,३७५.२२ | २११६७५५२९१.५५ | १८९,६७९,४५७.१३ | -१६.१७% |
| निक्षेपमा ब्याज | | २१७,४१२,४५५.७९ | १९,७१०,३९८.२४ | २३५७३९१४३.६५ | १७७,४०४,०८८.७७ | -२०.३७% |
| **खुद ब्याज आम्दानी** | | **(४३,३४९,४४०.५३)** | **(३७,६८५,०२३.०२)** | **(२४,०६३,५५२.१०)** | **११,४०५,४१८.४३** | **०.१४** |
| **बैंकबाट प्राप्त ब्याज (मुद्दती लगानी समेत)** | | **१८,९९१,१५२.०१** | ६१,४७३,०६२.७१ | ७६७८९५६०.५९ | ५४,५८९,५२५.८३ | -२८.९०% |
| **अन्य सञ्चालन आम्दानी** | | **१०,२५४,८७९.४९** | **१२,०९४,५९५.२५** | **१३,९५२,००६.१९** | **१९,६३१,०४०.२३** | **(१.११)** |
| | प्रक्रियागत शुल्क | ९,३४२,१०५.२६ | १२,४९१,४४९.२६ | १३२९३०६७.२६ | १९,३९२,७७२.६५ | ४५.८९% |
| | कर्जा फाराम दर्ता | ३९,८००.०० | ४१,१००.०० | ४४१००.०० | ४९,६००.०० | १२.१२% |
| | जरिवाना तथा अन्य आम्दानी | २,६६०.०० | १६,७६०.०० | २१२५.०० | २,६२५.०० | ०.००% |
| | खाता बन्द शुल्क | ३३,६००.०० | २६,३००.०० | २८४००.०० | २४,०००.०० | -१५.४९% |
| | ईन्स्योरेन्स् कमिसन | १५२,०७०.८२ | ४४,७८१.०० | ४३५९०.०० | १२,४९४.७६ | -७१.३४% |
| | एस.सी.टी. कार्ड बिक्री आम्दानी | ३५,६३०.५० | - | १२५७४.५० | ११,३००.०० | -१३.८१% |
| | मोबाईल एप्स आम्दानी | ५५६,०००.०० | ४३४,०००.०० | ४८६४००.०० | ४२५,५१२.५२ | -१२.५१% |
| | अन्य आम्दानी | १५५,९५३.२४ | - | १७९९८.९२ | ४,६८४.०२ | -७४.९८% |
| | मनि-ट्रान्सफर कमिशन | ७६,६८१.६३ | २०,२०४.९९ | २११५०.५१ | ६,७७०.१८ | -६८.९९% |
| **गैह्र सञ्चालन आम्दानी** | | **२,४११,६४५.८१** | **३,५६७,९१६.००** | **४,९४६,२०८.५५** | **९,०००,०००.००** | **८१.८६%** |
| | बहाल आम्दानी | १,३००,०००.०० | ३,६५०,९१६.०० | ४७१६०४६.०० | १०,००,०००.०० | ११२.०४% |
| | लाभांश तथा संरक्षित पूँजि फिर्ता आम्दानी | १,१११,६४५.८१ | - | २३३१६२.५५ | - | -१००.००% |

| खर्च | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | - | - |
| कर्मचारी खर्च | | ३१,३१९,५५७.०० | २५,०७४,४७८.५७ | ३०,३२२,९३८.५७ | ३१,३६२,७१९.११ | -२.१९% |
| | तलब तथा पारिश्रमिक | २५,२२४,६४१.०० | २०,६५८,७६५.५७ | २४७४३००९.५७ | २३,९८५,३२३.८२ | -२.०३% |
| | चाडपर्व भत्ता | १,५७८,५६९.०० | १,४८७,५८९.०० | १४८७५८९.०० | १,४०८,९९८.४८ | -२.५१% |
| | जीवन बीमा | ५०८,९०१.०० | - | ५०७८४०.०० | ५०७,०८२.७९ | -०.१६% |
| | दीर्घ सेवा पदक | - | - | | - | - |
| | सामाजिक सुरक्षा खर्च | ३,६४०,६५६.०० | २,९२८,१२२.०० | ३५१३८००.०० | ३,३९१,११४.५५ | -२.४७% |
| कार्यालय सञ्चालन खर्च | | २४,७१२,७९०.७८ | १८,४०५,७३२.५७ | ११,८३३,८०५.७० | २१,४११,३८०.७७ | -१.९०% |
| | घर भाडा | ४,८७८,५००.०० | ३,९५४,०००.०० | ५००४०००.०० | ४,५८४,०००.०० | -८.३९% |
| | विद्युत तथा पानी महशुल/खर्च | ४११,४११.०० | ४५३,६९९.०० | ५०८३१२.०० | ४६६,७७७.८८ | -८.१५% |
| | टेलिफोन, संचार महशुल तथा इन्टरनेट | ५७७,०३०.०४ | ३४०,३९६.०२ | ३८१२९६.०२ | ३३४,६७४.२० | -१२.२३% |
| | मसलन्द, छपाई तथा पत्रपत्रिका खर्च | ६६०,८५५.५५ | ५५०,२९६.६० | ५६६४०१.६० | ४८९,११९.११ | -१३.६४% |
| | सूचना तथा शुभकामना प्रकाशन खर्च | २६७,०२८.०० | १९३,६४४.५० | २३५५४७.५० | २०३,७७८.३० | -११.७१% |
| | साधारण सभा तथा वार्षिक उत्सव खर्च | २,५३५,७९६.०० | २,५४४,८९२.४३ | २५४४८९२.४३ | १,८२५,४१०.३४ | -२८.२४% |
| | लेखापरीक्षण शुल्क | २५०,०००.०० | - | २५००००.०० | ५००,०००.०० | १००.००% |
| | परोपकार खर्च | १२१,४००.०० | ३७८००.०० | ४२८००.०० | ३५,१०२.५० | -१५.४८% |
| | सुरक्षा खर्च | १,७१८,६५१.०० | १,२४१,०७९.०० | १४३०९११.०० | १,४३०,९११.०० | ०.००% |
| | जेनेरेटर तथा सवारी इन्धन खर्च | १,१६१,२०६.०० | ३११,७५१.०१ | ३७४९३१.०१ | ३७४,९३१.०१ | ०.००% |
| | ज्याला खर्च | २२,६६९.०० | ३,४६४.८० | ४११७.०५ | ४,११७.०५ | ०.००% |
| | तालिम तथा परामर्श खर्च | २९०,४१०.०० | ३०७,५७६.०० | ३५५०३६.०० | ३५५,०३६.०० | ०.००% |
| | अतिथि सत्कार तथा खाजा, नास्ता | २,०६७,०५८.०२ | १,५७२,१२२.०० | १७३६५११.९७ | १,७५९,११०.७२ | १.३१% |
| | पोशाक खर्च | - | - | - | ७००,०००.०० | - |
| | विविध खर्च | ३८९,४७१.१२ | २१६,२५४.८० | ११८७४३.८० | १८८,७७८.२४ | -१४.४७% |
| | सरसफाइ खर्च | ४४,७५०.०० | ४५,९४५.०० | ४७९६५.०० | ५१,५८९.३६ | ७.५६% |
| | पुजा तथा पिकनिक खर्च | ११,९७०.०० | २३,०४५.०० | २३०४५.०० | ३१५,२९४.१५ | १२६८.०४% |
| | बैंक चार्ज | १५,७४३.०० | १७,६८७.०० | १८९८८.०० | २५,६६२.०७ | ३०.९१% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दर्ता, नविकरण तथा स्थानिय कर | १५७,३४०.०० | ११०,३२२.०० | ११०३२२.०० | ११०,३२२.०० | ०.००% |
| | सहकारी कार्यक्रम खर्च | ३११,४९८.०० | - | ०.०० | ४००,०००.०० | - |
| | पार्कीङ्ग बहाल | ९,६०० ०० | ८७,००० ०० | ८७७८५.०० | ८७,७८५.०० | ०.००% |
| | बिमा खर्च | २६०,९४९.१७ | १७४,९९१.४४ | १७४९९१.४४ | १७४,९९१.४४ | ०.००% |
| | बिभिन्न समिति तथा उप समिति भत्ता | ७,१५७,७३५.०० | ५,०९५,७००.०० | ६४४३३००.०० | ५,८००१४३.४९ | -९.९०% |
| | एस.एम.एस खर्च | ५१८,४७७.५८ | ४५०,३५५.०१ | ४८५४६५.१२ | ४५५,९८९.६५ | -२.३१% |
| | बार्षिक सफ्टवेयर खर्च | १८७,३८३.३० | ४१७१५४.९६ | ४३९३७०.७६ | ४३९,३७०.७६ | ०.००% |
| | ए.टि. एम. सेवा खर्च | ४०,५९८.०० | - | ०.०० | ३०,०००.०० | - |
| | मोबाईल एप्स खर्च | ३१८,७७३.०० | २४६,५६६.०० | २४६५६६.०० | २२६,०००.०० | -८.३४% |
| | सफ्टवेयर सुरक्षा खर्च (एन्टी भाईरस) | १०२,४५३.०० | - | ६१०२०.०० | ६१,०२०.०० | ०.००% |
| | कानुनी खर्च | २७५००.०० | १०,०००.०० | २१५००.०० | २१,५००.०० | ०.००% |
| मर्मत सम्भार खर्च | | ८६९,०९८.९९ | ५२३,५०७.५० | ५५०,७१२.५१ | ५६५,३३५.९६ | ५.३६% |
| | मर्मत तथा सुधार खर्च (समुह - फर्निचर तथा उपकरण) | २२७,१९१.२५ | | ०.०० | - | - |
| | मर्मत तथा सुधार खर्च ( समुह - कम्प्युटर) | ८२,४५०.०० | ६५,७५०.०० | ७१०५०.०० | ६६,९४०.१५ | -१४.२६% |
| | मर्मत तथा सुधार खर्च (समुह - मेसिनरी) | १७७,२०७१६ | २२,५२५.०० | २२५२५.०० | २२,५२५.०० | ०.००% |
| | मर्मत तथा सुधार खर्च (समुह - सवारी साधन) ज | २७७,३४९.५८ | २९१,३३२.५० | ३०३३३७.४१ | ३५७,९२९.९३ | १४.१०% |
| | मर्मत तथा सुधार खर्च (समुह - अफिस सामान) | ७८,७५०.०० | ४३,८००.०० | ४३८००.०० | २४,११९.३८ | -४४.८१% |
| | मर्मत तथा सुधार खर्च (समुह - लिजहोड) | १९,१५४.०० | | ०.०० | - | - |
| स्थगन खर्च | खर्च अपलेखन | ३५०,२६१.३० | | ४१४८३६.७२ | २९१,९४९.८६ | -२९.६२% |
| | | | | ०.०० | - | - |
| ऋण नोक्सानी व्यवस्था | | (३,३९५,७०५.५०) | | ०.०० | २,०५०,०००.०० | - |
| ह्रास कट्टी | | १,३९९,९९८.०९ | | १२७०२८९.२६ | ११५२,९५३.४२ | -९.२४% |
| जम्मा प्रसाशनिक तथा सहकारी कार्यक्रम खर्च | | ५४,१७७,३३९.३६ | ४३,९०३,६९६.५४ | ५३,८९९,०७५.९४ | ५४,४९१,९९४.९६ | १.१६% |
| आयकर तथा बोनस व्यवस्था पूर्वको सञ्चालन बचत | | १३,२४७,९१६.१२ | (३,३६३,०६५.९०) | १७,३३८,३४०.५७ | ४०,१४३,१३९.६७ | १३१.३३% |

सदस्य महानुभावहरू

सहकारी क्षेत्रका असल अभ्यासहरूलाई अनुशरण गर्दै आएको यससंस्थाले आगामी दिनमा सदस्य सेवालाई विस्तारित गर्न कार्यक्षेत्र भित्र सूर्यविनायक र ईमाडोलमा सदस्य सेवा केन्द्र खोल्ने स्विकृत प्राप्त भएकोमा अनुकुल परिस्थितिमा उक्त कार्य अघि बढाईनेछ । यसैगरि आगामी दिनमा सहकारी अभियान लाई मजबुद बनाउँदै सहकारी संघ संस्था प्रतिको दृष्टिकोण लाई सकारात्मक बनाउँन र एकिकरण सम्बन्धि सरकारी निती लाई टेवा पुर्‍याउन उपयुक्त सहकारी लाई एकिकरण गर्न एकिकरण सम्बन्धि प्रस्ताव समेत पेश गरिएकोले यस सम्बन्धमा निर्णय लिन आवश्यक सुझावको समेत अपेक्षा गरेका छौं ।

संस्थाले हालसम्म गरेका कार्यहरूको मुल्याङ्कन तथा संस्थाको आन्तरिक सबलता तथा दुर्वलताको यथार्थ विश्लेषण गर्दै दुर्वल पक्षलाई हटाउदै जाने र सबल पक्षलाई तुलनात्मक लाभका क्षेत्रमा उपयोग गर्न र चुनौतिहरूको सामना गर्न प्रयोग गर्ने प्रक्रियामा सञ्चालक समिति कटिबद्ध रहेको छ । समयको गतिशीलता संगै संस्थाका सदस्यहरूको चाहना र आवश्यकता पनि परिवर्तनशील हुदै जाने तथ्यलाई मध्यनजर गर्दै यहाँहरूको सल्लाह, सुझाव, सहयोग र समर्थन को आधारमा आधुनीक सहकारीताका मान्यताहरूलाई व्यवहारमा उतार्ने भरमग्दुर प्रयत्न गरिनेछ । संस्थालाई सुरक्षाको र सहभागिताको दृष्टिकोण बाट नेपालको सन्दर्भमा नमुना सहकारीको रूपमा समुदायमा परिचित गराउन आवश्यक पर्ने रणनितिको विकास गरि लागु गरिनेछ ।

अन्त्यमा, बागमति प्रदेश, भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग लगायत अन्य नियमनकारी निकायहरू बाट प्राप्त भईरहेको मार्गदर्शन, सहयोग र प्रोत्साहनको लागि म हार्दिक धन्यवाद ब्यक्त गर्न चाहन्छु । विभिन्न चुनौतिपूर्ण घडीमा समेत संस्थालाई साथ दिई संस्थाको प्रगतिमा सहयोग र संरक्षकत्व प्रदान गर्नुहुने आदरणीय शेयर सदस्य महानुभावहरू प्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै सहयोग र समर्थन रहिरहने अपेक्षा गर्दछु । त्यसैगरि संस्थालाई सफलतापुर्वक संचालन गरि आजको सुदृढ अवस्थामा पुर्‍याउन अथक परिश्रम एवं उच्च मनोबलका साथ अहोरात्र खटिनुभएका संस्थाका कर्तव्यनिष्ठ कर्मचारीहरूलाई समेत म यस महत्वपूर्ण अवसरमा हार्दिक धन्यवाद् प्रदान गर्दै आगामी दिनमा अझ उर्जाशील भई कार्य गर्नको निमित्त अनुरोध गर्दछु । यसैगरि संस्था तथा सहकारी क्षेत्रका सूचना हरूलाई सदस्यहरूमाझ पुर्‍याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने सञ्चारकर्मी महानुभावहरू, संस्थाका सल्लाहकार ज्यूहरू, ईञ्जिनियरहरू लगाएत सम्पूर्ण सञ्चालक साथीहरूलाई समेत यो अवसरमा हार्दिक धन्यवाद प्रदान गर्दै यस २७औं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सदस्यमहानुभावहरू, फेसबुक लाईभ मार्फत जोडिनुभएका सबै सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद्
जय सहकारी



संचालक समितिको तर्फबाट
शिव प्रसाद सिटौला
अध्यक्ष

## २७औं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत
# बार्षिक प्रतिवेदन

आदरणीय सदस्य महानुभावहरू,

यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २७औं बार्षिक साधारण सभाको अवसरमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन प्रश्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस सम्मानित सभा समक्ष संस्थाका आर्थिक प्रतिवेदनहरू र हामीले आर्थिक बर्ष २०८०/८१ मा संस्थामा गरेको सूपरिवेक्षण र मुल्यांकनका आधारमा हामीलाई लागेका सुझावहरू यस सभामा पेश गर्न गईरहेको छु । हामीले पेश गरेको यस प्रतिवेदन उपर सदस्यज्यूहरूले सुक्ष्म अध्ययन गरि संस्थाका संचालक तथा हामी लेखा सूपरिवेक्षण समितिका सदस्यहरूलाई आवश्यक राय सुझावहरू प्रदान गरि आफ्नो जिम्मेवारी निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षाका साथ संस्थाको आर्थिक बर्ष २०८०/८१ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

### १. तरलता :
संस्थामा यस आ. ब. मा कुल निक्षेपको २४.२३ प्रतिशत नगद तथा बैंक मौज्दात रहेको छ । साथै बैंक तथा वित्तीय संस्था र सहकारी बैंकमा र संघ संस्थामा रहेको वित्तीय लगानी कुल निक्षेपको १९.७६ प्रतिशत रहेको छ । यसरी हेर्दा समग्र तरल सम्पत्ती कुल निक्षेपको ४४.०० प्रतिशत रहेको पाईयो । सहकारी मापदण्ड अनुसार कम्तिमा १५ प्रतिशत तरलता अनुपात कायम गरि बाँकी रकमलाई उत्पादनशील क्षेत्रहरू छनौट गरि सहुलियत दरमा सदस्यहरूमाफ लगानी गर्नुपर्ने हाम्रो सुझाव रहेको छ । सन्दर्भ ब्याजदरको सीमा १६ प्रतिशत् भएतापनि संस्थाले क्रमशः ऋणको ब्याजदर कम गर्दै लगेको पाईएको छ । यस आर्थिक बर्षको असार मसान्तमा संस्थाको तरल सम्पत्तीको ४९.८१ प्रतिशत रकम सहकारी बैंक तथा संघमा र कुल वित्तीय लगानीको ३९.९७ प्रतिशत एन आई सी बैंक र  ३७.१६ प्रतिशत राष्ट्रिय सहकारी बैंकमा लगानी रहेको पाईएकोले लगानी तथा तरलता पोर्टफोलियो लाई समय सापेक्ष विकेन्द्रित गर्नुहुन हाम्रो सुझाव रहेको छ ।

### २. शेयर तथा पूँजिकोष
संस्थाको चुक्ता पूँजी यस आ.ब. मा गत आ.ब. को तुलनामा ४.४१ प्रतिशतले कमी भएको छ भने जगेडा तथा अन्य कोषमा अघिल्लो आ.ब. को तुलनामा ६.०१ प्रतिशतले वृद्धि भएको पाईएको छ । यसरी संस्थाको समग्र शेयर तथा पूँजीकोषको औषत वृद्धि २.९२ प्रतिशत रहेको पाईयो । पुँजी बृद्धिको तुलनामा व्यवसाय बृद्धि हुन सकेन भने शेयर रकमको प्रतिफल दरमा कमी आउने कारणले संस्थाले लाभांश र संरक्षित पूँजी फिर्ताकोष भुक्तानी गर्दा सम्बन्धित सदस्यको बचत खातामा भुक्तानी गर्नुहुन सुझाव गरिन्छ । पूँजीकोष वृद्धिको तुलनामा बचत तथा कर्जा प्रवाहमा समेत वृद्धि गर्नको निमित्त आवश्यक पहल गर्नुपर्ने हाम्रो राय रहेको छ । पूँजीकोष बढी हुँदा संस्थाको जोखिम बहन गर्ने क्षमतामा बृद्धि हुने हुँदा संस्थागत पूँजी बलियो रहनु सुखद् नतिजा भएको हाम्रो निचोड रहेको छ ।

आर्थिक बर्ष २०८०/८१ को आषाढ मसान्तमा पूँजीकोष निक्षेप अनुपात १५.१२ प्रतिशत रहेको पाईयो । सहकारी ऐन २०७४ को प्रावधान अनुसार यो अनुपात कम्तिमा ६.६७ प्रतिशत कायम हुनुपर्ने व्यवस्था रहेकोले यस संस्थाको गुणस्तरीय बचतमा वृद्धि गर्न सकिने दायरा फराकिलो रहेको हाम्रो ठहर छ ।

### ३. बचतः
समिक्षा बर्षमा संस्थाको निक्षेपमा अघिल्लो आर्थिक बर्षको तुलनामा ७.९६ प्रतिशत अर्थात रू १९ करोड ४२ लाख ५८ हजार ७१६ ले कमी भएको छ । संस्थाले ठूला र अल्पकालिन बचत लाई कम गरि मासिक अनिवार्य नियमित बचत जस्ता साना र जोखिम कम भएका बचतलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । सदस्यहरूलाई नियमित बचत गर्ने बानीको विकास गर्न नियमित बचत कार्यक्रम लाई प्राथमिकता दिई सदस्यहरूबाट संकलित बचतलाई सहुलियत दरमा उत्पादन मुलक क्षेत्रमा लगानी गरि संस्थाको आय वृद्धि गर्नतर्फ विशेष ध्यान दिनुपर्ने हाम्रो सुझाव छ । संस्थाको बचत परिचालन आन्तरिक कार्यविधी २०७९ मा उल्लेख भए बमोजिम प्रति सदस्य निक्षेप सीमा कायम गर्न प्रयत्नरत रहनुपर्ने देखिन्छ । साथै संस्थामा निस्कृय सदस्यहरूको न्यूनतम् बचत धेरै रहेको पाईएकोले यथासम्भव सदस्यहरूलाई सम्पर्क गरि सक्रिय गराउन पहल गर्नुपर्ने अन्यथा सदस्यता खारेज गरि रकम भुक्तानीको लागि आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने हाम्रो सुझाव रहेको छ ।

### ३. कर्जा तथा सापट :
संस्थाको कर्जा तथा सापटमा अघिल्लो आ.ब. को तुलनामा ६.९१ प्रतिशत अर्थात रू ९ करोड ८२ लाख ६७ हजार ५२५ ले कमी भएको छ । संस्थाको बचत तर्फको ह्रास दरको तुलनामा कर्जाको ह्रासदर कम भएतापनि सन्तुलित तवरबाट निक्षेप तथा कर्जा परिचालन गर्नुहुन हाम्रो सुझाव रहेको छ । प्रस्तुत बर्षमा संस्थामा कुल ऋणको २८.८३ प्रतिशत व्यापारिक ऋण र २७.७४ प्रतिशत् घर निर्माण तथा जग्गा खरीद कर्जा कायम भएको पाईएकोले अर्थतन्त्रको एकै क्षेत्रमा अधिकतम् २५ प्रतिशतको लगानी सीमा कायम गर्नुहुन तथा कृषि लगायतका उत्पादनशील क्षेत्रका कर्जालाई प्राथमिकताका आधारमा लगानी गर्नुहुन हाम्रो राय रहेको छ । यसका साथै देशको वित्तीय अवस्था, सरकारले अबलम्बन गरेको मौद्रिक नितीका आधारमा धितो मूल्यांकन सम्बन्धि नीती पुनरावलोकन गरि समय सापेक्ष निर्णय लिनुहुन समेत हाम्रो राय रहेको छ ।

### ४. स्थिर तथा अन्य सम्पत्तिः
संस्थामा यस आ.ब. मा कुल सम्पत्तिको ३.२२ प्रतिशत स्थिर तथा अन्य सम्पत्ति कायम रहेको छ जुन अघिल्लो बर्ष २.८८

**ब्याज आम्दानी र ब्याज खर्च सम्बन्धि चार्ट**




**खुद मुनाफा (बचत)**




प्रतिशत रहेको थियो । संस्थाको कुल वासलातमा ६.६७ प्रतिशतको गीरावट आएको कारण यस्तो अनुपात बढेको हाम्रो विश्लेषण रहेको छ । त्यस्तै अन्य सम्पत्ति तर्फ उठ्न बाँकी ब्याज अघिल्लो आर्थिक बर्षको तुलनामा ३ लाख ६६ हजार २१४ ले कमी भएको पाईयो । ऋण लगानीमा कमी भएको अनुपातमा उठ्न बाँकी ब्याजको मात्रा घट्न नसकेकोले ब्याज असूली तर्फ विशेष ध्यान दिनुहुन हाम्रो सुझाव छ ।

### ५. ब्याज आम्दानी तथा खर्चः

संस्थाको कर्जा तथा सापट तर्फको ब्याज आम्दानीमा गत बर्षको तुलनामा १४.९४ प्रतिशतले कमी भएको र ब्याज खर्चमा २०.८८ प्रतिशतले कमी भएको पाईयो जसका कारण संस्थाको खुद ब्याज आयमा अघिल्लो बर्षको तुलनामा ४.०५ प्रतिशतको सीमान्त दरले बृद्धि भएको पाईयो । संस्थाको बैंक वित्तीय संस्था र सहकारी बैंक तथा संघ तर्फ बाट प्राप्त ब्याज आय समेत अघिल्लो बर्षको तुलनामा २२.१८ प्रतिशतले कमी भएको देखिन्छ । बैंक तथा वित्तीय क्षेत्रमा ब्याजदरमा कमी हुँदै गएको अवस्थामा संस्थाले समय सापेक्ष ब्याजदर कायम गर्न र बचत रकमलाई वाञ्छित सीमा भित्र राखी अधिक तरलता व्यवस्थापन गर्नुहुन हाम्रो सुझाव रहेको छ ।

### ७. अन्य आम्दानी तथा खर्चः

आ.व. २०८०/८१ मा संस्थाको अन्य आम्दानीमा १४.०६ प्रतिशत्ले बृद्धि भएको छ । यस आर्थिक बर्षमा कर्मचारी खर्चमा ०.३९ प्रतिशत, सञ्चालन खर्चमा १५.०७ प्रतिशत, मर्मत सम्भार खर्चमा ५१.७२ प्रतिशतले कमी भएको छ भने र ह्रास खर्चमा १४.४४ प्रतिशत्, कर खर्च मा २०३.९२ प्रतिशतले वृद्धि भएको छ । संस्थाले कर्मचारी खर्च तथा अन्य प्रशासनिक खर्चको तादम्यता एकिन गरि प्रशासनिक खर्च कम गर्नतर्फ पहल गर्नुपर्ने हाम्रो राय रहेको छ ।

सफ्टवेयर सम्बन्धि विभिन्न सूरक्षात्मक उपायहरू अवलम्बन गरि संस्थामा छुट्टै आईटी निती तयार गरि लागु गर्नुहुन सुझाव गरिन्छ । चन्दा तथा सहयोग प्रदान गर्दा कर छुटको प्रमाणपत्र लिएका संस्थाहरूलाई मात्र दिनुहुन हाम्रो सुझाव छ । साथै संस्थाका सबै सदस्यहरूको स्थायी लेखा नम्बर अद्यावधिक गरि ब्याज भुक्तानीमा कट्टा भएको कर दाखिलाको विवरण सम्बन्धित सदस्यहरूको स्थायी लेखा नम्बरमा ETDS गर्ने व्यवस्था गर्नुहुन हाम्रो सुझाव रहेको छ ।

### ८. खुद संचालन मुनाफा (बचत) :

संस्थाको खुद मुनाफा (आयकर पछिको) मा यस आ. ब. मा गत आ. ब. भन्दा १६.९२ प्रतिशतले वृद्धि भएको पाईयो । प्रस्तुत बर्षमा बजार ब्याजदरमा कमी, प्रशासनिक तथा अन्य खर्चमा कमी, अन्य आम्दानीमा वृद्धि लगायतका कारणले यस्तो परिणाम आएको हाम्रो विश्लेषण रहेको छ । संस्थामा रहेको वित्तीय श्रोत लाई सहुलियत ब्याज दरमा सदस्यहरूमाझ परिचालन गरि थप आय वृद्धिको पहल गर्न सञ्चालक समिति तथा व्यवस्थापनको ध्यानाकर्षण गराउँन चाहन्छौं ।

अन्त्यमा लेखा सुपरिवेक्षण समितिले त्रैमासिक रूपमा सञ्चालक समिति समक्ष पेश गरेका प्रतिवेदनहरूमा सुझाईएका बिषयहरू ग्रहण गरि कार्यान्वयन गर्नुहुन अनुरोध गर्दै सुपरिवेक्षण कार्यमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण संचालक समिति सदस्यहरू, कर्मचारीहरू तथा मेरा सहयोगी मित्रहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद्
जय सहकारी

साईमन महर्जन
संयोजक
लेखा सुपरिवेक्षण समिति

M.R.U ASSOCIATES
Chartered Accountants

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु
**नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
का.म.न.पा.–०९, बत्तिसपुतली, काठमाण्डौ ।

### आ.व. २०८०/८१ को लेखापरीक्षणको प्रतिवेदन

हामीले **नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** वित्तीय विवरण, जसले २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### हाम्रो राय

ऋणको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सोबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आङ्कलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले म्कअयगलतष्लन गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान विवरणमा खर्चमा लेखांकन गरिन्छ र ऋणको किताबी मूल्यबाट सो नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्न पर्ने भनी आङ्कलन गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान विवरणमा आम्दानी जनाईन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।



### ख) एकल रूपमा ऋण नोक्सानी व्यवस्था

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छः

१. सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
२. ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
३. भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
४. धितोबाट उठ्न सक्ने अनुमानित रकम

संस्थाले NFRS बमोजिम नोक्सानीको एकल मूल्याङ्कनको लागि रू. १ लाखभन्दा माथिका भाखा नाघेका सम्पूर्ण ऋणहरू समावेश गरेको छ । यसै सन्दर्भमा हरेक ऋणको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट ऋणको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । सहकारीले यी दुवै अवस्थामा परम्परागत मान्यताअनुरूप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, सहकारीको आफ्नै अनुमान आदिलाई आधार मानी ऋण नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्दछ ।

### ग) सामुहिक ऋण नोक्सानी व्यवस्था

एकल रुपमा ऋण नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका ऋणहरूलाई सामूहिक ऋण नोक्सानी अन्तर्गत मूल्याङ्कन गरिएको छ । सामूहिक नोक्सानीको आंकलन गर्दा संस्थाले ऋण नतिर्ने सम्भावना (Probability या default), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति (Loss Given Default) आदिको तथ्याङ्कीय विश्लेषण, प्रोडक्ट, जोखिम कारकहरू, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सूचनाअनुसार संस्थाले ऋण लगानी हुने हानि-नोक्सानीको मापन गरेको छ र Conservatism Concept अनुसार ऋण नोक्सानी व्यवस्थाका लागि सहकारी मापदण्डले तोकेको व्यवस्था र NAS ३९ को अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ, त्यसैलाई लेखाङ्कन गरिएको छ । NFRS र सहकारी मापदण्ड बमोजिमको व्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### सहकारी मापदण्ड बमोजिमको ऋण नोक्सानी व्यवस्था

संस्थाले सहकारी ऐन तथा मापदण्ड बमोजिम असूल हुन बाँकी ऋणलाई भाखा नाघेको आधारमा असल, शंकास्पद तथा खराव गरि तीन वर्गमा वर्गिकरण गरि क्रमशः १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था गरेको छ । यस आ.व.मा ऋण नोक्सानी व्यवस्थामा रू. ६,९४,७५२.५६ फिर्ता भएकोले आयमा समावेश गरिएको छ । यस आ.ब. अन्तिममा भाका नाघेको, तर वित्तीय विवरण प्रमाणित मिति अगाडि नै चुक्ता भईसकेको ऋणमा १ प्रतिशतले ऋण नोक्सानी ब्यवस्था गरिएको छ । संस्थाले ऋणको पुरै भाका ननाघेका

तर किस्ताको भाका नाघेका ऋणहरूलाई भने असल ऋण अन्तर्गत नै वर्गीकरण गरेको छ ।
सोको विवरण निन्नानुसार रहेको छ :

| ऋणको वर्गिकरण | नोक्सानी प्रतिशत | जम्मा ऋण रकम | नोक्सानी व्यवस्था |
|---|---|---|---|
| भाखा ननाघेको ऋण | १% | १,३३१,५२०,९३६.७५ | १३,३१५,२०९.३७ |
| १ बर्ष सम्म भाखा नाघेको ऋण | ३५% | १०,००७,८९१.६४ | ३,५०२,७६२.०७ |
| १ बर्ष भन्दा बढी भाखा नाघेको ऋण | १००% | ३०,३५७,६६५.०९ | ३०,३५७,६६५.०९ |
| कुल | | १,३७१,८८६,४९३.४८ | ४७,१७५,६३६.५३ |
| गत बर्ष सम्मको नोक्सानी व्यवस्था | | | ४७,८७०,३८९.०९ |
| यस बर्षको व्यवस्था (फिर्ता) | | | (६९४,७५२.५६) |

NFRS बमोजिम ऋण तथा सापटीमा हुने हानि-नोक्सानी

| विवरण | जम्मा ऋण रकम | ऋण नोक्सानी व्यवस्था |
|---|---|---|
| व्यक्तिगत रूपमा ऋण नोक्सानी व्यवस्था | ३२,६११,३६९.९७ | ८,७१८,११०.४४ |
| सामूहिक ऋण नोक्सानी व्यवस्था | १,३३९,२७५,१२३.५१ | २५,२८९,७२४.८५ |
| जम्मा | १,३७१,८८६,४९३.४८ | ३४,००७,८३५.२९ |

### घ) परिशोधन लागतमा मापन भएको सम्पत्तिमा नोक्सानी

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको परिशोधन लागतको रूपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई म्ष्कअयगलत गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुन रकमलाई म्ष्कअयगलत गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिन्छ । बैंकले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको परिशोधन लागत मापन गर्ने गरेको छ ।

### ङ) अन्य विस्तृत आय मार्फत उचित मूल्यमा वर्गीकरण भएका इक्विटी उपकरणको लगानीको नोक्सानी

विक्रीको लागि वित्तीय सम्पत्तिको लागी कमजोरीको उद्देश्य प्रमाणहरू उपलब्ध छ भने संचयी घाटा (नाफा वा नोक्सानमा पहिले पहिचान प्राप्त वित्तीय सम्पत्तिमा परिशोधन लागत र वर्तमान उचित मूल्य बीचको भिन्नता कम कुनै नोक्सान को रूपमा मापन भएको) इक्विटीबाट पुनःस वर्गीकृत गरी नाफा वा नोक्सानमा पहिचान दिइएको छ । इक्विटी धितोहरूको कमजोरीको उद्देश्य प्रमाणको मूल्यांकनका अन्य कारकहरूका साथै इक्विटी उपकरणको उचित मूल्यमा उल्लेख्य वा लामो अवधिको गिरावट भई लागत भन्दा कम भएमा सो अवस्थालाई समेत विचार गरिन्छ ।
यदि त्यसपछिको अवधिमा, बिक्रीको लागि वर्गीकृत भएको ऋण उपकरणको उचित मूल्य वृद्धि हुन्छ र वृद्धि नोक्सानी घाटा पहिचान भए पछि हुने घटनासँग वस्तुगत रूपमा सम्बन्धित हुन सक्दछ भने यस्तो नोक्सानीलाई नाफा वा नोक्सान विवरणमा उल्टाइन्छ ।

### ३.४ व्यापार सम्पत्ति र दायित्व

व्यापार सम्पत्ति र दायित्व भनेको ती सम्पत्ति र दायित्व हुन् जुन संस्थाले खास गरी निकट अवधिमा बेच्ने वा पुनःस खरीद गर्ने उद्देश्यको लागि प्राप्त गर्दछ वा छोटो अवधिको नाफा लिनको लागि सँगै व्यवस्थित गरिएको पोर्टफोलियोको अंशको रूपमा होल्ड गर्दछ । व्यापार सम्पत्ति र दायित्व शुरूमा उचित मूल्यमा मापन गरिन्छ र पछि वित्तीय अवस्थाको विवरणमा उचित मूल्यमा मापन गरी फरक रकमलाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ ।

### ३.५ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरू एक बर्ष वा सोभन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यको प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आ्ना सम्पत्ति र उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाको सम्पत्ति तथा उपकरणहरूको बारेमा थप जानकारी टिप्पणी नं. ४.८ मा प्रस्तुत गरिएको छ ।

निम्नानुसारका अवस्थामा मात्र सम्पत्ति तथा उपकरणको पहिचान गर्ने गरिन्छः
क) संस्थालाई सम्पत्ति तथा उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा
ख) सो सम्पत्ति तथा उपकरणको लागत मापन गर्न सकिएको ।

सम्पत्ति तथा उपकरणलाई लागत विधिमा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस विधि अनुसार सम्पत्ति तथा उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । सम्पत्ति तथा उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था अनुमान भएमा, सो सम्पत्तिको

किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गर्दिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ । रू.५,०००/- भन्दा कम मूल्यमा खरिद गरिएका सम्पत्तिलाई खरीदको बर्षमा उनीहरुको उपयोगी आयुको पर्वाह नगरी आय विवरणमा लेखांकन गरिएको छ ।

पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा वित्तीय अवस्थाको विवरणमा प्रस्तुत गरिएको आर्थिक बर्षमा भएको किताबि मुल्य ९ऋबचचथष्लन बयगलत० लाई यस वित्तीय विवरणमा प्रस्तुत भएका आ.व.हरूको प्रारम्भिक लागत मानी लेखांकन गरिएको छ ।

संस्थाका विभिन्न प्रकृतिका सम्पत्ति तथा उपकरणको अनुमानित उपयोगी आयु निम्नबमोजिम आँकलन गरिएको छ

| सम्पत्ति | अनुमानित उपयोगी आयु |
|---|---|
| कम्प्युटर, इलोक्ट्रिकल तथा इलोक्ट्रोनिक उपकरणहरू | ७ बर्ष |
| अफिस फर्निचर | ७ बर्ष<br>(२०७९.०४.०१ पछि खरिद भएका फर्निचरहरुमा १० बर्ष) |
| अन्य अफिस उपकरणहरू | ७ बर्ष |
| सवारी साधन (कार) | १२ बर्ष |
| सवारी साधन (मोटरसाईकल) | १० बर्ष |
| मेसिनरी सामान | ७ बर्षश |
| प्रयोगको अधिकार रहेको सम्पत्ति (ROU Assets) | प्रयोग अवधि वा सम्पत्तिको अनुमानित उपभोग अवधी मध्ये जुन कम हुन्छ । |

२०७९.०४.०१ अघि खरिद भएको सवारी साधन तथा प्रयोगको अधिकार रहेको सम्पत्ति बाहेकका अन्य सम्पत्तिहरूको हकमा ५ बर्ष आयु अनुमान गरिएको छ ।

### ह्रासकट्टी

संस्थाले सम्पत्ति तथा उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समय वा अनुमानित आयको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । यस बर्ष खरिद गरिएका सम्पत्तिहरूलाई खरिद गरिएको महिनादेखि पछिल्लो महिनाबाट आनुपातिक रूपमा ह्रासकट्टी हुने गरी लेखांकन गरिएको छ । साथै निसर्ग भएका सम्पत्तिहरूको सम्बन्धमा निसर्ग भएको महिना भन्दा अघिल्लो महिनासम्मको अवधिको लागि अनुपातिक रूपमा ह्रासकट्टी गरिएको छ ।
संस्थाले सम्पत्ति तथा उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर विधि ९क्तचबष्नजत ˆष्लभ ःभतजयम० अनुसार ह्रासकट्टी गर्ने गरेको छ ।

### अपलेखन वा पहिचान खारेज

जब सम्पत्ति र उपकरणको विक्री वा अपलेखन हुन्छ अथवा यसको प्रयोग वा अपलेखनबाट भविष्यमा कुनै स्थितिमा आर्थिक लाभहरु अपेक्षा गरिदैन, तब Carrying Amount लाई अपलेखन गरिने छ । सम्पत्ति र उपकरणको पहिचान खारेजीबाट उत्पन्न हुने लाभ वा घाटा नाफा नोक्सान विवरणमा समावेश हुनेछ ।
ह्रासकट्टी विधि, उपयोगी आयु र अवशिष्ट मूल्य ९क्ब्खिबनभ ख्बगिभ० प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र, यदि कुनै अनुमान परिवर्तन भएमा, सोको समायोजन सो बर्षदेखि गरिन्छ ।

### ३.६ अमूर्त सम्पत्ति

### खरिद भएको अमूर्त सम्पत्ति

अमूर्त सम्पत्ति सुरुमा लागतमा मापन गरिन्छ, जसले सम्पत्तिमा समाहित भावी आर्थिक लाभहरु संस्थामा प्रवाह हुने र उनीहरुको अपेक्षित उपयोगी जीवनको आधारमा परिमार्जन हुने सम्भावनाको बजार अपेक्षाहरु प्रतिबिम्बित गर्दछ ।

### कम्प्यूटर सफ्टवेयर

खरीदबाट प्राप्त कम्प्युटर सफ्टवेयर र सो सफ्टवेयरमा प्रयोगमा ल्याउनको लागि लागेको लागतको आधारमा पुँजीकरण गर्ने गरिन्छ । सफ्टवेयरमा भएको थप लागतले भविष्यमा थप आर्थिक लाभ दिने भएमा सो थप लागतलाई पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी आयुको आधारमा परिशोधन गरिन्छ । प्रत्येक बर्ष गरिने सफ्टवेयर संचालन सम्बन्धी लागतहरुलाई खर्चको रुपमा लेखांकन गरिन्छ ।
प्रत्येक प्रतिवेदन मितिमा, यी सम्पत्तिहरु क्षयका संकेतहरुको लागि मूल्यांकन गरिन्छ । जब सम्पत्तिको carrying amount यसको पुनः प्राप्ति योग्य रकम भन्दा बढी निर्धारण हुन पुग्दछ, फरक रकमलाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ । सफ्टवेयरको परिशोधन अनुमानित उपयोगी आयु भरी समदरमा गरिएको छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी आयु ५ बर्ष छ ।

रू. ५,००० भन्दा कमको सफ्टवेयरलाई खरीदको बर्षमा उनीहरूको उपयोगी जीवनको पर्वाह नगरी आयमा राखिएको छ । परिशोधन विधि, उपयोगी जीवन र अवशिष्ट मूल्य प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र कुनै अपलेखन आवश्यक भएमा सो अपलेखन समेत गरिन्छ ।

### लिजहोल्ड सम्पत्ति

संस्थाले लिजमा लिएको सम्पत्तिमा कार्यालय संचालनको लागि आवश्यक पर्ने संरचना तयार गरेको छ । सो कार्यमा संस्थाले गरेको लगानीलाई लिजहोल्ड सम्पत्ति अन्तर्गत लेखांकन गरी अमूर्त सम्पत्तिमा प्रस्तुत गरिएको छ । संस्थाले लिजहोल्ड सम्पत्तिलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर विधि (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । संस्थाले लिजहोल्ड सम्पत्तिको प्रयोग अवधि मिति २०७९.०४.०१ मा रहेका सम्पत्तिको लागि ७ बर्ष तथा मिति २०७९.०४.०१ पछि खरिद भएकाको हकमा १० बर्ष रहने अनुमान गरेको छ ।

### ३.७ पूँजीगत निर्माण

भवन निर्माणको लागि खर्च भएका रकम जुन पूँजीकरण गर्न बाँकी छन तिनीहरूलाई निमार्णाधिन भवनमा लेखांकन गरिएको छ । यसरी देखाइएको रकमलाई निर्माणको कार्य पश्चात प्रयोगको लागि उपलब्ध भएमा सम्बन्धित सम्पत्तिमा स्थानान्तरण गरिन्छ । पूँजीगत निर्माणको रकमलाई लागत मूल्यमा केही हानी/नोक्सानी भए घटाएर प्रस्तुत गरिन्छ । संस्थाले भवन निर्माणको लागी गरेको खर्चलाई निर्माणधिन भवन अन्तर्गत सम्पत्ति तथा उपकरणमा प्रस्तुत गरिएको छ ।

### ३.८ उपयोगको अधिकार रहेको सम्पत्ति (ROU Assets) तथा पट्टा दायित्व

संस्थाले NFRS 16 "Leases" अनुसार पट्टामा लिएका सम्पत्तिमा उपयोग को अधिकार सम्पत्ति (right-to-use asset) तथा पट्टा दायित्व लेखांकन गरेको छ । NFRS 16 "Leases" ले दिएको छोटो अवधिको पट्टाको लागि पहिचानमा छुट ९चभअयनलष्तष्यल भहझउतष्यल० को अधिकार पनि प्रयोग गरि लेखांकन गरेको छ । NFRS 16 "Leases" अनुसार, सम्झौता पट्टा हो या सम्झौतामा पट्टा छ भन्ने यकिनका लागि सम्झौताको निर्धारणको आधारमा हुन्छ । यस्तो निर्धारणमा सम्झौता पूर्ति गर्न, रकम (consideration) को लागि निश्चित सम्पत्तिको प्रयोगमा निर्भर छ या सम्झौताले समयावधि भर पहिचानयोग्य सम्पत्तिको प्रयोगमा नियन्त्रण लिएको छ या छैन भनी मूल्यांकन गरिन्छ ।

### ३.८.१ पहिचान

सम्झौताले पहिचानयोग्य सम्पत्तिको प्रयोगमा नियन्त्रण लिएको या नलिएको मुल्यांकन गर्न संस्थाले तलका कारकहरू विचार गर्दछ :

१. सम्झौतामा पहिचानयोग्य सम्पत्तिको प्रयोगको अधिकार समावेश छ । यस्तो सम्पत्ति भौतिक रूपमा अलग्गै हुनु पर्दछ । यदि आपूर्तिकर्ताले सम्पत्ति प्रतिस्थापन गर्ने क्षमता राख्दछ भने त्यस्तो सम्पत्तिलाई पहिचानयोग्य भनिदैन ।
२. संस्थाले पट्टाको समयावधि भर उक्त सम्पत्तिको प्रयोगबाट आर्थिक लाभ प्राप्त गर्ने सम्पूर्ण अधिकार राख्दछ र
३. संस्थासँग सम्पत्ति के कसरी प्रयोग गर्ने सम्पूर्ण अधिकार हुन्छ । संस्थासँग यो अधिकार तब हुन्छ जब सम्पत्ति के को लागि र कसरी प्रयोग गर्ने भन्ने निर्णय गर्ने अधिकार हुन्छ । धेरै जसो सम्झौतामा सम्पत्ति के को लागि र कसरी प्रयोग गर्ने भनी पहिले नै परिभाषित हुने गर्दछ, यस्तो अवस्थामा संस्थासँग सम्पत्ति के कसरी प्रयोग गर्ने अधिकार छ भनी तल उल्लेखित कुनै अवस्थामा हुने गर्दछ :
   - संस्थासँग सम्पत्ति संचालन गर्ने अधिकार छ ; वा
   - संस्थाले सम्पत्तिको डिजाइन, सम्पत्ति के को लागि र कसरी प्रयोग गर्ने पूर्वनिर्धारित उद्देश्यको आधारमा गर्दछ ।

### ३.८.२ प्रारम्भिक मापन (Initial Measurement)

उपयोग को अधिकार सम्पत्ति तथा पट्टा दायित्व पट्टाको मापन सुरू भएको मितिबाट गरिन्छ । पट्टा दायित्व भन्नाले पट्टाको सम्झौता अनुसार सम्झौता अवधिभर तिर्नुपर्ने रकम (बढ्ने भाडा सहित)को हालको मान (present value) लाई जनाउँदछ । दायित्वको वर्तमान मुल्य ९उचभकभलत खबगिभ० सापटी लिंदा लाग्ने ब्याज दर (borrowing rate) प्रयोग गरि निर्धारण गरिएको छ । संस्थाले सापटी लिंदा लाग्ने ब्याज दर ९दयचचयधष्लन चबतभ० १० प्रतिशत अनुमान गरि पट्टा दायित्वको मापन गरेको छ ।

उपयोग को अधिकार सम्पत्तिलाई शुरूमा लागतमा लेखांकन गरिन्छ । उपयोग को अधिकार सम्पत्तिको लागतमा निम्न रकमहरू समावेश गरिएको हुन्छ:

पट्टा दायित्वको प्रारम्भिक मापनको रकम ˙ प्रारम्भ मितिमा वा अघिको पट्टा भुक्तानी - प्रारम्भको प्रत्यक्ष खर्च + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुर्नस्थापना गर्न लाग्ने लागत

### 3.8.3 पछिको मापन (Subsequent Measurement)

संस्थाले प्रारम्भिक मिति पश्चात उपयोगको अधिकार सम्पत्तिलाई लागतमा सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । साथै NFRS 16 बमोजिम पट्टा दायित्वको पुनः मापन रकम समेत समायोजन गरि प्रस्तुत गरिन्छ । उपयोगको अधिकार सम्पत्तिको ह्रासकट्टी सम्झौता अवधिभर सीधा रेखा विधि (Straight Line Method) प्रयोग गरि गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात निम्नानुसार मापन गरिन्छः

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानी रकमलाई कम गर्ने र
- पट्टा पुनःमापन वा संशोधन प्रतिविम्वित हुने रकम समायोजन गर्ने ।

### ३.८.४ NFRS Transition मितिमा पहिचान तथा मापन

संस्थाले NFRS Transition मितिबाट १२ महिना भन्दा कम अवधि रहेको पट्टा सम्झौतामा उपयोग को अधिकार सम्पत्ति तथा पट्टा दायित्व

पहिचान गरेको छैन । यी पट्टा सम्झौतामा तिरिएका रकमलाई पट्टा अवधि भरी सीधा रेखा विधी मार्फत खर्च लेखिएका छन् । सो अनुसार रू. ७,९३,५०० लाई भाडा खर्च अन्तर्गत प्रस्तुत गरिएको छ । NFRS Transition मिति (२०७९.०४.०१) बाट १२ महिना भन्दा बढि सम्भौता अवधि रहेको पट्टाको उपयोगको अधिकार सम्पत्ति तथा पट्टा दायित्वको मापन पट्टा सम्झौता मितिबाट (Retrospective application) गरेको छ । सो बमोजिम लेखांकन गर्दाको सञ्चित प्रभावलाई शुरूको नाफा नोक्सान हिसाबबाट समायोजन गरिएको छ ।

### ३.९ लगानी सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्ति

#### लगानी सम्पत्ति (Investment Property)

बहालको आम्दानी वा पुँजी वृद्धि वा दुवै प्रयोजनका लागि राखिएको सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकृत गरिन्छ । लगानी सम्पत्तिहरु शुरूमा लागतमा मापन गरिन्छ र पछि लागतबाट सञ्चित ह्रासकट्टी घटाएर प्रस्तुत गरिन्छ । त्यसपछिको खर्चलाई सम्पत्तिको किताबि मुल्यमा तव पुँजीकरण गरिन्छ जब यो सम्भावित हुन्छ कि भविष्यमा खर्चसँग सम्बन्धित आर्थिक लाभहरु संस्थामा प्रवाहित हुनेछन् र लागतलाई विश्वसनीय रूपमा मापन गर्न सकिन्छ । अन्य सबै खर्चहरू मर्मत र मर्मतसम्भार खर्च अन्तर्गत लेखांकन गरिन्छ । जग्गा जमिनको हकमा भने ह्रासकट्टी नहुने भएकोले ऐतिहासिक लागतमा लेखांकन गरिन्छ । संस्थाले गैर बैंकिङ सम्पत्तिलाई पनि लगानी सम्पत्तिको रुपमा पहिचान गरेको छ ।

लगानी सम्पत्तिहरु निसर्ग गरिएमा वा लगानी सम्पत्ति स्थायी रूपमा प्रयोगबाट फिर्ता लिइएमा र यसको निसर्गबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नभएको अवस्थमा वित्तीय विवरणबाट पहिचान खारेज गरिन्छ र सोको कुनै लाभ वा हानिलाई नाफा नोक्सान विवरणमा लेखांकन गरिन्छ ।

संस्थाले खरिद गरेको जग्गा जमिनलाई सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत अन्य व्यक्तिहरूलाई बहालमा दिएको छ । सोहि बमोजिम संस्थाले जग्गा जमिनलाई लगानी सम्पत्ति अन्तर्गत प्रस्तुत गरेको छ साथै सोको बहाल आम्दानीलाई नाफा नोक्सान विवरणमा समावेस गरेको छ । संस्थाले जग्गाको उचित मुल्य स्वतन्त्र मुल्यंकनकर्ताबाट गराएको छ र सोको खुलासा गरेको छ । संस्थासँग हाल अन्य गैर बैंकिङ सम्पत्तिहरू रहेको छैन । हाल संस्थासँग रहेको लगानी सम्पत्तिलाई टिप्पणी नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

### ३.१० आयकर

आयकर खर्चमा यस बर्षको कर, स्थगन कर तथा विगत बर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । आयकर खर्च र स्थगन कर नाफा वा नोक्सानी, इक्विटी वा अन्य विस्तृत आयमा सिधा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित हदसम्म लेखांकन गरिन्छ । संस्थाले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ ।



#### चालु आयकर (Current Income Tax)

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक बर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस बर्षको नाफालाई आधार मानी सोमा आयकर ऐनले उल्लेख गरेको समायोजन गरि गणना गरिन्छ । विगत बर्षको कुनै थप कर दायित्व आएमा सो समेत यस अन्तर्गत समावेश गरिन्छ । स्रोतमा कट्टि गरिएको (TDS) करलाई भने अन्य दायित्वमा राखिएको छ ।

#### स्थगन कर (Deferred Tax)

वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि आर्थिक बर्षको अन्त्यमा सम्पत्ति र दायित्वको कर आधार (tax base) र किताबी मूल्यको अस्थायी भिन्नताहरूमा स्थगन करको व्यवस्था गरिन्छ । तल उल्लेखित बाहेकका सवै करयोग्य अस्थायी भिन्नताहरूमा स्थगन कर दायित्व पहिचान गरिन्छ :

- स्थगन कर दायित्वको उत्पत्ति ख्यातिको प्रारम्भिक पहिचानबाट वा व्यापार संयोजनबाट नआएको सम्पत्ति वा दायित्वको शुरूको मापनबाट भएमा, र यस्तो कारोबारको मितिमा लेखा अनुसारको नाफा नोक्सान र करयोग्य नाफा नोक्सान दुवैमा प्रभाव नपरेमा । सम्पूर्ण घटाउन योग्य अस्थायी भिन्नता, अघिल्ला बर्षबाट ल्याइएको उपयोग नभएको कर क्रेडिट र उपयोग नभएको कर नोक्सानी बापत स्थगन कर सम्पत्ति पहिचान गरिन्छ, तथापी यसको पहिचान तल उल्लेखित अवस्था बाहेकका घटाउन योग्य अस्थायी भिन्नता, उपयोग नभएको कर क्रेडिट र कर नोक्सानीको उपयोग गर्न भविष्यमा करयोग्य नाफा उपलब्ध हुने सम्भावनाको हदसम्म मात्र हुन्छ :

- घटाउनयोग्य अस्थायी फरकसँग सम्बन्धित स्थगन कर सम्पत्तिको उत्पत्ति व्यापार संयोजनबाट नआएको सम्पत्ति वा दायित्वको शुरूको पहिचानबाट भएमा, र यस्तो कारोबारको मितिमा लेखा अनुसारको नाफा नोक्सान र करयोग्य नाफा नोक्सान दुवैमा प्रभाव नपरेमा ।

स्थगन कर सम्पत्तिको किताबी मूल्य प्रत्येक वर्षान्तमा पुनरावलोकन गरिन्छ र भविष्यमा पर्याप्त नाफा उपलब्ध हुने सम्भावना भएको सीमासम्म स्थगन कर सम्पत्ति घटाइन्छ । पहिचान नगरिएको स्थगन कर सम्पत्ति प्रत्येक वर्षान्तमा पुनः मूल्याङ्कन गरिन्छ र भविष्यको सम्भावित करयोग्य नाफासँग स्थगन कर सम्पत्ति उपयोग गर्न सकिने हदसम्म पहिचान गरिन्छ ।

आर्थिक बर्षको अन्त्यमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रूपमा कार्यान्वयन भएको करको दरको आधारमा सम्पत्ति बिक्री भएको वा दायित्व समाप्त भएको समयको अपेक्षित करको दर प्रयोग गरी स्थगन कर सम्पत्ति र दायित्वको मूल्याङ्कन गरिन्छ । चालु वा स्थगन कर सम्पत्ति र दायित्व एउटै कर हेर्ने निकायसँग सम्बन्धित भएमा मात्र अफसेट गरिन्छ ।

### ३.११ निक्षेप

संस्थाले आफ्ना सदस्यहरूबाट संस्थाको आन्तरिक नीति बमोजिम आबधिक (३ बर्षसम्मको), सामान्य बचत, सुपर सेभिङ्ग, नियमित बचत, बाल बचत, नारी बचत, जेष्ठ नागरिक बचत, सुनौलो बचत, कर्मचारी बचत, सेभिङ्ग प्लस, स्मार्ट बचत आदि प्रकारका बचतहरूबाट निक्षेप स्विकार गर्छ र खातावालालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी लेनदेनहरु संस्थाको अभिलेखहरूमा रेकर्ड गरिएको छ, र परिणामस्वरूपको मौज्दात रकमलाई संस्थाको दायित्वको रूपमा लेखांकन गरिएको छ ।

### ३.१२ व्यवस्थाहरू तथा सम्भावित दायित्वहरू (Provisions and Contingent Liabilities)

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा व्यवस्थाहरू लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । विगतका घटनाहरूको परिणामस्वरूप संस्थाको वर्तमानमा सिर्जित कुनै दायित्वहरू छन, जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नका लागि स्रोतको बहिर्गमन हुन्छ भने त्यसलाई व्यस्थाका रूपमा लेखाङ्कन गरिएको छ ।

संस्था समेत सम्बन्धित भएर विभिन्न अदालतहरूमा निम्नानुसारका मुद्दाहरू विचाराधिन रहेकोले सो वापत भविष्यमा उत्पन्न हुने दायित्वलाई सम्भावित दायित्वको रूपमा प्रस्तुत गरिएको छः

| क्र.स. | मुद्दा | मुद्दाको अवस्था |
|---|---|---|
| १. | आयकर (आ.व. २०६९/७०) | संस्थाले आन्तरिक राजस्व विभागमा रू. २४८,५९३.२३ धरौटिको रूपमा राखेको तर सो कर दायित्वबारे अन्तिम जानकारी संस्थालाई प्राप्त नभएको । |
| २. | राम कुमार राई (ऋणी) | संस्थाले ऋण लगानी गरेको तर सोको समयमानै भुक्तानी नभएपछि काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको । हाल मुद्दा विचाराधिन नै रहेको तथा अदालतको आदेशानुसार धितो रोक्का भईसकेको । |

संस्थाको पक्षमा फैसला भईसकेको ऋणको विवरण

| क्र.स. | ऋणीको नाम | फैसला प्रमाणीत मिति | हालको अवस्था |
|---|---|---|---|
| १. | बेनी ज्योति गुभाजु | ८/३/२०७८ | संस्थाको पक्षमा फैसला भई अदालतको आदेशबाट धितो रोक्का भईसकेको । |
| २. | राम हरी कँडेल | १२/१४/२०७९ | |
| ३. | जुवी घिसिङ | ८/१९/२०७९ | |

### ३.१३ आम्दानी लेखांकन (Revenue Recognition)

आय भनेको सहकारीको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसबाट इक्विटीका सहभागीहरूले योगदान पुऱ्याएको बाहेक इक्विटीमा बृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरु वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ति सम्भव छैन, तिनलाई आम्दानीको रूपमा लेखांकन गरिएको छैन । अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 - Revenue from Contract with Customer को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाको आय र आय मान्यताको आधारहरु निम्नानुसार छन्ः

#### १ ब्याज आम्दानी

सदस्यहरूलाई प्रदान गरिएको ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा कर्मचारीलाई प्रदान गरेको ऋणमा प्राप्त ब्याज रकमहरूलाई संस्थाले NFRS 15 को प्रावधान बमोजिम प्रोदभावी आधारमा गणना गरी ब्याज आम्दानीको रूपमा लेखांकन गरेको छ । ऋण लगानीमा प्राप्त ब्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ, जुन प्रभावकारी ब्याज विधिको नजिक हुने गर्दछ । नोक्सानी व्यवस्था गरिएका ऋणहरूमा पाउने ब्याजलाई प्रभावकारी ब्याज (EIR) गणना विधिमा समावेश गरिँदैन । संस्थाले ब्याज आम्दानी लेखांकन गर्दा प्रभावकारी ब्याज गणनाको लागी वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ । सो अनुसार संस्थाले ऋण लगानीको अग्रिम ऋण व्यवस्थापन शुल्क वा ऋण लगानीमा प्राप्त कमिसनलाई EIR दर गणनामा समावेश गरेको छैन, जसका कारण EIR दर ऋणीहरू लाई प्रदान गरिएको ब्याजदर सँग बराबर हुन्छ ।

#### २. सेवा शुल्क

सेवा शुल्क EIR गणनाको अभिन्न अंग हो । यद्यपि ICAN द्वारा जारी EIR दर सम्बन्धि carve out अनुसार सेबा शुल्क EIR गणना गर्दा समावेश गर्नु पर्दछ, जबसम्म यो अव्यावहारिक हुँदैन । अव्यवहार्यताको कारण, संस्थाले ऋण लगानी वा नविकरण बाट प्राप्त हुने शुल्कहरूलाई ऋण स्विकृतिको बखतमा नै आम्दानी लेखांकन गर्ने गरेको छ ।

#### ३. लाभांश आय

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

### ४. बहाल आम्दानी
संस्थाले संस्थाको पूँजीगत सम्पत्तिको बहालबाट प्राप्त गर्ने आम्दानीलाई बहाल सम्झौतामा बमोजिम प्रोदभावी आधारमा लेखांकन गरेको छ ।

### ३.१४ ब्याज खर्च
निक्षेपहरु लगायत सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रभावकारी ब्याज (EIR) गणना विधि बमोजिम प्रोदभाबी आधारमा लेखाङ्कन गरिन्छ ।

### ३.१५ कर्मचारी खर्च
कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवाबापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँदछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि सहकारीले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

### ३.१५.१ अल्पकालीन प्रकृतिका कर्मचारी खर्च
अल्पकालीन प्रकृतिका कर्मचारी सुविधाहरु ती लाभहरु हुन् जुन १२ महिनापछि पूर्ण रूपमा भुक्तानी हुने आशा गरिन्छ र त्यसैले कर्मचारीहरूले सम्बन्धित सेवा प्रदान गरेको अवधिमा खर्चको रूपमा लेखांकन गरिन्छ । अल्पकालिन अवधिको कर्मचारी खर्च अन्तर्गत निम्नानुसारका खर्चहरू पर्ने गर्दछन्:

१. ज्याला, तलब, भत्ता र सामाजिक सुरक्षा योगदान
२. बिदा बापतको रकम भुक्तानी
३. नाफामा आधारित बोनस
४. गैर मौद्रिक लाभ आदि ।

संस्थाले नाफामा आधारित बोनस व्यवस्था, कर अघिको रकमको १०% का दरले गर्ने गरेको छ । बोनस व्यवस्था गणनाको लागी कर अघिको नाफाको गणना गर्दा संस्थाले NFRS बमोजिमको वित्तीय विवरणमा प्रस्तुत नाफामा निम्नानुसार समायोजन गरेको छः

१. ऋण लगानी आम्दानी नगद आधारमा गणना गरिएको ।
२. लिज बापतको भाडा आम्दानी नगद आधारमा लिईएको ।
३. सम्पत्तिको मुल्यांकनको नाफा वा नोक्सान तथा अन्य विस्तृत आयको अन्य रकमहरू समावेश नगरिएको ।



### ३.१५.२ दीर्घकालीन प्रकृतिका कर्मचारी खर्च
संस्थाको नियम बमोजिम सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष, औषधोपचार सूविधा, विदा बापतको भुक्तानी आदि तथा कर्मचारीले स्वेच्छिक रूपमा सेवाबाट निवृत्त हुने निर्णय गरेमा प्रदान गरिने निवृत्ति सुविधाहरू दीर्घकालीन कर्मचारी खर्च अन्तर्गत पर्दछन् ।

### ३.१५.२.१ परिभाषित योगदान योजनाहरु (Defined Contribution Plan)
परिभाषित योगदान योजना एक रोजगार पछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले कर्मचारीको र संस्थाको योगदान रकम छुट्टै संस्थामा भुक्तान गनुपर्ने हुन्छ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । संस्थाले मिति २०७८.११.०१ देखि नियमित रूपमा संस्थाको योगदान २०% तथा कर्मचारीको योगदान ११% गरि कुल ३१% सामाजिक सुरक्षा कोषमा दाखिला गर्दै आएको छ । संस्थाले योगदान गर्ने २०% रकमहरूमा १०% सञ्चय कोष, ८.३३% उपदान तथा १.६७% विमा वापतको रकम पर्दछ । परिभाषित योगदान योजनाहरूको लागि योगदानका लागि दायित्वहरु सम्बन्धित सेवाहरु प्रदान गरिएको समयमा यस अवधिमा नाफा वा नोक्सानमा कर्मचारी खर्चको रूपमा मान्यता दिइएको छ ।

### ३.१५.२.२ परिभाषित लाभ योजनाहरु (Defined Benefits Plan)
परिभाषित योगदान योजना बाहेकका अन्य अवकास पछि दिईने लाभ योजनाहरू परिभाषित लाभ योजनाहरू हुन् । संस्थाले उपदान, सञ्चय गर्न सकिने बिदा तथा उपचार खर्च सुविधालाई परिभाषित लाभ योजना अन्तर्गत पहिचान गरेको छ । परिभाषित लाभ योजनामा खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टै गणना गरिन्छ । सोको गणना गर्दा कर्मचारीहरूले वर्तमान र अघिल्लो अवधिहरूमा आफ्नो सेवाको बदलामा कमाएको भविष्यको लाभको रकम अनुमान गरी त्यस लाभलाई Discounting गरि वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसपछि कुनै पनि योजना सम्पत्तिको उचित मूल्यलाई घटाइन्छ । संस्थाले DBP बाट उत्पन्न हुने सबै बिमाङ्कीय लाभ वा नोक्सानलाई अन्य विस्तृत आयमा तथा DBP सँग सम्बन्धित अन्य खर्चलाइ नाफा नोक्सानको विवरणमा लेखांकन गरिन्छ । अन्य खर्च अन्तर्गत सेवा खर्च (वर्तमान र विगत), खुद ब्याज खर्च तथा भुक्तानी गर्दाको लाभ वा नोक्सान (Settlement gains or losses) पर्दछन् । संस्थाले सबै परिभाषित लाभ योजनाहरूको इजाजत प्राप्त बिमाङ्कीय मुल्यांकनकर्ताबाट NAS 19 ले निर्दिष्ट गरेको अनुमानित एकाई क्रेडिट विधि (Projected Unit Credit method) बमोजिम मुल्यांकन (Actuarial Valuation) गराएको छ ।

NFRS अन्तर्गत, बिमाङ्कीय लाभ वा नोक्सान खुद परिभाषित लाभ दायित्व (सम्पत्ति) को पुनः मापन को एक भाग हो जुन अन्य विस्तृत आय विवरणमा लेखांकन गरिएको छ । साथै, यसको कर प्रभावलाई समेत अन्य विस्तृत आय विवरणमा लेखांकन गरिएको छ । सो सम्वधी थप विवरणहरू टिप्पणी नं ४.१३ अन्तर्गत राखिएको छ ।

(क) कर्मचारी बिदाको व्यवस्था

संस्थाको स्वीकृत विनियमावली बमोजिम कर्मचारीहरूलाई प्रदान गरिने बिदा बापतको क्षतिपूर्तिहरू कर्मचारी बिदा बापतको खर्चमा समावेश गरिन्छ । सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरूले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरू वृद्धि भएमा तथा सञ्चय गर्न नसकिने बिदाहरूको हकमा कर्मचारीलाई बिदा बापतको रकम भुक्तानी दिएको अवस्थामा बिदा बापतको खर्चको लेखाङ्कन गरिन्छ । सञ्चय गर्न सकिने विदा (घर विदा ९० दिन तथा विरामी बिदा ४५ दिन) बापतको दायित्वको गणना गर्दा संस्थाले विमाङ्कीय मुल्यांकन (Actuarial Valuation) गराएको छ ।

(ख) कर्मचारी उपदान कोष

संस्थाको स्वीकृत विनियमावलीमा कर्मचारीको सेवा अवधिको आधारमा १० बर्ष सम्मको सेवा अवधि पूरा गरेको कर्मचारीलाई निजले खाईपाई आएको तलबको आधारमा प्रतिबर्ष एक महिनाको दरले, १० बर्ष देखि १५ बर्ष सेवा अवधि पूरा गरेको कर्मचारीलाई निजले खाईपाई आएको तलबको आधारमा प्रतिबर्ष डेढ महिनाको दरले र १५ बर्ष देखि २० बर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरेको कर्मचारीलाई निजले खाईपाई आएको तलबको आधारमा प्रतिबर्ष २ महिनाको दरले उपदान प्रदान गर्ने व्यवस्था रहेको छ । सो मध्ये १ महिनाको उपदान सामाजिक सुरक्षा कोषमा योगदान गर्ने गरिएकोले सो बाहेको रकमलाई यस अन्तर्गत पहिचान गरिएको छ । संस्थाको सोहि बमोजिम विमाङ्कीय मुल्यांकन (Actuarial Valuation) गराई उपदान कोष व्यवस्था गरेको छ ।

(ग) कर्मचारी उपचार सुविधा

संस्थाको स्वीकृत विनियमावलीमा कर्मचारीको सेवा अवधिको आधारमा २० बर्ष सम्म सेवा गरेमा खाईपाई आएको तलबको हिसाबले अधिकृत तह भए ८ महिना, सहायक स्तर भए १२ महिना र सहयोगी स्तर भए १६ महिनाको तलब वरावर उपचार सुविधा प्रदान गरिने व्यवस्था रहेको छ । संस्थाले उपचार खर्च सुविधाको विमाङ्कीय मुल्यांकन (Actuarial Valuation) गराएको छ र सोहि बमोजिम लेखांकन गरेको छ ।

३.१६ अन्य खर्चहरू

सम्बन्धित अवधिको लागि भएका अन्य खर्चहरूलाई खर्च भएको अवधिमा प्रोदभावी आधारमा नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिएको छ ।

३.१७ विदेशी मुद्रा अनुवाद

वित्तीय विवरण नेपाली रूँपैयामा प्रस्तुत गरिएको छ । सहकारीको यस आ.व.मा विदेशी मुद्रामा कारोवार भएको छैन र ऐन नियम बमोजिम संस्थाले विदेशी मुद्रामा कारोवार गर्न पाउदैन ।

३.१८ शेयर पुँजी तथा कोषहरू

३.१८.१ शेयर पूँजी

संस्थाले पूंजीगत उपकरणहरु वित्तीय दायित्व वा इक्विटी उपकरणहरूको रूपमा उपकरणहरूको अनुबंध शर्तहरूको रूपमा वर्गीकृत गर्दछ । इक्विटीलाई संस्थाको कुल सम्पत्तिमा सम्पूर्ण दायित्व घटाए पछि अवशिष्ट रकमको रूपमा परिभाषित गरिएको छ । सहकारीका साधारण शेयर सदस्यहरूले वार्षिक साधारणसभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ ।

३.१८.२ कोषहरू

३.१८.२.१ वैधानीक कोषहरू

संस्थाले सहकारी ऐन तथा नियमावलीको अधिनमा रहि यस बर्ष भएको करपछिको मुनाफा रकमलाई निम्नानुसार विभिन्न कोषहरूमा बाँडफाँड गरेको छ ।

संस्थाको आयकर पछिको नाफाबाट स्थगन कर पछिको पाकेको तर पाउनबाँकी ब्याजको रकम ब्याज मुल्तबी कोषमा लगिएको छ । अन्य विस्तृत कोषमा लेखांकन भएको विमाङ्किक नाफा/नोक्सानलाई विमाङ्किक नाफा/नोक्सान कोषमा लेखांकन गरिएको छ । प्राप्त हुन बाँकी बहाल आम्दानीलाई अन्य NFRS समोयाजन कोषमा लगिएको छ । सो पछिको नाफालाई संस्थाले वितरणयोग्य नाफाको रूपमा पहिचान गरेको छ । त्यसपछिको ऐन बमोजिम वितरण योग्य नाफाको २५% जगेडा कोषमा छुट्याई बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन २०७६ बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्बद्धन कोषमा ०.५% बाँडफाँड गरिएको छ । बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी नियमावली २०७५ र प्रदेश सहकारी नियमावली २०७६ साथै संचालक समितिको निर्णयानुसार देहाय बमोजिम बाँडफाँड गरिएको छ :

| कोषहरू | प्रतिशत |
|---|---|
| सहकारी शिक्षा कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| अन्य जोखिम व्यवस्था कोष | ५% |
| शेयर लाभांश कोष | बाँकी |

संस्थाको साधारण सभाले निर्णय गरेको अवस्थामा स्थिरीकरण कोषमा नियमानुसार रकम बाँडफाँड गर्ने संस्थाको नीति रहेको छ । जगेडा कोष भन्दा बाहेकका कोषहरूलाई नजीकको हजारमा लेखांकन गरिएको छ ।

जगेडा कोषमा माथी उल्लेखित रकम बाहेक निम्न रकमहरू समेत लेखांकन गर्ने नीति रहेको छ :
(क) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,
(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम सहकारी ऐन तथा नियमावली बमोजिम सदस्यहरूलाई कारोबारको आधारमा वितरण गरिन्छ । वितरण नभएमा जगेडा कोषमा रकमान्तर गरिन्छ । संस्थाले शेयर लाभांश कोषमा छुट्याएको रकमबाट मात्रै शेयर लाभांश वितरण गर्ने गरेको छ । अन्य कोषहरूमा रहेको रकम संस्थाले सो सँग सम्बन्धित कार्यक्रमहरूमा संस्थाको नीति बमोजिम खर्च गर्ने गरेको छ । सो अन्य कोषहरूमा बाँकी रकमहरू मध्ये संचालक समितिको निर्णय बमोजिम जगेडा कोषमा रकमान्तर गर्ने गरेको छ । संस्थाले वितरणयोग्य नाफामा समायोजन गरेको ब्याज मुल्तवी, विमाङ्किक नाफा/नोक्सान तथा पाउन बाँकी बहाल आम्दानीलाई प्राप्त भए पश्चात् मात्रै वितरणयोग्य नाफामा रकमान्तर गरिने छ ।

### ३.१८.२.२ अन्य कोषहरू
माथि उल्लेखित कोषहरू बाहेक निम्नानुसारका अन्य कोषहरू समेत रहने छन् ।

#### ब्याज मुल्तबी कोष (Interest Suspense Reserve)
NFRS बमोजिमको लेखा नीति अपनाउने क्रममा ब्याज आम्दानीको लेखाकंन सम्बन्धमा विद्यमान लेखानीतिबाट फरक नीतिका कारण उत्पन्न हुने रकमहरूको कोष ब्याज मुल्तबी कोष हो । यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाइदैन । यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज तथा सो रकमको स्थगन कर बापतको रकम पर्दछन् । संस्थाले ब्याज प्राप्त गरेको अवस्थामा मात्रै यस कोषबाट वितरणयोग्य नाफामा रकमान्तर गरि वैधानीक कोषहरूमा बाँडफाँड गरिन्छ ।

#### पूर्नमूल्यांकन कोष (Revaluation Reserve)
NFRS बमोजिम Revaluation Reserve मा उचित मूल्य समायोजन हुने प्रकृतिको शेयरमा लगानी भएको अवस्थामा वा कुनै सम्पतिको लेखांकन उचित मुल्यमा गरिएमा त्यस्तो सम्पत्ति पूनर्मूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।



#### विमाङ्किक नाफा/नोक्सान कोष (Actuarial Gains/Losses Reserve)
NAS 19 – Employee Benefits अन्तर्गत Defined Benefit Obligation मापनमा विमाङ्किक धारणा (Actuarial Assumption) मा भएको परिवर्तनको कारणले हुने फरकलाई यस शिर्षकमा समायोजन गरिन्छ । यस शिर्षकको रकममा हुने परिवर्तनलाई अन्य विस्तृत नाफा नोक्सान विवरणमा प्रस्तुत गरी यस शिर्षकमा समायोजन गरिन्छ ।

#### अन्य NFRS समायोजन कोष
यसमा NFRS लागु गर्दाको अन्य असरहरूलाई लेखांकन गरिएको छ ।

### ३.१९ प्रतिशेयर आम्दानी
संस्थाले NAS 33 – "Earnings Per Share" को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share) को गणना गर्ने गरेको छ ।

### ३.२० प्रस्तावित लाभांश
संस्थाको सञ्चालक समितिको मिति २०८१/०७/२५ मा बसेको बैठकले संस्थाका शेयरसदस्यहरूलाई २०८०/८१ को नाफाबाट ६ प्रतिशत बराबरको नगद लाभांश प्रदान गर्न साधारणसभामा सिफारिस गर्ने निर्णय गरेको छ, जुन वितरणका लागि वार्षिक साधारणसभाबाट पारित हुनु आवश्यक हुन्छ ।

## ५. प्रस्टीकरण तथा थप जानकारीहरू
### ५.१ जोखिम व्यवस्थापन
विशेष गरि संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । यस प्रकारका सेवाहरूमा विभिन्न जोखिमहरू रहेका हुन्छन् । त्यसैले, वर्तमान र सम्भावित भविष्यका जोखिमहरूको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न संस्थाले पर्याप्त नियन्त्रण प्रणाली अवलम्बन गरेको छ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरु समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरु आवश्यक छन् । लेखा सुपरीवेक्षण समिति क्रेडिट जोखिम (Credit Risk), संचालन जोखिम (Operating Risk), बजार जोखिम (Market Risk), तरलता जोखिम (Liquidity Risk) र प्रविधीगत जोखिम (Technological Risk) पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न जिम्मेवार छ । लेखा सुपरीवेक्षण समितिले संस्थाको समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्नेछ । साथै क्रेडिट जोखिम व्यवस्थापनको लागी संस्थाले ऋण उपसमिति गठन गरेको छ ।

### ५.२ सम्बन्धित व्यक्तिसँगको कारोबार

यस आर्थिक बर्षमा संस्थाका संचालक, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समिति तथा प्रमुख व्यवस्थापनको रूपमा कार्यरत व्यक्तिहरूलाई सम्बद्ध व्यक्तिको रूपमा लिएको छ ।

आर्थिक बर्ष २०८०.८१ मा सम्बद्ध व्यक्तिहरूको विवरण निम्न बमोजिम रहेको छ ।

#### क. सञ्चालक समिति

| क्र.स. | पदाधिकारीहरूको नाम | पद |
|---|---|---|
| १. | शिव प्रसाद सिटौला | अध्यक्ष |
| २. | मुकुन्द राज पाण्डे | उपाध्यक्ष |
| ३. | खिलानाथ धिमिरे | सचिव |
| ४. | सविना ढकाल | कोषाध्यक्ष |
| ५. | बद्रि सेढाँई | सदस्य |
| ६. | जानुका कडँेल | सदस्य |
| ७. | निर्मला सेढाँई | सदस्य |

#### ख. लेखा सुपरिवेक्षण समिति

| क्र.स. | पदाधिकारीहरूको नाम | पद |
|---|---|---|
| १. | साईमन मर्हजन | संयोजक |
| २. | निर्मला खरेल | सदस्य |
| ३. | निहारीका पौडेल | सदस्य |

#### ग. ऋण उप-समिति

| क्र.स. | पदाधिकारीहरूको नाम | पद |
|---|---|---|
| १. | विमला पाण्डे | संयोजक |
| २. | देवेन्द्र भण्डारी | सदस्य |
| ३. | सरस्वती तामाङ | सदस्य |

#### घ. प्रमुख व्यवस्थापकीय कर्मचारीहरू

| क्र.स. | कर्मचारीहरूको नाम | पद |
|---|---|---|
| १. | हरि प्रसाद पाण्डे | महाप्रवन्धक |
| २. | मनोज कुमार सेढाई | सह महाप्रवन्धक |

#### ङ. ऋण तथा बचत विवरण

| क्र.स. | विवरण | बाँकी ऋण रकम | बाँकी बचत रकम |
|---|---|---|---|
| १. | संचालक समिति | १,३४,०१,६३७.८३ | १,४१,९४,८५५.९३ |
| २. | लेखा सुपरीवेक्षण समिति | - | २,९४,२३१.३३ |
| ३. | ऋण उपसमिति | - | २७,६७,९३६.७३ |
| ४. | प्रमुख व्यवस्थापकीय कर्मचारी | १९,८६,९२०.०८ | ४,५३,७५१.५४ |

समिति तथा उपसमितिका सदस्यहरूको सम्वद्ध व्यक्तिहरूको बाँकी ऋण रकम रू. ८८,२८,२६९.१३ रहेको छ ।

# ५ बर्षको वित्तीय विश्लेषण तालिका

| आम्दानी | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|
| ऋण लगानीमा ब्याज आम्दानी | २११,४९९,५७७.१२ | २१३,२३५,७२९.१५ | २४०,३७३,९४२.७६ | २५३,७७९,७७२.७३ | २१५,८६१,०५३.७७ |
| बैंक खातामा ब्याज आम्दानी | ८०,२५४,९४८.७२ | ७०,४२०,७७०.४० | ८३,५२५,८१९.६९ | ९८,९६१,१५२.०१ | ७७,००९,१७७.०७ |
| निक्षेपमा ब्याज खर्च | (२०९,९००,०६०.०५) | (२०३,९३४,१२४.१७) | (२३७,०४४,४९२.६७) | (२९७,४१३,५३५.७९) | (२३५,३०१,४३०.३५) |
| खुद ब्याज आम्दानी | ८१,८५४,४६५.७९ | ७९,७२२,३७५.३८ | ८६,८५५,२६९.७८ | ५५,३२७,३८८.९५ | ५७,५६८,८००.४९ |
| ऋण जोखिम व्यवस्था/(फिर्ता तथा थप) | ७१७,३०७.३३ | ६,९६४,४११.३५ | (१,१९१,७२५.४८) | (३,३९५,७०५.५०) | (६९४,७५२.५४) |
| ऋणको घाटा पछिको खुद ब्याज आम्दानी | ८१,१३७,१५८.४६ | ७२,७५७,९६४.०३ | ८८,०४६,९९५.२६ | ५८,७२३,०९४.४५ | ५८,२६३,५५३.०३ |
| अन्य आम्दानी | २२,४८७,६७१.८० | १९,२५४,७५०.८५ | १९,९५२,८९१.५८ | २०,२८३,८२५.३० | २३,१३५,८९९.४५ |
| कुल सञ्चालन आम्दानी (क) | १०३,६२४,८३०.२६ | ९२,०१२,७१४.८८ | १०७,९९९,८८६.८४ | ७९,००६,९१९.७५ | ८१,३९९,४५२.४८ |
| खर्चहरू | | | | | |
| कर्मचारी खर्च | ३६,०८२,१९४.०० | ३३,१६९,५०४.०० | ३६,७५९,५७५.०० | ३४,७९९,८१०.०० | ३४,६६३,८०३.५७ |
| ह्रास कट्टी र परिषोधन | २,९६०,००९.३५ | २,७९४,८३७.६९ | २,८६२,८१६.२७ | ५,१६९,१००.०३ | ५,९१५,३८१.३९ |
| सञ्चालन खर्च | २४,३८६,०१६.७५ | २१,९६८,०१३.०५ | २४,१४२,५०९.४५ | २१,७०६,३५५.३८ | १८,४३५,९३०.२० |
| मर्मत तथा संम्भार खर्च | ७५१,६०६.९९ | ७२८,९३१.४० | ८४४,५७४.७० | ८५९,०९८.९७ | ४१४,८१२.६१ |
| जम्मा खर्च (ख) | ६४,१७९,८२७.०९ | ५८,६६१,२८६.१४ | ६४,६०९,४७५.४२ | ६२,५३४,३६४.३८ | ५९,४२९,९२७.७८ |
| आयकर अघिको नाफा वा (नोक्सान) | ३९,४४५,००३.१७ | ३३,३५१,४२८.७५ | ४३,३९०,४११.४३ | १६,४७२,५५५.३७ | २१,९६९,५२४.७० |
| कर खर्च | (४,०५९,१८४.००) | (४,२०५,२१९.००) | (४,८७८,९७०.००) | (१,४५३,९१७.०५) | (४,४१९,३८२.००) |
| आयकर पछिको खुद नाफा वा (नोक्सान) | ३५,३८५,८१९.१७ | २९,१४६,२०९.७५ | ३८,५११,४४१.४३ | १५,०१८,६३८.३२ | १७,५५०,१४२.७० |

## BALANCE SHEET

| पूँजी तथा दायित्व हिसाब | २०७७.०३.३१ को (रू.) | २०७८.०३.३१ को (रू.) | २०७९.०४.०१ को | २०८०.०३.३१ को | २०८१.०३.३१ को |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ७०,४९०,५००.०० | ७५,४१२,४००.०० | ७९,७९६,१००.०० | ९७,७१५,३००.०० | ९३,४०३,५००.०० |
| जगेडा तथा अन्य कोषहरू | १८२,०८१,१५५.७६ | १९१,७८८,५४५.८१ | २४१,२४०,००१.७७ | २३२,३५४,९१३.०२ | २४६,३०८,५२१.०२ |
| सदस्यको निक्षेप हिसाब | २,३६८,४७९,६०४.५७ | २,६१२,९३३,२०५.९४ | २,८१२,६३८,९२८.४० | २,४४०,९००,७७६.६९ | २,२४६,६४२,०६०.४१ |
| बचत हिसाब | ९७५,६१५,३३६.८७ | १,२१५,२३९,५६९.९४ | ९५८,४७२,४८५.६३ | ८३६,५९९,६७०.९२ | ९६४,१७३,४४१.४१ |
| आवधिक बचत | १,३९२,८६४,२६७.७० | १,३९७,६९३,६३६.०० | १,८५४,१६६,४४२.७७ | १,६०४,३०१,१०५.७७ | १,२८२,४६८,६१९.०० |
| कर्मचारी लाभ व्यवस्था (NFRS) | | | २५,२१५,७०८.०० | ३२,६७७,६७७.०० | ३१,३४६,२८२.०० |
| लिज दायित्व (NFRS- ROU सम्पत्तिमा सिर्जना भएको) | | | ५,७०७,२४७.७७ | १३,७६४,५६६.१० | ९,८०१,४३५.४३ |
| अन्य दायित्व | ७७,३१९,३७२.५१ | ८४,८०९,६६७.२१ | ११,४३९,३८८.१३ | ६,९०१,०५६.५० | ८,४०१,५६१.५८ |
| जम्मा पूँजी तथा दायित्व | २,६९८,३७०,६३२.८४ | २,९६४,९४३,८१८.९५ | ३,१७६,०३७,३७४.०६ | २,८२४,३१४,२८९.३२ | २,६३५,९०३,३६०.४३ |

| सम्पत्ति तथा जायदात हिसाब | २०७७.०३.३१ को (रू.) | २०७८.०३.३१ को (रू.) | २०७९.०४.०१ को | २०८०.०३.३१ को | २०८१.०३.३१ को |
|---|---|---|---|---|---|
| नगद तथा नगद समान | ३८८,८०३,५६८.८९ | ५०४,८१०,५१२.५१ | ७१०,४६०,२०७.१२ | ७६१,५०९,५३५.९८ | ५४४,५३३,०१४.५० |
| सदस्यलाई ऋण लगानी | १,३२९,१४४,८८५.१९ | १,५१९,५३४,८१६.९८ | १,७१४,८४१,४१०.५५ | १,४२२,३८४,२७१.५७ | १,३२४,११६,७४५.६१ |
| आयकर सम्पत्ति | २८,६८१,०९६.९६ | ३४,०१०,१८८.७६ | ३७,७९८,८५६.०२ | ५१,०९०,७१०.२८ | ५७,३२२,३२९.०१ |
| मुद्धती लगानी | ६९७,५००,०००.०० | ६४२,५००,०००.०० | ४६५,०००,०००.०० | ३२३,०००,०००.०० | ४४४,०००,०००.०० |
| शेयर धितोपत्रमा लगानी | १,१२५,०००.०० | १,१२५,०००.०० | १,१२५,०००.०० | १,१२५,०००.०० | १,१२५,०००.०० |
| लगानी सम्पत्तिहरू | १६८,८२५,०००.०० | १६८,८२५,०००.०० | १६८,८२५,०००.०० | १६८,८२५,०००.०० | १६८,८२५,०००.०० |
| उपयोगको अधिकार सम्पत्ति (ROU Assets) | | | ५,०२८,७१४.७३ | १२,७८९,५०८.८२ | ८,६०७,३१९.३८ |
| सम्पत्ति तथा उपकरण | ११,१५३,३९४.८८ | १३,४९४,११५.३९ | १५,२०६,७९८.६३ | १३,९९६,८८५.६३ | १२,९८५,२१५.६५ |
| अमुर्त सम्पत्ति | ३,७६५,६४८.६३ | २,१७३,३०६.४३ | ६५९,९०१.७० | ९५५,०४४.८४ | ८५५,१९२.८७ |
| स्थगन कर सम्पत्ति | | | १५४,००७.०० | १,२९४,२०४.०० | १,४४९,०८९.०० |
| अन्य सम्पत्ति हिसाब | ६९,३७२,०३८.२९ | ७८,४७०,८७८.८८ | ५६,९३७,४७८.३१ | ६७,३४४,१२८.२० | ७२,०८४,४५४.४२ |
| **जम्मा सम्पत्ति** | २,६९८,३७०,६३२.८४ | २,९६४,९४३,८१८.९५ | ३,१७६,०३७,३७४.०६ | २,८२४,३१४,२८९.३२ | २,६३५,९०३,३६०.४३ |
| कुल बचतमा तरल सम्पत्ति अनुपात | १६.४२% | १९.३२% | २५.२६% | ३१.२०% | २४.२४% |
| कुल बचतमा मुद्धती लगानी अनुपात | २८.५६% | २३.८६% | १६.५१% | १३.२४% | १९.७४% |
| कुल बचतमा ऋण लगानी अनुपात | ५६.१२% | ५८.१५% | ६०.९७% | ५८.२७% | ५८.९४% |
| पूँजीकोष बचतमा अनुपात | १०.६६% | १०.२३% | ११.४१% | १३.५२% | १५.१२% |
| कुल बचतमा आवधिक बचतमा अनुपात | ५८.८१% | ५३.४९% | ६५.९२% | ६५.७३% | ५७.०८% |
| कुल बचतमा ऐच्छिक बचत अनुपात | ४१.१९% | ४६.५१% | ३४.०८% | ३४.२७% | ४२.९२% |
| कुल सम्पत्तिमा स्थिर सम्पत्ति अनुपात | ६.८१% | ६.२२% | ५.८२% | ६.५१% | ६.९३% |
| कुल ऋणमा ब्याज आम्दानी अनुपात | १५.९१% | १४.०३% | १४.०२% | १७.८४% | १६.३०% |
| कुल बचतमा ब्याज खर्च अनुपात | ८.८६% | ७.८०% | ८.४३% | १२.१८% | १०.४७% |
| ब्याज आम्दानीमा ब्याज खर्च अनुपात | ७१.९४% | ७१.८९% | ७३.१८% | ८४.३२% | ८०.३४% |
| कुल आम्दानीमा ब्याज आम्दानी अनुपात | ९२.८४% | ९३.६४% | ९४.२०% | ९४.५६% | ९२.६८% |
| कुल खर्चमा कर्मचारी खर्च | १५.१६% | १४.४६% | १३.८८% | १०.७०% | १३.३३% |
| कुल खर्चमा कार्यालय खर्च | ९.७७% | ९.१३% | ८.७०% | ६.४२% | ६.६७% |
| शेयर सदस्यको जायजेथामा प्रतिफल | १४.०१% | १०.९१% | १२.००% | ४.५५% | ५.१७% |
| प्रतिशेयर आम्दानी | ५०.२० | ३८.६५ | ४८.२६ | १५.३७ | १८.७९ |
| शेयर लाभांश दर | १८.००% | १५.७९% | १८.००% | ४.७५% | ६.००% |

## टिप्पणी

# संस्थाको आर्थिक झलकहरू

## कोषको श्रोतहरू




## कोषको उपयोग




## बचत निक्षेप तथा ऋण लगानी सम्बन्धि चार्ट





संस्थाको २६औं बार्षिक साधारण सभाको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि पूर्वमन्त्री तथा राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष श्री केशव बडालज्यू



संस्थाको २६औं बार्षिक साधारण सभामा उपस्थित शेयर सदस्य महानुभावहरू




संस्थाको २६औं बार्षिक साधारण सभामा संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै संस्थाका अध्यक्ष श्री शिव प्रसाद सिटौला ज्यू




संस्थाको २६औं बार्षिक साधारण सभामा संस्थाको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै लेखासुपरिवेक्षण समिति संयोजक श्री साईमन महर्जनज्यू



संस्थाको २६औं बार्षिक साधारण सभामा संस्थाले प्रदान गरेको ज्येष्ठ सदस्य सम्मान २०८० बाट सम्मानित व्यक्तित्वहरूकासाथ प्रमुख अतिथि, विशेष अतिथि लगायत संस्थाका पदाधिकारीज्यूहरू




संस्थाको २६औं बार्षिक साधारण सभामा स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै संस्थाका उपाध्यक्ष श्री मुकुन्द राज पाण्डेज्यू



संस्थाको २६औं बार्षिक साधारण सभामा संस्थाले प्रदान गरेको एसईई सम्मान २०८० बाट सम्मानित व्यक्तित्वहरूकासाथ प्रमुख अतिथि, विशेष अतिथि लगायत संस्थाका पदाधिकारीज्यूहरू




संस्थाको २६औं बार्षिक साधारण सभामा आफ्नो भनाई राख्दै शेयर सदस्य महानुभाव ।



संस्थाले आयोजना गरेको प्रथम विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रममा सहभागी सदस्य महानुभावहरू ।



संस्थाले आयोजना गरेको दोश्रो विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रममा सहभागी सदस्य महानुभावहरू ।



संस्थाले आयोजना गरेको तेस्रो विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रममा सहभागी सदस्य महानुभावहरू ।



संस्थाले आयोजना गरेको चौंथो विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रममा सहभागी सदस्य महानुभावहरू ।



संस्थाको त्रैमासिक समिक्षा गोष्ठीमा सहभागी कर्मचारीहरू ।



संस्था र राष्ट्रिय मिर्गौला केन्द्रको विचमा संस्थाको सदस्यहरूलाई उपचार शुल्कमा सहुलियत प्रदान गर्ने सम्भौता कार्यक्रम



२०८१ असोज १२ र १३ गते आएको बाढीबाट पिडितहरूको लागि वितरण गरिएको राहत सामग्री नमोबुद्ध नगरपालिकाको मेयर कुन्साङ लामा मार्फत हस्तान्तरण गर्दै संस्थाका पदाधिकारीज्यूहरू ।



२०८१ असोज १२ र १३ गते आएको बाढीबाट पिडितहरूको लागि जिल्ला बचत तथा ऋण सहकारी संघ, काभ्रेको राहत कोषमा सहयोग हस्तान्तरण गर्दै संस्थाका पदाधिकारीज्यूहरू ।

# व्यवस्थापन समिति



हरि प्रसाद पाण्डे
महाप्रबन्धक



मनोज कुमार सेढाईं
सह महाप्रबन्धक



भोला प्रसाद पाण्डे
डेपुटी मेनेजर (कर्जा)



सज्जिता मैनाली
डेपुटी मेनेजर (नगद)



विकास दुलाल
डेपुटी मेनेजर (नगद)

# संस्थाका कर्मचारीहरु



नारायण बाबु कँडेल
डेपुटी मेनेजर (कर्जा)



सुसन महर्जन
डेपुटी मेनेजर (लेखा)



सरीता महर्जन
डेपुटी मेनेजर (नगद)



विनोद कुमार सेढाईं
डेपुटी मेनेजर (नगद)



शर्मिला पाण्डे
डेपुटी मेनेजर
(प्रशाशन, कानुन तथा कम्प्लायन्स)



सुशिला पाण्डे
डेपुटी मेनेजर (लेखा)



नवराज त्रिपाठी
सिनियर असिस्टेन्ट (कर्जा)



विनोद सापकोटा
सिनियर असिस्टेन्ट (कर्जा)



जानुका सेंढाईं
(प्रशाशन, कानुन तथा कम्प्लायन्स)



जनक हरी घिमिरे
सिनियर असिस्टेन्ट (मार्केटिङ्ग)



लक्ष्मण प्र. दाहाल
असिस्टेन्ट (मार्केटिङ्ग)



दिपक प्रसाद मैनाली
असिस्टेन्ट (मार्केटिङ्ग)



रवि लामा
असिस्टेन्ट (मार्केटिङ्ग)



मुरारी पाण्डे
असिस्टेन्ट (मार्केटिङ्ग)



गोपी अछामी
असिस्टेन्ट (मार्केटिङ्ग)


भुवन प्रसाद गैरे
असिस्टेन्ट (मार्केटिङ्ग)


नारायण काजी श्रेष्ठ
असिस्टेन्ट (मार्केटिङ्ग)


प्रदिप नेपाल
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


लक्ष्मी पराजुली
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


शंकर श्रेष्ठ
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


कमला पराजुली
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


टुकुमाया गाहा
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


कल्पना थापा
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


सुनिता महर्जन
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


रामकृष्ण अर्याल
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


सुनिल थपलीया
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


काशिराम घिमिरे
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


सिता पन्त
जुनियर असिस्टेन्ट (मार्केटिङ्ग)


नारायण प्रसाद गौतम
सवारी चालक


नारायण प्रसाद उप्रेती
सवारी चालक


हरि प्र. अधिकारी
कार्यालय सहयोगी


सम्मर बहादुर कार्की
कार्यालय सहयोगी

## कन्सलटेण्टस्


पवन शाही
नेटवर्क कन्सलटेण्ट


सनत कुमार सुवेदी
नेटवर्क कन्सलटेण्ट


सन्तु देउला
आईटि कन्सलटेण्ट

# मासिक नियमित अनिवार्य

# बचत खाता

आजै देखि बचत गर्ने बानी बसालौं,
समृद्ध भविष्यको सुनिश्चित गरौं ।



नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

NAWAKANTIPUR

Saving and Credit Co-operative Society Ltd.

प्रधान कार्यालय: बत्तिसपुतली, काठमाडौं, फोन: ४५९८८०१, ४५६२०५८
शाखा कार्यालय: इन्द्रचोक, काठमाडौं, फोन: ५३२३१४१, ५३४८९०६
www.nawakantipur.com.np info@nawakantipur.com.np

"सहकारीको विकाससँगै सामाजिक विकासमा समर्पित"